सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ वैशाख २०८३, सोमबार (11 May 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सरकारको नीति तथा कार्यक्रम आज

राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको संयुक्त बैठकमा अपराह्न ४ बजे वाचन गर्ने



फाइल तस्बिर

रास्वपाको चुनावी वाचापत्रअनुसारकै नीति तथा कार्यक्रम आउँदै

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम सोमबार संसद्मा पेस गर्दै छ। संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा अपराह्न ४ बजे राष्ट्रपति रामचन्द्र पौडेलले सरकारी नीति वाचन गर्नेछन्।

राष्ट्रपतिको सम्बोधन र नीति तथा कार्यक्रमअघि दिउँसो २ बजे दुवै सदनको छट्टाछुट्टै बैठक बोलाइएको छ। आजैदेखि संघीय संसद्को बजेट अधिवेशन पनि सुरु हुँदै छ।

प्रतिनिधिसभा नियमावलीको परिच्छेद ७ मा राष्ट्रपतिबाट सम्बोधन र नीति तथा कार्यक्रमसम्बन्धी व्यवस्था छ। बजेट अधिवेशनमा राष्ट्रपतिको सम्बोधनमा सरकारको नीति तथा कार्यक्रम उल्लेख गरेर दुवै सदनको संयुक्त बैठकमा वाचन गराइन्छ। राष्ट्रपतिले वाचन गरिसकेपछि नीति तथा कार्यक्रम प्रधानमन्त्रीले प्रतिनिधिसभा र राष्ट्रिय सभामा टेबुल गर्ने व्यवस्था छ।

राष्ट्रपतिको सम्बोधनका लागि संसद् सचिवालयले आवश्यक तयारी गरिसकेको प्रवक्ता एकराम गिरीले बताए। 'राष्ट्रपतिज्यूको सम्बोधनको व्यवस्थापकीय कार्य, अतिथि आमन्त्रणलगायत सम्पूर्ण तयारी पूरा भइसकेको छ,' उनले भने।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले रास्वपाको वाचापत्रअनुसारै नीति तथा कार्यक्रम निर्माण भएको बताए। 'हाम्रो पार्टीको वाचापत्रअनुसारै आगामी नीति तथा कार्यक्रम र बजेट आउँछ,' उनले भने।

संसद् सचिवालयले जारी गरेको

» पृष्ठ ७ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारको कार्यशैलीको प्रतिवाद गर्ने तयारीमा विपक्षी दलहरू



● **भीष्मराज आङ्देम्बे**
दलका नेता, कांग्रेस
एकसरो छलफल गरिसकेका छौं, अझै छलफल गर्दै छौं, मिलेरै विरोध गर्छौं।



● **गुरु बराल**, सांसद, एमाले
संसद्को कारबाही आरम्भ भएपछि सरकारको कार्यशैलीको संयुक्त रूपमा सशक्त प्रतिवाद गर्छौं।



● **युवराज दुलाल**, सचेतक, नेकपा
संसद् छलेर ल्याइएको अध्यादेश, सुकुमवासीलाई बिचल्ली पार्ने सरकारको काम र संसद् नियमावली संशोधनबारे विपक्षी सबै दलको एउटै धारणा बनिसकेको छ।



● **आरेन राई**
प्रमुख सचेतक, श्रम संस्कृति
विशेष समय नदिने भनिएको रहेछ, तर सभामुखलाई भेटेर समय माग्छौं, दिइएन भने पनि द्यापद्यापे समयमै राज्यले सुकुमवासीमाथि गरेको दमन, अध्यादेशलगायत विषयमा प्रतिकार गर्छौं।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

संसद्को बर्खे अधिवेशनको सुरुवातमै विपक्षी दलहरू सरकारको कार्यशैलीविरुद्ध संयुक्त प्रतिवाद गर्ने तयारी गरेका छन्। सोमबारबाट सुरु हुने बर्खे अधिवेशनको पहिलो दिन नै संवैधानिक परिषद्लगायत सरकारले ल्याएका अध्यादेश, सुकुमवासीको व्यवस्थापन, संसद् नियमावली परिवर्तनलगायत विषयलाई लिएर सरकारको प्रतिवाद गर्ने उनीहरूको निष्कर्षमा छ।

संयुक्त प्रतिवादका विषयमा कांग्रेस, एमाले र नेकपाका नेताहरू निरन्तर छलफलमा छन्। उनीहरूले अन्य दलका नेतासँग पनि संवाद र छलफल गर्दै आएका छन्। विपक्षी दलहरूले राष्ट्रपतिको सम्बोधनलगत्तै संयुक्त प्रतिवादको योजना बनाएका छन्। नीति तथा कार्यक्रम र बजेट

» पृष्ठ ७ मा क्रमशः

देउवादम्पती 'भूमिगत'

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २५ चैतमा पक्राउ पुर्जी जारी गरेपछि हडकडबाट विज्ञप्ति निकालेर आफ्नो सम्पत्तिसम्बन्धी गरिएको प्रचार झुटो भएको बताएका देउवा त्यसयता सम्पर्कविहीन

सिंगापुरबाट चैत पहिलो साता हडकङ पुगेका देउवादम्पती त्यहाँबाट नबाहिरिएको प्रहरीको सूचना

टेकराज थामी/नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी पूर्वमन्त्री आरजु राणा एक महिनादेखि सम्पर्कविहीन छन्। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २५ चैतमा पक्राउ पुर्जी जारी गरेलगत्तै उनीहरू सम्पर्कविहीन बनेका हुन्। यद्यपि, उनीहरूलाई इन्टरपोलको सहयोगमा भए पनि स्वदेश फिकाउन प्रहरीले पहल गरिरहेको छ।

देउवा शक्तिमा हुँदा आरजुको सधैं रजगज
भुटानी शरणार्थी प्रकरणदेखि प्रहरीको सरुवा-बढुवा र ठुला ठेक्कासम्ममा विवादित

पक्राउ पुर्जी जारी गर्नुअघि नै हडकङ गएका उनीहरूविरुद्ध विभागले प्रहरीमार्फत रेड नोटिस जारी गर्न दुईपटक पत्राचार गरिसकेको छ।

प्रहरीको सूचनामा देउवादम्पती हडकङमै छन्। 'उहाँहरू (देउवादम्पती) अहिले पनि हडकङमै रहेको सूचना प्राप्त भएको छ। ठ्याक्कै लोकेसनचाहिँ ट्र्याक हुन सकेको छैन। हामीले विभिन्न स्रोत परिचालन गरेका छौं। हडकङ गएदेखि उहाँहरू बाहिरिएको रेकर्ड प्राप्त नभएको सूचना त्यहाँको सरकारी संयन्त्रले दिएको छ,' ती प्रहरी अधिकारीले भने, 'त्यसैले उहाँहरू हडकङमै रहेको हाम्रो निष्कर्ष छ।'

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले देउवा र राणाको सम्पत्तिका सम्बन्धमा छानबिन गरिरहेको छ। जेन-जी आन्दोलनका क्रममा २४ भदौमा उनीहरूको बुढानीलकण्ठस्थित निवासबाट प्रदर्शनकारीले पैसा फेला पारेको भिडियो सार्वजनिक गरेका थिए। निवाससँगै पैसा जलेको भिडियो पनि सार्वजनिक भएको थियो। देउवाले उक्त भिडियो 'फेक' भएको

» पृष्ठ ७ मा क्रमशः



छोराबुहारीसहित देउवादम्पती हडकडमा घुमिरहेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो

देउवादम्पतीलाई फिकाउन दोस्रोपटक इन्टरपोललाई पत्राचार

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले देउवादम्पतीको सम्पत्तिका सम्बन्धमा छानबिन गरिरहेको छ। जेन-जी आन्दोलनका क्रममा उनीहरूको घरमा भेटिएको पैसा र त्यससम्बन्धी सार्वजनिक भिडियो 'फेक' नभएको निष्कर्षपछि विभागले काठमाडौं जिल्ला अदालतसँग देउवादम्पतीविरुद्ध पक्राउ अनुमति माग गरेको थियो। अदालतले त्यही वेला उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। हडकडमा रहेको सूचना आएपछि विभागले 'रेड नोटिस' जारी गर्नका लागि प्रक्रिया मिलाउन नेपाल प्रहरीलाई पत्राचार गऱ्यो। त्यसकै आधारमा प्रहरीले देउवादम्पतीविरुद्ध 'रेड नोटिस' जारी गर्न अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल)लाई पत्र लेखेको थियो। तर, कागजात नपुगेको भन्दै इन्टरपोलले नोटिस जारी गर्न अस्वीकार गरेको थियो। माग भएबमोजिमको कागजात मिलाएर प्रहरीले दोस्रोपटक 'रेड नोटिस' जारी गर्न इन्टरपोललाई पत्राचार गरेको छ। नेपाल प्रहरीका उच्च अधिकारीले देउवादम्पतीविरुद्ध रेड नोटिस जारी गर्न इन्टरपोललाई पुनः पत्राचार गरिएको बताएका छन्।

जेन-जी आन्दोलनयता देउवाको टाइमलाइन

२४ भदौ | जेन-जी आन्दोलनका क्रममा बुढानीलकण्ठस्थित देउवानिवास तोडफोड र आगजनी। देउवादम्पतीमाथि कुटपिट। सेनाद्वारा उद्धार। उपचारका लागि छाउनीस्थित सैनिक अस्पताल भर्ना।

९ असोज | अस्पतालबाट डिस्चार्ज। आरजुको झम्सिखेलस्थित माइतीमा बसोबास।
(पछि महाराजगन्जस्थित भाडाको घरमा सरे)

२८ असोज | जेन-जी आन्दोलनपछि पहिलोपटक देउवा केन्द्रीय कार्यसमिति बैठकका लागि सानेपास्थित पार्टी कार्यालयमा। त्यही बैठकमा उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी हस्तान्तरण।

११ कात्तिक | पत्नी आरजुसहित थप उपचारका लागि सिंगापुर प्रस्थान।

२८ कात्तिक | उपचारपछि देउवादम्पती स्वदेश फिर्ता।

२७-३० पुस | गगन-विश्व समूहको पहलमा विशेष महाधिवेशन, गगन सभापतिमा निर्वाचित।

२ माघ | निर्वाचन आयोगद्वारा विशेष महाधिवेशन र त्यसबाट चयन नेतृत्वलाई मान्यता।

३ माघ | विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापासँग महाराजगन्जमा देउवाको छलफल।

४ माघ | निर्वाचन आयोगको निर्णयविरुद्ध देउवा र उनको कार्यकालका उपसभापति पूर्णबहादुर खड्काद्वारा सर्वोच्चमा रिट।

५ माघ | निर्वाचनमा टिकट निश्चित नभएपछि चुनाव नलड्ने घोषणा, कांग्रेसले नैनसिंह महरलाई टिकट दिएपछि न पार्टी, न उम्मेदवार कसैको प्रचारमा हिँडेनन्।

१३ फागुन | चुनावको मुखमै भोट नहाली देउवा उपचारका लागि पुनः सिंगापुर प्रस्थान, त्यसअघि नै भारत गएकी आरजु त्यतैबाट सिंगापुरतर्फ।

७ चैत | देउवादम्पती सिंगापुरबाट हडकङ प्रस्थान।

२५ चैत | देउवा र आरजुविरुद्ध पक्राउ पुर्जी जारी। हडकङबाटै प्रतिरोध गर्दै विज्ञप्ति जारी। तर, त्यसयता सम्पर्कविहीन।

■ लुम्बिनीको मायादेवी मन्दिर दर्शनार्थीलाई शुल्कवृद्धि



भैरहवामा **दीपेश पछाई**

लुम्बिनी विकास कोषले मायादेवी मन्दिर दर्शन गर्न आउने भारतीय र तेस्रो मुलुकका दर्शनार्थीका लागि शुल्क वृद्धि गरेको छ। भारतीय नागरिकको हकमा १० रुपैयाँ बढाएर ५० रुपैयाँ पुऱ्याएको छ। यसअघि चार सय रुपैयाँ तिर्दै आएका सार्क मुलुकका पर्यटकहरूका लागि अब सात सय रुपैयाँ तोकिएको छ। त्यस्तै, तेस्रो मुलुकका पर्यटकको हकमा यसअघि सात सय रहेको शुल्कलाई हजार पुऱ्याइएको कोषले जनाएको छ। लुम्बिनीमा राहदानीवाहक तेस्रो मुलुकमा एक लाखभन्दा बढी पर्यटकले वार्षिक भ्रमण गर्ने तथ्यांक छ। प्रतिपर्यटक तीन सय वृद्धि हुँदा तीन करोड रुपैयाँ थप शुल्क संकलन हुने कोषले जनाएको छ। भारतीय पर्यटक तीन लाखभन्दा बढीले अवलोकन गर्ने गर्छन्। शुल्क वृद्धि गरेपछि उनीहरूबाट कोषले करिब ४८ लाख अतिरिक्त रकम संकलन गर्ने लक्ष्य राखेको छ।

■ रास्वपा सांसदहरूको प्रशिक्षणमा रवि लामिछाने

संविधानअनुसार नै प्रधानन्यायाधीश सिफारिस, विधि बाहिर गएका छैनौं



६ जनाको साटो संविधानमा वरिष्ठतम जो हुनुहुन्छ, उहाँलाई नै चुन्नुपर्नेछ भनेको भए संवैधानिक परिषद्को बैठकको पनि आवश्यकता पर्दैनथ्यो। सोझै वरिष्ठतमको नियुक्ति हुने व्यवस्था हुन्थ्यो होला।

प्रधानमन्त्रीले संवैधानिक परिषद् बैठकमा सिफारिस नाममध्येबाट एकजना चयन हुन्छ भनेर बनाइएको विधि गलत हो भने संविधान संशोधनको बहस चलेको छ, गरौं बहस।

अव्यवस्थित रूपमा खोलाको छेउमा असुरक्षित ढंगले बस्नुभएका र हाकाहाकी सोझै गैरकानुनी रूपमा हुडपिएको अवस्थामा कदम चालिएको हो। त्यसबाहेकका कसैले पनि आत्तिनुपर्दैन। त्यसका लागि छाती थाप्छु भनेको हो, छाती थापिएकै छ नि अहिले पनि। सबैलाई लालपुर्जा दिन्छौं।

(विस्तृत पृष्ठ ३)

एसइईको नतिजा भोलि प्रकाशन गर्ने तयारी



● **राष्ट्रिय परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले भने–**



प्राविधिक रूपमा सबै तयारी भइसकेको छ। शिक्षा मन्त्रालय, सचिवज्यू र बोर्डको बैठक बसेर नतिजा प्रकाशन गर्ने हो, सम्भवतः मंगलबार नतिजा प्रकाशन हुन्छ। यसपटक परीक्षा केन्द्रमै कापी परीक्षण गरिएका कारण नतिजा प्रकाशन पनि छिटो हुने अवस्था बनेको हो, अन्य वर्षहरूमा कापी परीक्षणमा मात्रै एक महिना लाग्थ्यो।

नयाँ पत्रिका

माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा मंगलबार प्रकाशन गर्ने तयारी छ। राष्ट्रिय परीक्षा बोर्डले नतिजा प्रकाशनका लागि सबै प्राविधिक तयारी भइसकेको जनाएको छ।

» पृष्ठ ७ मा क्रमशः

श्रीमान्–श्रीमती छुटेर बस्दा गर्भनिरोधक साधनको प्रयोग कम हुँदै

एक वर्षमा सरकारले वितरण गऱ्यो दुई करोड ६६ लाखवटा कन्डम

शिवहरि घिमिरे/नयाँ पत्रिका

वितरण सही नहुँदा र बसाइँसराइका कारण नेपालमा गर्भनिरोधक साधनको प्रयोग निकै कम देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अध्ययनअनुसार हाल नेपालमा ४३ प्रतिशत दम्पतीले मात्रै प्रयोग गर्छन्।

स्वास्थ्य मन्त्रालयले ०८१ मा गरेको अध्ययन र नेसनल डेमोग्राफिक सर्भे २०२२ मा कन्डम, पिल्स, डिपो, आइसिडी र इम्प्लान्टजस्ता निःशुल्क उपलब्ध गराउनुपर्ने गर्भनिरोधक साधनमध्ये ३२ जिल्लाका अधिकांश स्वास्थ्यचौकीमा नभएको पाइएको थियो। अहिले पनि ती साधन स्वास्थ्य संस्थामा अपुग हुने गरेको परिवार योजना शाखा प्रमुख शर्मिला दाहालले बताइन्।

सरकारले पाँच किसिमका गर्भनिरोधक साधन आर्फै किनेर पठाउनुपर्छ। तर, कतिपय जिल्लामा भने सबै प्रकारका साधन पुग्न नसकेको अध्ययनले देखाएको छ। हाल गर्भनिरोधक साधन प्रयोग गर्नुपर्ने उमेरका अधिकांश विदेश पलायन भएपछि गर्भनिरोधक साधनको समेत प्रयोग कम हुन थालेको विज्ञहरू बताउँछन्। 'गर्भनिरोधकका साधनको प्रयोग जसले गर्नुपर्ने थियो उनीहरू विदेशमा छन्। जोडी छुट्टिएपछि यस्ता

» पृष्ठ ७ मा क्रमशः

कुन साधनको प्रयोगकर्ता कति ?



०८१/८२		०८२/८३
२ करोड ६६ लाख २८ हजार ८६१ प्रतिगोटा	कन्डम	२ करोड २६ लाख ७७१ प्रतिगोटा
११ लाख पाँच हजार ५०९	बन्ध्याकरण	११ लाख २४ हजार ५०९
१ लाख ६४ हजार ६४०	पिल्स	१ लाख ४१ हजार
३ लाख १७ हजार ३३१	डिपो	-
१ लाख १५ हजार ५७८	आइयुसिडी	१ लाख १६ हजार ३११
५ लाख ३६ हजार १९३	इम्प्लान्ट	५ लाख ७ हजार ४७९
४० हजार ८३१	सायना प्रेस	३१ हजार ४९०

● **शर्मिला दाहाल**, प्रमुख,
स्वास्थ्य सेवा विभाग परिवार योजना शाखा



परिवार योजनाका गर्भनिरोधक साधनको प्रयोग घटेको छ, यसको कारण बसाइँसराइ, साधनको वितरण सही नहुनु र थाहा नभएर हुन सक्छ। कुन साधनको कस्तो प्रभावकारिता छ भन्ने सही तथ्यांक हामीसँग पनि छैन। कतिपय साधनको म्याद गुज्रिएर खेर जाने अवस्थामा पनि छ, अर्कातर्फ परिवार योजना र कल्याणमा बजेट निकै कम छ।

● **डा. खेम कार्की**
यौन तथा प्रजनन स्वास्थ्यविज्ञ



गर्भनिरोधकका साधनको प्रयोग जसले गर्नुपर्ने थियो उनीहरू विदेशमा छन्। जोडी छुट्टिएपछि यस्ता साधनको प्रयोगमा समेत कमी आएको छ। हाल नेपालबाट करिब ४० लाख युवा विदेशमा छन्, त्यसमध्ये अधिकांश जोडी छुटेर बसेका छन्, यसकारण पनि गर्भनिरोधक साधनको कम प्रयोग भएको देखिन्छ।

रणनीतिक राज्यकला बन्नुपर्छ 'नेपाल फर्स्ट' नीति



अग्रलेख

● बिनोज बस्न्यात

अबका दिनमा शक्तिसन्तुलनबिच मात्र चल्ने राज्यबाट आफ्नै आर्थिक र रणनीतिक भविष्य निर्माण गर्ने राज्यतर्फ रूपान्तरण सम्भव छ

(पृष्ठ ४)

सरकार बजेट निर्माणमा केन्द्रित बन्यो

आगामी बजेटबारे छलफल र सुझाव संकलन गर्न प्रधानमन्त्री बालेन्द्र शाह केन्द्रित भएका छन् भने अर्थमन्त्री डा. स्वर्णिम वाग्ले स्रोत व्यवस्थापनमा सक्रिय

(विस्तृत पृष्ठ ६)

Nepal Automobile Importers and Manufacturers Association (NAIMA)

Empowering Growth Through Mobility

Address: SAN Complex- 1st Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact Number: +977-1-4534079 | E-mail: info@naimanepal.org | www.naimanepal.org

सवारी तथा ढुवानी साधन आयात गर्ने कम्पनीहरूको अधिकतम खुद्रा मूल्य (MRP) सूची
MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name: **CIMEX INC. PVT. LTD.**
Address: Narayanchaur, Kathmandu | Contact Number: 015970733
EXIM Code: 6042390310154 NP | VAT No: 604239031

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Hatchback	EV-Hatchback	BYD	BYD ATTO 1 (Dynamic)	45kW	China	1	2,975,000	**2,975,000**
2	Hatchback	EV-Hatchback	BYD	BYD ATTO 1 (Premium)	45kW	China	1	3,380,000	**3,380,000**
3	Hatchback	EV-Hatchback	BYD	BYD Dolphin	70kW	China	1	41,15,000	**41,15,000**
4	SUV	EV-SUV	BYD	BYD ATTO 2	100kW	China	1	4,595,000	**4,595,000**
5	SUV	EV-SUV	BYD	BYD ATTO 3 2024 Version(Advance)	100kW	China	1	5,999,000	**5,999,000**
6	SUV	EV-SUV	BYD	BYD ATTO 3 2024 Version (Superior)	100kW	China	1	67,80,000	**67,80,000**
7	SUV	EV-SUV	BYD	BYD Sealion 7	100kW	China	1	7,985,000	**7,985,000**
8	Sedan	EV-Sedan	BYD	BYD Seal (Dynamic)	150kW	China	1	1,10,00,000	**1,10,00,000**
9	Sedan	EV-Sedan	BYD	BYD Seal (Premium)	230kW	China	1	1,45,50,000	**1,45,50,000**
10	Sedan	EV-Sedan	BYD	BYD Seal (Performance)	390kW	China	1	1,95,00,000	**1,95,00,000**
11	MPV	EV-MPV	BYD	BYD M6	100kW	China	1	5,890,000	**5,890,000**

Distributor's Name: **AGNI ENERGY PVT. LTD.**
Address: Panipokhari, Kathmandu | Contact Number: 01-4410373
EXIM Code: 6004884000107NP | VAT No: 600488400

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	BE 6 ONE ABOVE B59 E	EV	MAHINDRA	BE 6 ONE ABOVE B59 E	99KW	INDIA	1	5,700,000.00	**5,700,000.00**
2	BE 6 TWO B59 E	EV	MAHINDRA	BE 6 TWO B59 E	99KW	INDIA	1	6,100,000.00	**6,100,000.00**
3	BE 6 THREE SELECT B59 E	EV	MAHINDRA	BE 6 THREE SELECT B59 E	99KW	INDIA	1	6,800,000.00	**6,800,000.00**
4	XEV 9e TWO B59 E	EV	MAHINDRA	XEV 9e TWO B59 E	99KW	INDIA	1	6,900,000.00	**6,900,000.00**
5	XEV 9e THREE SELECT B59 E	EV	MAHINDRA	XEV 9e THREE SELECT B59 E	99KW	INDIA	1	7,725,000.00	**7,725,000.00**
6	XEV 9e THREE B79 E	EV	MAHINDRA	XEV 9e THREE B79 E	199KW	INDIA	1	9,500,000.00	**9,500,000.00**
7	MAHINDRA ELETRIC TREO PLUS SOFT TOP SM	3 WHEELER AUTO	MAHINDRA	ELETRIC TREO PLUS SOFT TOP SM	8KW	INDIA	1	940,000.00	**940,000.00**

Distributor's Name: **AGNI INCORPORATED PVT. LTD.**
Address: Panipokhari, Kathmandu | Contact Number: 01-4006711
EXIM Code: 3000455720112NP | VAT No: 300045572

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
	SINGLE CAB								
1	MAHINDRA BOLERO CAMPER SC XL FB PS 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC XL FB PS 2WD BSVI	2523	INDIA	1	2745000	**2745000**
2	MAHINDRA BOLERO CAMPER SC 4WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC 4WD BSVI	2523	INDIA	1	2965000	**2965000**
3	MAHINDRA BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	2523	INDIA	1	2995000	**2995000**
4	MAHINDRA BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	2523	INDIA	1	3295000	**3295000**
	DOUBLE CAB								
5	MAHINDRA BOLERO CAMPER DC PS 2WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 2WD BSVI	2523	INDIA	1	3325000	**3325000**
6	MAHINDRA BOLERO CAMPER DC PS 4WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 4WD BSVI	2523	INDIA	1	3585000	**3585000**
7	MAHINDRA SCORPIO PIKUP DC 4WD S6 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S6 EVI	2.2 Ltr	INDIA	1	5400000	**5400000**
8	MAHINDRA SCORPIO PIKUP DC 4WD S10 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S10 EVI	2.2 Ltr	INDIA	1	5735000	**5735000**
	SUV TYPE VEHICLE								
9	MAHINDRA BOLERO NEO N8 MT 2WD BSVI 7STR	SUV	MAHINDRA	BOLERO NEO N8 MT 2WD BSVI 7STR	1493	INDIA	1	5300000	**5300000**
10	MAHINDRA SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	SUV	MAHINDRA	SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	2.2 Ltr	INDIA	1	6600000	**6600000**
11	MAHINDRA SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	2.2 Ltr	INDIA	1	8250000	**8250000**
12	MAHINDRA SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	9300000	**9300000**
13	MAHINDRA SCORPIO N DIESEL Z8 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	11550000	**11550000**
14	MAHINDRA SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	11800000	**11800000**
15	MAHINDRA SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	2.2Ltr	INDIA	1	12900000	**12900000**
16	MAHINDRA XUV300 W6 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV300 W6 PM MT 2WD BSVI 5STR	1197	INDIA	1	4995000	**4995000**
17	MAHINDRA XUV300 W8 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV300 W8 PM MT 2WD BSVI 5STR	1197	INDIA	1	5750000	**5750000**
18	MAHINDRA XUV3XO MX2 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	4800000	**4800000**
19	MAHINDRA XUV3XO MX2 PM AT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM AT 2WD BSVI 5STR	1198	INDIA	1	5500000	**5500000**
20	MAHINDRA XUV3XO MX3 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX3 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	5075000	**5075000**
21	MAHINDRA XUV3XO AX5 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO AX5 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	5765000	**5765000**
22	MAHINDRA XUV700 AX5 MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX5 MT PET FWD BSVI 7STR	1997	INDIA	1	8775000	**8775000**
23	MAHINDRA XUV700 AX7L MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L MT PET FWD BSVI 7STR	1997	INDIA	1	10500000	**10500000**
24	MAHINDRA XUV700 AX7L AT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L AT PET FWD BSVI 7STR	1997	INDIA	1	11300000	**11300000**
25	MAHINDRA XUV400 EL (O) 5STR	EV	MAHINDRA	XUV400 EL (O) 5 STR	110 KW	INDIA	1	5250000	**5250000**

Distributor's Name: **G.O. AUTOMOBILES PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5344254
EXLM Code: 3025977090140NP | VAT No: 302597709

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Next-Gen Ranger 2.0L XLT (A/T)	Pick-Up	Ford	Next-Gen Ranger	1996cc	Thailand	1	13,990,000	**13,990,000**
2	Next-Gen Ranger 2.0L WILDTRAK (A/T)	Pick-Up	Ford	Next-Gen Ranger	1996cc	Thailand	1	16,490,000	**16,490,000**
3	Next-Gen Ranger Raptor 3.0L GTDi 10 SPD AT	Pick-Up	Ford	Ranger Raptor	2956cc	Thailand	1	25,000,000	**25,000,000**
4	Next-Gen Everest Titanium 2.0L (A/T) 4X4	SUV	Ford	Ford Everest	1996cc	Thailand	1	27,000,000	**27,000,000**

Distributor's Name: **HIMALAYA MOTROX PVT. LTD.**
Address: Pokhara, Nepal | Contact Number: 9802803121
EXIM Code: 6096299290157NP | VAT No: 609629929

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	PASSENGER VEHICLE	PICKUP	MAXUS	eTerron 9 Luxury	102 kwh	China	1	1,10,00,000	**1,10,00,000**
2	PASSENGER VEHICLE	PICKUP	MAXUS	eTerron 9 Premium	102 kwh	China	1	1,18,00,000	**1,18,00,000**
3	PASSENGER VEHICLE	MPV	MAXUS	Mifa 7	90 kwh	China	1	1,24,99,000	**1,24,99,000**

Distributor's Name: **VAIDYA ENERGY PVT. LTD.**
Address: VOITH Complex, Dhumbarahi, Kathmandu | Contact Number: 4008801-5
EXIM Code: 6068467010148NP | VAT No: 606846701

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Electric Scooter	Scooter	ATHER	450X HR	Peak Motor Power 6.4 kW, Max Torque 26 Nm, Battery 3.7 kWh	INDIA	1	3,99,999	**3,99,999**
2	Electric Scooter	Scooter	ATHER	450X LR	Peak Motor Power 6.4 kW, Max Torque 26 Nm, Battery 2.9 kWh	INDIA	1	3,64,999	**3,64,999**
3	Electric Scooter	Scooter	ATHER	450S	Peak Motor Power 5.4 kW, Max Torque 22 Nm, Battery 2.9 kWh	INDIA	1	3,24,999	**3,24,999**
4	Electric Scooter	Scooter	ATHER	Rizta Z	Peak Motor Power 4.3 kW, Max Torque 22 Nm, Battery 3.7 kWh	INDIA	1	3,83,500	**3,83,500**
5	Electric Scooter	Scooter	ATHER	Rizta S	Peak Motor Power 4.3 kW, Max Torque 22 Nm, Battery 2.7 kWh	INDIA	1	2,94,000	**2,94,000**

Distributor's Name: **HANSRAJ HULASCHAND & CO PVT. LTD.**
Address: Teku Road, Kathmandu | Contact Number: 5330001/5368088
EXIM Code: 3000370960136NP | VAT No: 300037096

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	BAJAJ - Platina 100 ES	Bike	BAJAJ	Platina 100 ES	99.59	NEPAL	1	218,900	**218,900**
2	BAJAJ - Pulsar 125 Disc	Bike	BAJAJ	Pulsar 125 Disc	124.38	NEPAL	1	298,900	**298,900**
3	BAJAJ - Pulsar 150 SD BS6	Bike	BAJAJ	Pulsar 150 SD	149.5	NEPAL	1	361,900	**361,900**
4	BAJAJ - Pulsar 150 TD BS6	Bike	BAJAJ	Pulsar 150 TD	149.5	NEPAL	1	373,900	**373,900**
5	BAJAJ - Pulsar NS 125 ABS FI BS6	Bike	BAJAJ	Pulsar NS 125 ABS FI BS6	124.45	NEPAL	1	335,900	**335,900**
6	BAJAJ - Pulsar N 125 FI BS6	Bike	BAJAJ	Pulsar N 125 FI BS6	124.59	NEPAL	1	312,900	**312,900**
7	BAJAJ - Pulsar N 150 FI BS6	Bike	BAJAJ	Pulsar N150 FI BS6	149.68	NEPAL	1	385,900	**385,900**
8	BAJAJ - Pulsar N160 FI DC ABS BS6-UG2	Bike	BAJAJ	Pulsar N160 FI DC ABS BS6-UG2	164.82	NEPAL	1	428,900	**428,900**
9	BAJAJ - Pulsar 220 F ABS FI BS6	Bike	BAJAJ	Pulsar 220 F ABS FI BS6	220	NEPAL	1	447,900	**447,900**
10	BAJAJ - Pulsar 200 NS FI DC ABS BS6	Bike	BAJAJ	Pulsar 200 NS FI DC ABS BS6	199.5	NEPAL	1	460,900	**460,900**
11	BAJAJ - Pulsar 250 N FI Dual ABS BS6 (NEW)	Bike	BAJAJ	Pulsar 250 N FI Dual ABS BS6 (NEW)	249.07	NEPAL	1	510,900	**510,900**
12	BAJAJ - Avenger 160 Street ABS	Bike	BAJAJ	Avenger 160 Street ABS	160.37	NEPAL	1	389,900	**389,900**
13	BAJAJ - Avenger 220 Cruise	Bike	BAJAJ	Avenger 220 Cruise	220	NEPAL	1	432,900	**432,900**
14	BAJAJ-Pulsar 400 NS Z FI BS6	Bike	BAJAJ	Pulsar 400 NS Z BS6	373.27	NEPAL	1	576,900	**576,900**
15	BAJAJ - Dominar 400 ABS FI BS6	Bike	BAJAJ	Dominar 400 FI ABS BS6	373.27	NEPAL	1	642,900	**642,900**
18	BAJAJ - Maxima C Petrol	3-Wheeler Cargo	BAJAJ	Maxima C Petrol	236.2	INDIA	1	714,900	**714,900**
19	BAJAJ - RE 4S Petrol BS6	3-Wheeler	BAJAJ	RE 4S Petrol BS6	236.2	NEPAL	1	624,900	**624,900**
20	BAJAJ-WEGO	3-Wheeler EV	BAJAJ	BAJAJ-WEGO	8.9 kWh	INDIA	1	799,900	**799,900**
21	Chetak 3501	2-Wheeler	CHETAK	Chetak 3501	4.2KW (Peak Power)	INDIA	1	349,900	**349,900**
22	Triumph Speed 400	Bike	Triumph	Speed 400	398.15cc	INDIA	1	669,900	**669,900**
23	Triumph Scrambler 400X	Bike	Triumph	Scrambler 400X	398.15cc	INDIA	1	724,900	**724,900**
24	Triumph Scrambler 400XC	Bike	Triumph	Scrambler 400XC	398.15cc	INDIA	1	799,900	**799,900**
25	KTM 200 Duke	Bike	KTM	200 Duke	199.5cc	INDIA	1	6,24,900	**6,24,900**
26	KTM 250 Duke	Bike	KTM	250 Duke	249.07cc	INDIA	1	7,49,900	**7,49,900**
27	KTM 390 Duke	Bike	KTM	390 Duke	398.63cc	INDIA	1	9,79,900	**9,79,900**
28	KTM 250 Adventure	Bike	KTM	250 Adventure	249.07cc	INDIA	1	7,79,900	**7,79,900**
29	KTM 390 Adventure R	Bike	KTM	390 Adventure R	398.63cc	INDIA	1	10,99,900	**10,99,900**
30	KTM 390 Enduro R	Bike	KTM	390 Enduro R	398.7 cc	INDIA	1	10,24,900	**10,24,900**

Distributor's Name: **SYAKAR TRADING COMPANY PVT. LTD.**
Address: Jyoti Bhawan- Jamal | Contact Number: 015357488
EXIM Code: 6002305950152 NP | VAT No: 600230595

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	DIO STD BS6	Scooter	HONDA	DIO STD BS6	110	NEPAL	1	2,59,900	**2,59,900**
2	DIO DLX BS6	Scooter	HONDA	DIO DLX BS6	110	NEPAL	1	2,79,900	**2,79,900**
3	DIO 125 STD	Scooter	HONDA	DIO 125 STD	125	NEPAL	1	3,09,900	**3,09,900**
4	DIO 125 DLX Smart	Scooter	HONDA	DIO 125 DLX Smart	125	NEPAL	1	3,29,900	**3,29,900**
5	SP 125 DRS BS6	Motorcycle	HONDA	SP 125 DRS BS6	125	INDIA	1	3,03,900	**3,03,900**
6	SP 125 DSS BS6	Motorcycle	HONDA	SP 125 DSS BS6	125	INDIA	1	3,13,900	**3,13,900**
7	Shine 125 DRS BS6	Motorcycle	HONDA	Shine 125 DRS BS6	125	INDIA	1	2,82,900	**2,82,900**
8	Shine 125 DSS BS6	Motorcycle	HONDA	Shine 125 DSS BS6	125	INDIA	1	2,99,900	**2,99,900**
12	CRF 300 L	Motorcycle	HONDA	CRF 300 L	300	THAILAND	1	20,75,000	**20,75,000**
13	CRF 300 Rally	Motorcycle	HONDA	CRF 300 Rally	300	THAILAND	1	23,50,000	**23,50,000**
14	CBR 250R	Motorcycle	HONDA	CBR 250R	250	INDIA	1	6,79,900	**6,79,900**

Distributor's Name: **SYAKAR TRADING COMPANY PVT. LTD.**
Address: Jyoti Bhawan, Jamal | Contact Number: 01-5357488
EXIM Code: 6002305950152NP | VAT No: 600230595

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	AMAZE SMT	CAR	HONDA	AMAZE SMT	1.2	INDIA	1	4,679,000	**4,679,000**
2	AMAZE VX MT	CAR	HONDA	AMAZE VX MT	1.2	INDIA	1	5,322,000	**5,322,000**
3	AMAZE S CVT	CAR	HONDA	AMAZE S CVT	1.2	INDIA	1	5,154,000	**5,154,000**
4	AMAZE VX CVT	CAR	HONDA	AMAZE VX CVT	1.2	INDIA	1	5,775,000	**5,775,000**
5	AMAZE VMT	CAR	HONDA	AMAZE VMT	1.2	INDIA	1	4,715,000	**4,715,000**
6	AMAZE ZX MT	CAR	HONDA	AMAZE ZX MT	1.2	INDIA	1	5,653,000	**5,653,000**
7	AMAZE V CVT	CAR	HONDA	AMAZE V CVT	1.2	INDIA	1	5,377,000	**5,377,000**
8	AMAZE ZX CVT	CAR	HONDA	AMAZE ZX CVT	1.2	INDIA	1	6,315,000	**6,315,000**
9	CITY 5TH GEN SVMT	CAR	HONDA	CITY 5TH GEN SVMT	1.5	INDIA	1	6,320,000	**6,320,000**
10	CITY 5TH GEN VMT	CAR	HONDA	CITY 5TH GEN VMT	1.5	INDIA	1	6,810,000	**6,810,000**
11	CITY 5TH GEN VX MT	CAR	HONDA	CITY 5TH GEN VX MT	1.5	INDIA	1	7,176,000	**7,176,000**
12	CITY 5TH GEN ZX MT	CAR	HONDA	CITY 5TH GEN ZX MT	1.5	INDIA	1	7,810,000	**7,810,000**
13	CITY 5TH GEN V CVT	CAR	HONDA	CITY 5TH GEN V CVT	1.5	INDIA	1	7,360,000	**7,360,000**
14	CITY 5TH GEN SPORTS	CAR	HONDA	CITY 5TH GEN SPORTS	1.5	INDIA	1	7,500,000	**7,500,000**
15	CITY 5TH GEN VX CVT	CAR	HONDA	CITY 5TH GEN VX CVT	1.5	INDIA	1	7,791,000	**7,791,000**
16	CITY 5TH GEN ZX CVT	CAR	HONDA	CITY 5TH GEN ZX CVT	1.5	INDIA	1	8,376,000	**8,376,000**
17	CITY E-HEV V-CVT	CAR	HONDA	CITY E-HEV V-CVT	1.5	INDIA	1	9,040,000	**9,040,000**
18	CITY E-HEV ZX-CVT	CAR	HONDA	CITY E-HEV ZX-CVT	1.5	INDIA	1	10,300,000	**10,300,000**
19	ELEVATE SVMT	CAR	HONDA	ELEVATE SVMT	1.5	INDIA	1	6,254,000	**6,254,000**
20	ELEVATE VMT	CAR	HONDA	ELEVATE VMT	1.5	INDIA	1	6,494,000	**6,494,000**
21	ELEVATE VX MT	CAR	HONDA	ELEVATE VX MT	1.5	INDIA	1	7,180,000	**7,180,000**
22	ELEVATE ZX MT	CAR	HONDA	ELEVATE ZX MT	1.5	INDIA	1	7,815,000	**7,815,000**
23	ELEVATE V CVT	CAR	HONDA	ELEVATE V CVT	1.5	INDIA	1	7,092,000	**7,092,000**
24	ELEVATE VX CVT	CAR	HONDA	ELEVATE VX CVT	1.5	INDIA	1	7,747,000	**7,747,000**
25	ELEVATE ZX CVT	CAR	HONDA	ELEVATE ZX CVT	1.5	INDIA	1	8,412,000	**8,412,000**
26	ELEVATE ZX-CVT (D.T)	CAR	HONDA	ELEVATE ZX-CVT (D.T)	1.5	INDIA	1	8,490,000	**8,490,000**
27	ELEVATE ZX CVT BLACK EDTION	CAR	HONDA	ELEVATE ZX CVT BLACK EDTION	1.5	INDIA	1	8,425,000	**8,425,000**
28	CRV	CAR	HONDA	RVSI-7	1.5	THAILAND	1	20,650,000	**20,650,000**
29	CITY 4TH GEN S-VMT	CAR	HONDA	CITY 4TH GEN S-VMT	1.5	INDIA	1	50,90,000	**50,90,000**
30	ELEVATE (IVORY) VMT	CAR	HONDA	ELEVATE (IVORY) VMT	1.5	INDIA	1	6,514,000	**6,514,000**
31	ELEVATE (IVORY) VX MT	CAR	HONDA	ELEVATE (IVORY) VX MT	1.5	INDIA	1	7,200,000	**7,200,000**
32	ELEVATE (IVORY) ZX MT	CAR	HONDA	ELEVATE (IVORY) ZX MT	1.5	INDIA	1	7,860,000	**7,860,000**
33	ELEVATE (IVORY) V CVT	CAR	HONDA	ELEVATE (IVORY) V CVT	1.5	INDIA	1	7,112,000	**7,112,000**
34	ELEVATE (IVORY) VX CVT	CAR	HONDA	ELEVATE (IVORY) VX CVT	1.5	INDIA	1	7,767,000	**7,767,000**
35	ELEVATE (IVORY) ZX CVT	CAR	HONDA	ELEVATE (IVORY) ZX CVT	1.5	INDIA	1	8,450,000	**8,450,000**
36	ELEVATE (IVORY) ZX CVT (D.T)	CAR	HONDA	ELEVATE (IVORY) ZX CVT (D.T)	1.5	INDIA	1	8,550,000	**8,550,000**

Distributor's Name: **PARAMOUNT MOTORS PVT. LTD.**
Address: Naxal, Kathmandu | Contact Number: 9801155089
EXIM Code: 6042516020156NP | VAT No: 604251602

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	MG 4 EV COMFORT	Electric Hatchback	MG (Morris Garages)	COMFORT	99 KW	China	1	41,49,000	**41,49,000**
2	MG 4 EV Deluxe	Electric Hatchback	MG (Morris Garages)	Deluxe	99 KW	China	1	49,99,000	**49,99,000**
3	MG S5 EV Comfort	Electric SUV	MG (Morris Garages)	Comfort	99 KW	China	1	43,99,000	**43,99,000**
4	MG S5 EV Luxury	Electric SUV	MG (Morris Garages)	Luxury	99 KW	China	1	49,99,000	**49,99,000**
5	MG S5 EV Luxury (LR)	Electric SUV	MG (Morris Garages)	Luxury (LR)	99 KW	China	1	54,99,000	**54,99,000**
6	MG IM6	Mid-large SUV	MG (Morris Garages)	MG IM6	109 KW	China	1	74,99,000	**74,99,000**
7	MG ZS ASTOR	Petrol SUV	MG (Morris Garages)	MG ZS ASTOR	1498 CC	India	1	48,49,000	**48,49,000**
8	MG HECTOR	Petrol SUV	MG (Morris Garages)	MG HECTOR	1451 CC	India	1	77,49,000	**77,49,000**
9	Mazda CX5	SUV	Mazda	Mazda CX5	2500 CC	Japan	1	1,54,90,000	**1,54,90,000**

» पृष्ठ ३ मा क्रमशः

■ रास्वपा सांसदहरूको प्रशिक्षणमा रवि लामिछाने

संविधानअनुसार नै प्रधानन्यायाधीश सिफारिस गरिएको हो, विधिबाहिर गएका छैनौं

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संविधानअनुसार नै प्रधानन्यायाधीश सिफारिस गरिएको र विधिबाहिर नगएको बताएका छन् । रास्वपा सांसदका लागि आयोजित दुईदिने प्रशिक्षण कार्यक्रममा उनले पुराना दलहरूले बनाएको संविधान कार्यान्वयन गरेर प्रधानन्यायाधीश सिफारिस गरेको बताए । 'संविधान बन्दा रास्वपाको उपस्थिति थिएन । संविधान बनेर अभ्यासमा गइसकेपछि राजनीतिक रूपमा रास्वपा उदय भएको हो,' उनले भने ।

संवैधानिक परिषद् र प्रधानन्यायाधीश नियुक्ति सिफारिसको विषयमा मूर्धन्य मानिस र विभिन्न दलहरूले समेत 'असंवैधानिक भयो, परम्पराबाहिर गयो' भनेको सुनिएको भन्दै लामिछानेले असन्तुष्टि जनाए । 'मलाई एकजना कसैले भन्दिनुस्, कसरी असंवैधानिक भयो ? असंवैधानिक भए ६ जना न्यायाधीशलाई प्रधानन्यायाधीश बन्न सक्ने योग्य मानिस भनेर संवैधानिक परिषद्मा सिफारिस किन गरिएको हो ? त्यही असंवैधानिक काम भएन ? के यो संविधानविपरीतको काम हो ? संविधान मिचियो त्यसो गर्दा ? ६ जनाको साटो संविधानमा वरिष्ठतम जो हुनुहुन्छ, उहाँलाई नै चुन्नुपर्नेछ भनेको भए संवैधानिक परिषद्को बैठकको पनि आवश्यकता पर्दैनथ्यो । सोझै वरिष्ठतमको नियुक्ति हुने व्यवस्था हुन्थ्यो होला,' उनले भने, 'तर, संविधानले त्यसो भनेन । त्यति मात्रै होइन ६ जनाको न्यायाधीशको सिफारिस रास्वपा सरकारले गरेको होइन । अघिल्लो सरकारकै पालादेखि सिफारिस भएर बसेको थियो । संवैधानिक परिषद्मा हाम्रो पार्टीका वरिष्ठ नेता प्रधानमन्त्री भएर गएपछि उहाँले बैठक गर्दा त्यसरी आएकामध्येबाट एकजना चयन हुन्छ भनेर बनाइएको विधि गलत हो भने संविधान संशोधनको बहस चलेको छ, गरौं बहस ।' उनले न्यायालयको विषयलाई धेरै चर्चा र टसल गरेर जान आवश्यक नरहेको बताए । सभापति लामिछानेले कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको अभिव्यक्तिमा आपत्ति जनाउँदै न्यायालयको विषयलाई सडकमा नल्याउन आग्रह गरे । 'चुनौतीपूर्ण ढंगका अभिव्यक्ति दिएर के लाभ हुन्छ र ? यो त जगहँसाइ मात्र हुन्छ । हामी यस्तो जगहँसाइमा विश्वास गर्दैनौं । हामीलाई अझै पनि विश्वास छ । मेरो कुरा गर्नुहुन्छ भने मेरो त गर्धन अझै त्यहीं छ । हुन्छ, त्यस्तो रिस उठेको छ भने चलाइदिनुस् हतियार । त्यहीं बुझाएर आएको छु मैले गर्धन । म यहीं छु, त्यहीं छ मेरो गर्धन । होइन भने न्यायालयको गरिमा, प्रतिष्ठालाई सडकको विषय बनाउनुहुँदैन,' उनले भने ।



चुनौतीपूर्ण ढंगका अभिव्यक्ति दिएर के लाभ हुन्छ र ? यो त जगहँसाइ मात्र हुन्छ । हामी यस्तो जगहँसाइमा विश्वास गर्दैनौं । हामीलाई अझै पनि विश्वास छ । मेरो कुरा गर्नुहुन्छ भने मेरो त गर्धन अझै त्यहीं छ । हुन्छ, त्यस्तो रिस उठेको छ भने चलाइदिनुस् हतियार । त्यहीं बुझाएर आएको छु मैले गर्धन । म यहीं छु, त्यहीं छ मेरो गर्धन । होइन भने न्यायालयको गरिमा, प्रतिष्ठालाई सडकको विषय बनाउनुहुँदैन ।

■ 'सुकुमवासी समस्या समाधान गर्छौं'

लामिछानेले सुकुमवासी समस्या रास्वपाले समाधान गर्ने प्रतिबद्धता जनाए । 'रास्वपाले खडा गरेको समस्या होइन सुकुमवासी, हामी त समाधान गर्दै छौं । रास्वपाले सुकुमवासी बनाएको भनेर एउटा परिवार देखाउनुस् न । यो त पुराना दलले भोट बैंकका रूपमा आफूलाई खडा गरेर उनीहरूको समस्यालाई आफ्नो लाभका लागि प्रयोग गरेको कुरा जगजाहेर छ । हामी त्यसलाई समाधान गर्न चाहन्छौं,' उनले भने, 'अझ राम्रो तरिकाबाट समाधान गर्न सकिन्थ्यो कि भन्ने छ, हो सकिन्थ्यो, गरौंला पनि । तर, अव्यवस्थित रूपमा खोलाको छेउमा असुरक्षित ढंगले बस्नुभएका र हाकाहाकी सोझै गैरकानुनी रूपमा हडपिएको अवस्थामा कदम चालिएको हो । त्यसबाहेकका कसैले पनि आत्तिनुपर्दैन । त्यसका लागि छाती थाप्छु भनेको हो, छाती थापिएकै छ नि अहिले पनि । सबैलाई लालपुर्जा दिन्छौं,' उनले भने ।

■ 'फास्ट ट्र्याकमा काम गर्न अध्यादेश'

सभापति लामिछानेले जनतालाई डेलिभरीका लागि कानुनी व्यवस्था गरिएको बताए । अध्यादेशबारे अध्ययन गरेर धारणा बनाउन उनले सांसदहरूलाई निर्देशन दिए । 'अध्यादेशबारे प्रश्न उठेको छ । नियमित ढंगबाट कानुन निर्माण गर्दै जाँदा त्यसले स्थायित्व प्राप्त गर्छ । कानुन निर्माणको प्रक्रिया पनि त्यही हो । तर, कतिपय कुरालाई हामीले फास्ट ट्र्याकमा लिएर जानुपर्ने हुन्छ । फास्ट ट्र्याकमा लिएर जान हामीले देश, जनता, समाजलाई हेरेर कामहरू गरेका छौं कि छैनौं, त्यो कुरा हामीले हेर्ने हो,' उनले भने ।

■ रवि-बालेन फुटाउने रहर गरेर मुख नमिठ्याउनुस्

लामिछानेले पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन्द्र शाहसँग उच्च समझदारी रहेको र फुटाउने सपना नदेख्न आग्रह गरे । 'हामी यत्तिकै एउटा कार्यकाल मिलौं न भनेर मिलेको होइन, इतिहास र भविष्य सम्झेर सहयात्रामा हिँडेको हो । हामीले हाम्रो व्यक्तिगत कुरालाई माग मुद्दा बनाएर हिँडेका छैनौं । तर, यसो पाइन्छ कि भनेर म त यस्तो हो कि भन्नुभएको साथीहरूको कस्तो हो भन्ने कुरा थाहा हुन्छ । त्यसकारण यो पनि बन्द गर्नुपर्छ । यसको कुनै गुन्जायस छैन, सम्भावना छैन,' उनले भने ।

■ सांसदहरूलाई के भने ?

■ जीवनी होइन, इतिहास लेख्न हिँडेको हो

रास्वपा सभापति रवि लामिछानेले आफूहरू इतिहास लेख्ने यात्रामा रहेको भन्दै सामूहिक प्रतिबद्धता चाहिने बताए । 'नेताका रूपमा कोही मान्छे पार्टीको कुन तहमा पुग्छ, सरकारमा कुन तहमा पुग्छ, त्यो ठुलो कुरो होइन । मुलुक र समाजलाई कस्तो नेतृत्व दिँदै छौं भन्ने ठुलो कुरो हो । कसैलाई पार्टी सभापति, प्रधानमन्त्री बन्ने उद्देश्यले लागेको हो भने त्यो भ्रम मात्र हो । म जीवनी लेख्न होइन, इतिहास लेख्न हिँडेको हो । जीवनी लेख्नु कुनै ठुलो कुरो होइन । हामी इतिहास लेख्ने यात्रामा छौं, इतिहास लेख्ने नै हो । यसको अध्यायको सुरुवात गर्दै छौं,' उनले भने । विगतमा नेताहरूले जीवन जोखिममा पारेर राजनीतिमा लामो समय संघर्ष र दुःख गरेर परिवर्तनको यात्रामा होमिएको स्मरण गराउँदै लामिछानेले आफूहरूले सजिलो संघर्ष गरेको उल्लेख गरे ।

■ पद-प्रतिष्ठा छाडेर कानुन निर्माणमा केन्द्रित हुनुस्

सभापति लामिछानेले पद-प्रतिष्ठा छाडेर कानुन निर्माणमा केन्द्रित हुन सांसदहरूलाई निर्देशन दिए । योगदानको कुरा गरेर पद नमाग्न उनले सांसदहरूलाई सचेत गराए । 'हामीमध्ये धेरैले जितेर आयौं । तर, सबै जना मन्त्री हुन सकेनौं । कहीं न कहीं, कतै न कतै म हुनुपर्ने थियो भन्ने कुराको दुःख त छ साथीहरूलाई । ल भइएन मन्त्री त, समितिको सभापति त मलाई बनाउनुपर्थ्यो, यत्रो योगदान छ मेरो, त्यति पनि बनाएन भनेर चित्त दुखाएको देख्दा हाँसे पनि मनमा घाउचोट राख्नुभएकै छ । तर, म यति भन्छु सांसदका रूपमा हामीले यो देशलाई दिन सक्ने योगदान एकपटक हेर्नु र देख्नुभयो भने त्यो कुनै मन्त्री, पार्टी सभापति वा पदाधिकारीले भन्दा धेरै छ,' उनले भने ।

सभापति लामिछानेले क्यामेराका अगाडि चर्को बोलेर अभिनय नगर्न सांसदहरूलाई निर्देशन दिए । 'क्यामेरा देखेपछि जोस आउँछ, भरे मेरो मतदाता कहाँ पुगिहाल्छ भनेर बडो चर्को भाव आउँछ । तर, त्यो तपाईंको भावना हो कि अभिनय हो छुट्याउने जिम्मा तपाईंको । भाइरलको दुनियाँबाट अलि बाहिर निस्किनुपर्छ । चर्चा होस् भन्ने कुरा स्वाभाविक हो । तर, यसको अर्थ हामी आफ्नो कर्मबाट विमुख बनौं, हामी लोकप्रियताको आडमा जनताको मुद्दालाई छायामा पार्ने त्यो दौडमा त कतै छैनौं, हामीले सोच्नुपर्छ,' उनले भने । लामिछानेले विवादमा आउने गरी अभिव्यक्ति नदिन सांसदहरूलाई निर्देशन दिए । 'हाम्रा अभिव्यक्ति, क्रियाकलापले हामीलाई भोट दिने मान्छेको आशा र भरोसा, मनोभावनामा चोट पुग्यो कि भन्ने कुरा सोच्नुपर्छ । किनकि जिम्मेवारी दिएर पठाएको हो,' उनले भने ।

रास्वपाले आफ्ना सांसदहरूलाई संसद् र पार्टीमा खेल्नुपर्ने भूमिकाबारे प्रशिक्षण दिएको छ । शनिबार र आइतबार जावलाखेलस्थित स्टाफ कलेजमा रास्वपाले सांसदहरूलाई कानुन निर्माण, विधेयकको प्रक्रिया, संसद्भित्र समन्वय, पार्टीको भूमिका विषयमा प्रशिक्षण दिएको हो । रास्वपा प्रशिक्षण विभाग सचिव कमल सुवेदीका अनुसार सांसदको संवैधानिक भूमिका के छ ? समितिको सभापतिको भूमिका के छ ? ०७९ को संसद्मा रास्वपाले कसरी मुद्दा उठायो, राम्रो कुरा के थियो, प्रभावकारी कसरी बनाएको भन्ने कुराहरू सांसदहरूलाई सिकाइएको छ । सांसद हुँदा र नहुँदाको फरक, राजनीतिक मनोविज्ञान, प्राथमिकता निर्धारणको विषय र कूटनीति पनि पढाइएको थियो । महामन्त्री भूपदेव शाहले पार्टी, सरकार र सदनबिचको समन्वय विषयक प्रस्तुति दिएका थिए ।

कम्युनिस्ट एकता बाध्यात्मक बन्दै गएको छ : प्रचण्ड



नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले कम्युनिस्ट एकता आजको आवश्यकता भएको बताएका छन् । निर्मल लामाको २६औं स्मृति दिवसमा आइतबार राजधानीमा आयोजित कार्यक्रममा उनले कम्युनिस्ट आन्दोलन बहस, विभाजन र एकताको प्रक्रियाबाट अघि बढ्दै आएको बताएका हुन् । अब विगतको कुरा गरेर काम नलाग्ने भन्दै उनले विचार, राजनीति र संगठनमा कम्युनिस्ट एकता बाध्यात्मक बन्दै गएको दाबी गरे । दक्षिण एसियाबाटै कम्युनिस्ट सकियो भन्ने हल्ला चलेकाले कम्युनिस्टहरूलाई जिरोमा लैजाने षड्यन्त्रविरुद्ध हेक्का राखेर अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

प्रचण्डले आफू जहाँ पुगे पनि कम्युनिस्ट एकताको कुरा उठिरहेको बताए । 'सबैभन्दा एकताको माग हुन थालेको छ । देशभक्त र सच्चा कम्युनिस्टहरूको बिचमा एकता अहिले झन् विशेष रूपमा बढेको छ,' उनले भने । गत निर्वाचनमा देशी-विदेशी डिजाइनअनुसार नै कम्युनिस्टहरूलाई हराइएको उनले दाबी गरे । 'के-के भएका थिए पर्दाभित्र ? अनुसन्धान हुँदै जाला,' उनले भने, 'ती सबै खेलहरू अझै सतहमा आएका छैनन् ।' कम्युनिस्टले मात्रै वर्गसंघर्षलाई माथि उठाउन सक्ने भन्दै उनले एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । वर्गीय पक्षधरताको पक्षमा दृढतापूर्वक उभिएर अगाडि बढ्ने उनले बताए ।

प्रचण्डले सरकारले श्रमजीवी वर्गमाथि ठुलो आहत पुऱ्याएको र सबैभन्दा बढी पीडा गरिबलाई दिएको बताए । 'सबभन्दा गरिब, जसको हामी वर्ग आधार भन्ने गर्छौं । त्यही वर्गमाथि सरकारले अहिले प्रहार गरेको छ । वर्गसंघर्षलाई माथि उठाउन सबै कम्युनिस्टहरूबिच एकता गरेर अघि बढ्नुपर्नेछ,' उनले भने ।

नेकपाले टुंग्यायो नेताहरूको कार्यविभाजन

आगामी मंसिरमा एकता महाधिवेशन गर्ने निर्णय गरेको नेपाली कम्युनिस्ट पार्टीले नेताहरूको कार्यविभाजन गरेको छ । नेताहरूको जिम्मेवारी तोकिएसँगै संगठनात्मक समायोजनको काम जेठ मसान्तभित्र सम्पन्न गर्दै महाधिवेशनमा जाने नेकपा प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए ।

अनुशासन आयोगको संयोजकमा टंक राई, सहसंयोजकमा लेखराज गुरागाईं, लेखा परीक्षण आयोगको संयोजकमा भरतकुमार श्रेष्ठ र सहसंयोजकमा पेसल खतिवडा तथा निर्वाचन आयोगको संयोजकमा विष्णुपुकार श्रेष्ठ र सहसंयोजकमा अमर गिरीले जिम्मेवारी पाएका छन् । भौगोलिक र गैरभौगोलिक क्षेत्रका पार्टी कमिटी, जनसंगठन तथा मोर्चा, प्रवास, विषयगत विभागका साथै संसद् र स्थानीय तहको कार्यविभाजन पनि गरिएको छ । जसमा अनुगमन तथा मूल्यांकन विभाग प्रमुखमा नारायणकाजी श्रेष्ठ तथा उपप्रमुखमा कल्याणी खड्का र कालीबहादुर मल्ल, अन्तर्राष्ट्रिय सम्बन्ध विभागको प्रमुखमा प्रमेशकुमार हमाल र उपप्रमुखमा परशुराम तामाङ, अर्थ तथा योजना विभाग प्रमुखमा शक्तिबहादुर बस्नेत, उपप्रमुखमा सोमप्रसाद पाण्डे र डा. कृष्ण पन्त, उद्यमशीलता तथा उत्पादन विभाग प्रमुखमा वामदेव गौतम, उपप्रमुखमा प्रह्लाद बुढाथोकी, उद्योग तथा वाणिज्य विभाग प्रमुखमा सुवासकुमार काफ्ले, उपप्रमुखमा परमानन्द भट्ट र गंगा काकी छन् ।

पार्टी स्कुल विभाग प्रमुखमा डा. बेदुराम भुसाल, उपप्रमुखमा मायाप्रसाद शर्मा, संगठन विभाग प्रमुखमा वर्षमान पुन, उपप्रमुखमा रामचन्द्र यादव, प्रचार विभाग प्रमुखमा रेखा शर्मा र उपप्रमुखमा अशेष घिमिरे, महिला विभाग प्रमुखमा शशी श्रेष्ठ, उपप्रमुखमा उषा पोखरेल छन् ।

यस्तै, उपभोक्ता हित विभागमा डा. शिव बास्तोला, उपप्रमुखमा मीना लामा, ऊर्जा तथा जलस्रोत विभाग प्रमुखमा सावित्री भुसाल, उपप्रमुखमा रमेश मल्ल, कानुन विभाग प्रमुखमा देवप्रसाद गुरुङ, उपप्रमुखमा धनप्रसाद गौतम, कृषि तथा भूमि व्यवस्था विभाग प्रमुखमा रञ्जिता श्रेष्ठ छन् ।

Distributor's Name: **UNITED TRADERS SYNDICATE PVT. LTD.**
Address: Anandanagar, Dhumbarahi| Contact Number: 9841231015
EXIM Code: 3000473720100NP| VAT No: 300047372

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	HILUX DOUBLE CAB	PICK UP	TOYOTA	GUN126R-DTFHX	2755	THIALAND	1	14,900,000	**14,900,000**
2	RAV4 HYBRID	SUV	TOYOTA	AXAL64R-ANXGB	2487	JAPAN	1	21,300,000	**21,300,000**
3	LC 250 PRADO AR	SUV	TOYOTA	GDJ250R-GNZRY	2755	JAPAN	1	32,200,000	**32,200,000**
4	LC 250 PRADO LUX	SUV	TOYOTA	GDJ250R-GNZLY	2755	JAPAN	1	37,900,000	**37,900,000**
5	LAND CRUISER 300	SUV	TOYOTA	FJA300R-GNUZY	2755	JAPAN	1	53,900,000	**53,900,000**
6	FORTUNER AT	SUV	TOYOTA	GUN156R-SXTHXX	2755	INDIA	1	28,300,000	**28,300,000**
7	FORTUNER MT	SUV	TOYOTA	GUN156R-SXFHXX	2755	INDIA	1	27,000,000	**27,000,000**

Distributor's Name: **Laxmi Intercontinental Pvt. Ltd.**
Address: Bhagwati Marg, Kathmandu | Contact Number: 9801201027
EXIM Code: 3029584290122NP | VAT No: 302958429

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Grand i10 NIOS	Hatchback	Hyundai	Era	1197cc	India	1	3,356,000	**3,356,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Era Loaded	1197cc	India	1	3,396,000	**3,396,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Magna	1197cc	India	1	3,896,000	**3,896,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Sportz	1197cc	India	1	4,096,000	**4,096,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Magna AMT	1197cc	India	1	4,126,000	**4,126,000**
2	Exter	Mini SUV	Hyundai	EX	1197cc	India	1	3,696,000	**3,696,000**
	Exter	Mini SUV	Hyundai	S	1197cc	India	1	4,296,000	**4,296,000**
	Exter	Mini SUV	Hyundai	SX	1197cc	India	1	4,696,000	**4,696,000**
3	Venue	SUB Compact SUV	Hyundai	E	1197cc	Nepal	1	4,196,000	**4,196,000**
	Venue	SUB Compact SUV	Hyundai	S	1197cc	Nepal	1	4,596,000	**4,596,000**
	Venue	SUB Compact SUV	Hyundai	SX	1197cc	Nepal	1	5,456,000	**5,456,000**
	Venue	SUB Compact SUV	Hyundai	S(O) DCT	998cc	India	1	5,996,000	**5,996,000**
4	Creta CBU	Compact SUV	Hyundai	S+	1497cc	India	1	6,596,000	**6,596,000**
	Creta CBU	Compact SUV	Hyundai	SX	1497cc	India	1	7,056,000	**7,056,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 E MT	1497cc	Nepal	1	5,556,000	**5,556,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 E (Loaded)	1497cc	Nepal	1	5,596,000	**5,596,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 S(O) MT	1497cc	Nepal	1	6,556,000	**6,556,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 SX MT	1497cc	Nepal	1	6,856,000	**6,856,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 S(O) IVT	1497cc	Nepal	1	6,956,000	**6,956,000**
	Creta F/L	Compact SUV	Hyundai	1.5 SX(O) IVT	1497cc	Nepal	1	8,056,000	**8,056,000**
5	Creta Electric	Compact SUV	Hyundai	Executive	99 KW	India	1	5,196,000	**5,196,000**
	Creta Electric	Compact SUV	Hyundai	Smart (O)	99 KW	India	1	5,696,000	**5,696,000**
	Creta Electric	Compact SUV	Hyundai	Premium +	99 KW	India	1	5,996,000	**5,996,000**
	Creta Electric	Compact SUV	Hyundai	Smart (O) LR	126 KW	India	1	6,996,000	**6,996,000**
6	Tucson	Full Size SUV	Hyundai	GL 2 WD MT	1999cc	South Korea	1	10,796,000	**10,796,000**
	Tucson	Full Size SUV	Hyundai	GLX 2 WD AT	1999cc	South Korea	1	13,796,000	**13,796,000**
	Tucson	Full Size SUV	Hyundai	GLX+ 2 WD AT	1999cc	South Korea	1	14,496,000	**14,496,000**
	Tucson	Full Size SUV	Hyundai	GLX 4 WD AT	1998cc	South Korea	1	16,096,000	**16,096,000**
7	Santa Fe	Full Size SUV	Hyundai	GLS 4WD AT	2497cc	South Korea	1	18,996,000	**18,996,000**
8	Kona	Full Size SUV	Hyundai	GL	100 KW	South Korea	1	5,996,000	**5,996,000**
	Kona	Full Size SUV	Hyundai	GLS	100 KW	South Korea	1	6,496,000	**6,496,000**
9	IONIQ 5	Full Size SUV	Hyundai	GLS Vision Roof	124.9 KW	South Korea	1	10,396,000	**10,396,000**

Distributor's Name: **LAXMI E-MOBILITY PVT. LTD.**
Address: Bhagwati Marg, Naxal | Contact Number: 9801201103
EXIM Code: 6067509410137NP | VAT No: 606750941

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Friday EV	Compact SUV	Forthing	Luxury	99KW	China	1	50,96,000	**50,96,000**
	Friday EV	Compact SUV	Forthing	Exclusive	99KW	China	1	56,96,000	**56,96,000**

Distributor's Name: **PIONEER MOTO CORP PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-4101171/01-4101170
EXIM Code: 6022772950128NP | VAT No: 602277295

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Magnite	SUV	Nissan	VISIA (XE)	999cc	India	1	3,575,000	**3,575,000**
2	Magnite	SUV	Nissan	VISIA +	999cc	India	1	3,675,000	**3,675,000**
3	Magnite	SUV	Nissan	ACCENTA (XL)	999cc	India	1	3,875,000	**3,875,000**
4	Magnite	SUV	Nissan	ACCENTA (XL) AMT	999cc	India	1	4,049,000	**4,049,000**
5	Magnite	SUV	Nissan	N CONNECTA (XV)	999cc	India	1	4,299,000	**4,299,000**
6	Magnite	SUV	Nissan	N CONNECTA (XV) DUAL	999cc	India	1	4,334,000	**4,334,000**
7	Magnite	SUV	Nissan	N CONNECTA (XV) AMT	999cc	India	1	4,549,000	**4,549,000**
8	Magnite	SUV	Nissan	N CONNECTA (XV) DUAL AMT	999cc	India	1	4,584,000	**4,584,000**
9	Magnite	SUV	Nissan	TEKNA+ (XV PRE)	999cc	India	1	4,799,000	**4,799,000**
10	Magnite	SUV	Nissan	TEKNA+ (XV PRE) AMT	999cc	India	1	4,999,000	**4,999,000**
11	Magnite Turbo	SUV	Nissan	ACCENTA (XL)	999cc	India	1	4,499,000	**4,499,000**
12	Magnite Turbo	SUV	Nissan	N CONNECTA (XV)	999cc	India	1	5,049,000	**5,049,000**
13	Magnite Turbo	SUV	Nissan	N CONNECTA (XV) DUAL	999cc	India	1	5,084,000	**5,084,000**
14	Magnite Turbo	SUV	Nissan	TEKNA+ (XV PRE)	999cc	India	1	5,399,000	**5,399,000**
15	Leaf	Leaf	Nissan	Standard	110KW	Japan	1	6,499,000	**6,499,000**
16	Urvan	Urvan	Nissan	Urvan 16 seater	2488cc	Japan	1	7,899,000	**7,899,000**
17	Xtrail	Xtrail	Nissan	Xtrail E-Power 4WD 3 ROW (HYBRID)	1498cc	Japan	1	18,700,000	**18,700,000**

Distributor's Name: **SPG AUTOMOBILES PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5911678
EXIM Code: 6010971860120NP | VAT No: 601097186

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Omoda E5	SUV	Omoda	Omoda E5 LUX - Dual Tone	99 KW	China	1	5,549,000	**5,549,000**
2	Omoda E5	SUV	Omoda	Omoda E5 LUX - Single Tone	99 KW	China	1	5,499,000	**5,499,000**
3	Jaecoo J5	SUV	Jaecoo	Jaecoo J5	155 KW	China	1	5,699,000	**5,699,000**
4	Jaecoo J6	SUV	Jaecoo	Jaecoo J6	135 KW	China	1	6,599,000	**6,599,000**
5	Jaecoo J6 T	SUV	Jaecoo	Jaecoo J6 T	135 KW	China	1	6,899,000	**6,899,000**

Distributor's Name: **SPG AUTOMOBILES PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5911678
EXIM Code: 6010971860120NP | VAT No: 601097186

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Icaur V23	SUV	Icaur	Icaur V23	100 KW	China	1	5,099,000	**5,099,000**

Distributor's Name: **PIONEER MOTO CORP PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5922337/9802373180
EXIM Code: 6022772950128 | VAT No: 602277295

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Zeekr X	SUV	Zeekr	Zeekr X Standard	200 KW	China	1	84,99,000	84,99,000
2	Zeekr X	SUV	Zeekr	Zeekr X Flagship	315 KW	China	1	1,54,99,000	1,54,99,000

Distributor's Name: **LAXMI COMMERCIAL VEHICLES PVT. LTD.**
Address: Bhagwati Bahal Marg | Contact Number: 01-4313565/9802369335
EXIM Code: 3019792450106NP | VAT No: 301979245

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	SML FULLY BUILT BUS SUPREME 4240 33 SEATER SCHOOL BUS	2WD - Diesel	SML Isuzu	SUPREME	3455cc	India	1	6,496,000	**6,496,000**
2	SML FULLY BUILT BUS S7 5100 WB 41 SEATER SCHOOL BUS	2WD - Diesel	SML Isuzu	S7	3455cc	India	1	7,496,000	**7,496,000**
3	SML FULLY BUILT BUS S7 4240 33 SEATER SCHOOL BUS	2WD - Diesel	SML Isuzu	S7	3455cc	India	1	7,196,000	**7,196,000**
4	SML FULLY BUILT-UP BUS HIROI 3430 WB WITH 36 SEATER BUS	2WD - Diesel	SML Isuzu	HIROI	3455cc	India	1	8,096,000	**8,096,000**
5	SML FULLY BUILT-UP BUS HIROI 4370 WB WITH 46 SEATER BUS	2WD - Diesel	SML Isuzu	HIROI	3455cc	India	1	8,396,000	**8,396,000**
6	SML FULLY BUILT-UP BUS HIROI 5300 WB WITH 56 SEATER BUS	2WD - Diesel	SML Isuzu	HIROI	3455cc	India	1	8,696,000	**8,696,000**

रणनीतिक राज्यकला बन्नुपर्छ 'नेपाल फर्स्ट' नीति

अबका दिनमा शक्तिसन्तुलनबिच मात्र चल्ने राज्यबाट आफ्नै आर्थिक र रणनीतिक भविष्य निर्माण गर्ने राज्यतर्फ रूपान्तरण सम्भव छ



● बिनोज बस्न्यात

अग्रलेख

नयाँ वर्ष २०८३ नेपालको आगामी राजनीतिक र रणनीतिक दिशालाई आकार दिन सक्ने तीन महत्त्वपूर्ण संकेतसहित सुरु भएको छ– रूपान्तरणका लागि स्पष्ट राजनीतिक म्यान्डेट, सुशासन र अन्तर्राष्ट्रिय विश्वसनीयता सुदृढ गर्ने भ्रष्टाचारविरोधी पहल तथा संस्थागत क्षमता पुनर्निर्माणतर्फको प्रतिबद्धता। नयाँ सरकारले 'नेपाल फर्स्ट, नेपाली फर्स्ट' भन्ने रणनीतिक अभिप्राय प्रस्तुत गर्दै ०६३ पछिका राजनीतिक-प्रशासनिक शक्तिकेन्द्रमा रहेकाहरूको सम्पत्ति छानबिनका लागि उच्चस्तरीय संयन्त्र गठन गरेको छ। संसदीय निर्वाचनका क्रममा ६ राष्ट्रिय दलले सार्वजनिक गरेका घोषणापत्र तथा प्रतिबद्धतापत्रका आधारमा 'महत्त्वाकांक्षी' राष्ट्रिय प्रतिबद्धताको रूपरेखा तयार गरेको छ। यी कदमले नाराबाट उत्तरदायित्वतर्फ जाने संकेत गर्छन्।

विश्व राजनीति अहिले आन्तरिक सुदृढीकरणतर्फ फर्किरहेको छ। अधिकांश राष्ट्रले पुनः बुझ्न थालेका छन् कि प्रभावकारी परराष्ट्र नीति अन्ततः आन्तरिक क्षमतामै आधारित हुन्छ। नेपालका सन्दर्भमा पनि 'नेपाल फर्स्ट, नेपाली फर्स्ट' समयसापेक्ष अवधारणा हो। तर, नारा मात्रले राज्य रूपान्तरण हुँदैन। यसलाई राष्ट्रिय हित, संस्थागत अखण्डता र दीर्घकालीन राज्य क्षमतामा आधारित शासन सिद्धान्तमा रूपान्तरण गर्नुपर्छ।

नेपालको मुख्य चुनौती बाह्य होइन, आन्तरिक असंगति हो। दशकौँदेखि शासन प्रणाली राष्ट्रिय दृष्टिकोणभन्दा राजनीतिक अवसरवादद्वारा निर्देशित हुँदै आएको छ। नीतिगत निरन्तरता कमजोर, संस्थागत स्मृति सीमित र निर्णय प्रक्रिया व्यक्ति तथा दलकेन्द्रित हुँदा राज्य प्रतिक्रियात्मक बनेको छ। परिणामस्वरूप संकट व्यवस्थापनभन्दा संकटपछि प्रतिक्रिया दिने प्रवृत्ति बलियो भएको छ। यसका असर स्पष्ट छन्। कुशासनले जनविश्वास कमजोर बनाएको छ र भ्रष्टाचार क्रमशः संस्थागत संरचनाभित्रै गहिरिँदै गएको छ। सार्वजनिक हितको निष्पक्ष संरक्षक हुनुपर्ने संस्थाहरू राजनीतिक संरक्षणको विस्तारभैँ देखिन थालेका छन्। यो केवल शासनको कमजोरी होइन, रणनीतिक जोखिम हो।

आत्मनिर्भर अर्थतन्त्र र रणनीतिक सुदृढीकरण : 'नेपाल फर्स्ट'को आर्थिक अर्थ आत्मकेन्द्रित राष्ट्रवाद होइन, आत्मविश्वासी र रणनीतिक अर्थतन्त्र हो। नेपालले सहयोग-निर्भर मानसिकताबाट बाहिर निस्केर लगानी, उत्पादन र प्रतिस्पर्धात्मक क्षमतामा आधारित अर्थतन्त्रतर्फ अघि बढ्नुपर्छ। यसका लागि नीतिगत पूर्वानुमेयता, कानुनी स्थायित्व र विश्वसनीय परियोजना संरचना आवश्यक छन्। आर्थिक राष्ट्रवादको सार बहिष्कारमा होइन, आफ्नै सर्तमा रणनीतिक एकीकरणमा निहित हुन्छ। नेपालको महत्त्वपूर्ण तर कम उपयोग गरिएको रणनीतिक सम्पत्ति ऊर्जा हो। जलविद्युत् केवल पूर्वाधार परियोजना होइन, यो आर्थिक रूपान्तरणको आधार बन्न सक्छ। तर, त्यसका लागि क्षेत्रीय ऊर्जा व्यापार, बजार एकीकरण र सुसंगत ऊर्जा कूटनीति आवश्यक हुन्छ। सही रणनीतिसहित अघि बढाइयो भने ऊर्जा क्षेत्रले नेपाललाई परिधीय अर्थतन्त्रबाट क्षेत्रीय योगदानकर्तामा रूपान्तरण गर्न सक्छ।

पूर्वाधार र कनेक्टिभिटीलाई पनि रणनीतिक प्राथमिकताका रूपमा लिनुपर्छ। सीमापार सम्पर्क, आन्तरिक ढुवानी सुधार र व्यापार लागत घटाउने नीतिले भूगोललाई सीमितताबाट अवसरमा रूपान्तरण गर्न सक्छ। यी सबैको आधार भनेको सुशासनको विश्वसनीयता हो। लगानीकर्ता र अन्तर्राष्ट्रिय साझेदारहरू नाराबाट होइन, संस्थागत विश्वसनीयताबाट प्रभावित हुन्छन्। सम्झौता कार्यान्वयन, नियामकीय स्पष्टता र पारदर्शिता आजको विश्व राजनीतिमा रणनीतिक सम्पत्ति हुन्। मानव पुँजी अर्को निर्णायक आधार हो। रोजगारी सिर्जना नभएसम्म प्रतिभा पलायन रोकिनेछैन। शिक्षा, डिजिटल अर्थतन्त्र र उद्यमशीलतामा आधारित नीति आवश्यक छ।

'नेपाली फर्स्ट' राजनीतिक नारा कि रणनीतिक राज्यकौशल : नेपालको समकालीन राजनीतिक विमर्शमा 'नेपाली फर्स्ट'लाई प्रायः राष्ट्रवादको प्रतीकका रूपमा प्रस्तुत गरिन्छ। तर, व्यवहारमा यसलाई धेरैजसो अवस्थामा राजनीतिक स्वार्थलाई औचित्य दिन प्रयोग गरिएको छ। यसले वास्तविक रणनीतिक अर्थ बोकेर अघि बढ्नुपर्ने हो भने यसलाई सुविधाको नाराबाट निकालेर शासनको सिद्धान्तका रूपमा पुनः परिभाषित गर्नुपर्छ। जहाँ राष्ट्रिय हित परराष्ट्र नीतिको आधार, संस्थागत इमानदारी शासनको मेरुदण्ड र दीर्घकालीन राज्यक्षमता लक्ष्य बन्नुपर्छ।

हालैको निर्वाचन परिणाम, विशेषतः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उदय नेपालको राजनीतिक यात्रामा महत्त्वपूर्ण संकेत हो। यो केवल सत्ताको परिवर्तन होइन, दीर्घकालीन भ्रष्टाचार, कमजोर कार्यसम्पादन र राजनीतिक जडताविरुद्धको जनमत हो। मतदाताले लोकतन्त्र अस्वीकार गरेका होइनन्, उनीहरूले कमजोर 'डेलिभरी' अस्वीकार गरेका हुन्। ०६३ पछिका दुई दशकले नेपालमा एउटा विरोधाभास देखाएका छन्– प्रगति भयो, तर रूपान्तरण भएन। कुल गार्हस्थ्य उत्पादन वृद्धि भए पनि अर्थतन्त्र अझै विप्रेषणनिर्भर छ, औद्योगीकरण कमजोर छ र रोजगारी सिर्जना सीमित छ। राजनीतिक रूपमा पनि चार निर्वाचन र १३ सरकार परिवर्तनले नीतिगत अस्थिरता र कमजोर कार्यान्वयन जन्मायो। नेपालको मुख्य समस्या वैधताको होइन, प्रभावकारिताको हो।

अन्तर्राष्ट्रिय दृष्टिले नेपाललाई खुला लोकतन्त्रका रूपमा हेरिए पनि रणनीतिक कार्यान्वयन कमजोर छ। कूटनीतिक संलग्नता छ, तर परिणाम सीमित छन्। कुल गार्हस्थ्य उत्पादनका आधारमा नेपाल विश्वमा सयौँ स्थानमा र प्रतिव्यक्ति आयका आधारमा १६० भन्दा तल पर्छ। प्रतिबद्धता र परिणामबिचको अन्तरले विश्वसनीयता निर्धारण गरेको छ। अब नेपाल 'म्यान्डेट'को राजनीतिबाट 'डेलिभरी'को राजनीतितर्फ प्रवेश गरिरहेको छ।



वैश्विक अनुभवबाट नेपालको रणनीतिक पाठ : वैश्विक अनुभवले देखाउँछ, दीर्घकालीन स्थायित्व बाह्य गठबन्धनबाट होइन, आन्तरिक सुदृढीकरणबाट आउँछ। नेपालको सुधार एजेन्डा सफल हुनु छ भने एउटा यथार्थ स्विकार्नुपर्छ- प्रतिरोध आकस्मिक होइन, यो प्रणालीले आफैँलाई जोगाउने प्रक्रिया हो। जर्जियाको 'रोज रिभोलुसन'पछिको अनुभवले देखायो, सुधारको सफलता प्रतिरोध टार्नमा होइन, त्यसलाई निर्णायक रूपमा सामना गर्नमा निर्भर हुन्छ। जर्जियाले गैरचयनात्मक भ्रष्टाचारविरोधी अभियान, प्रशासनिक सरलीकरण र डिजिटाइजेसनमार्फत गहिरो संस्थागत भ्रष्टाचारलाई कमजोर बनायो। छिटो सेवासुधारले जनविश्वास निर्माण गर्‍यो।

नेपालका लागि पाठ स्पष्ट छ- सुधार असफल हुनुको कारण प्रतिरोध होइन, ढिलाइ, सम्झौता र चयनात्मक कार्यान्वयन हो। गहिरो भ्रष्टाचार भएको प्रणालीमा क्रमिक सुधारले यथास्थिति कायम राख्छ। आवश्यक कुरा निर्णायक प्रारम्भिक कदम, नियममा आधारित निरन्तरता र 'रेन्ट-सिकिङ' अवसर घटाउने संस्थागत पुनर्संरचना हो। तर, अत्यधिक तीव्रताले प्रतिक्रिया पनि जन्माउँछ, त्यसैले गति र उत्तरदायित्वबिच सन्तुलन आवश्यक हुन्छ। सिंगापुरले ली क्वान युको नेतृत्वमा भ्रष्टाचारविरुद्ध कठोर संस्थागत अभियान चलाउँदै 'प्याट्रोनेज नेटवर्क' कमजोर बनायो। एस्टोनियाले व्यापक 'डिजिटाइजेसन'मार्फत प्रशासनिक विवेकाधिकार घटायो र पारदर्शिता बढायो। पुराना शक्ति संरचनाबाट प्रतिरोध भए पनि निरन्तर सुधारले उसलाई विश्वकै अग्रणी डिजिटल शासन प्रणालीमध्ये एक बनायो। दक्षिण कोरियाले पनि विवाद र राजनीतिक प्रतिरोधबिच क्रमिक संस्थागत उत्तरदायित्व बलियो बनायो।

यी सबै उदाहरणको साझा निष्कर्ष स्पष्ट छ- सुधारको प्रतिरोध राजनीतिक प्रतिस्पर्धा मात्र होइन, यो शक्ति र पहुँचको संरचनागत प्रतिक्रिया पनि हो। तर, संस्थागत कमजोरी स्थायी नियति होइन। रणनीतिक निर्णय, अनुशासन र निरन्तर कार्यान्वयनमार्फत रूपान्तरण सम्भव छ। यस पृष्ठभूमिमा रास्वपाको उदयलाई रणनीतिक मतपरिवर्तनका रूपमा बुझ्नुपर्छ। यसले नेपालको राजनीतिमा नयाँ मापदण्ड स्थापित गरेको छ– पहिचानभन्दा प्रदर्शन। अब नेपाल म्यान्डेटको राजनीतिबाट डेलिभरीको राजनीतितर्फ प्रवेश गरिरहेको छ।

नाराबाट रणनीतिक राज्यकलातर्फ : नेपालको मुख्य चुनौती बाह्य होइन, आन्तरिक असंगति हो। शासन दीर्घकालीन दृष्टिकोणभन्दा राजनीतिक सुविधामा आधारित रह्यो। यसले प्रतिक्रियात्मक राज्य बनायो। यसका परिणाम स्पष्ट छन्- भ्रष्टाचारको संस्थागतता, सार्वजनिक विश्वासको ह्रास र संस्थागत कमजोरी। यो केवल शासनको समस्या होइन, रणनीतिक जोखिम हो। अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ- आन्तरिक सुधारले दीर्घकालीन स्थायित्व निर्धारण गर्छ। सिंगापुर, जर्जिया, रुवान्डा, इस्टोनिया, दक्षिण कोरिया र बोत्स्वानाले देखाएझैँ, सफलताको आधार सुदृढ संस्था, कडा कार्यान्वयन र दीर्घकालीन नीति निरन्तरता हो।

> नेपालका सन्दर्भमा 'नेपाल फर्स्ट, नेपाली फर्स्ट' नीतिलाई राष्ट्रिय हित, संस्थागत अखण्डता र दीर्घकालीन राज्य क्षमतामा आधारित शासन सिद्धान्तमा रूपान्तरण गर्नुपर्छ

सुरक्षा र कानुन व्यवस्थामा पनि यस्तै सत्य लागू हुन्छ। सिंगापुर, दुबई, रुवान्डा, इस्टोनिया र जापानका अनुभवले देखाउँछन् कि सुरक्षा केवल प्रहरीको विषय होइन, यो राज्य क्षमताको प्रतिबिम्ब हो।

नेपालका लागि रणनीतिक सन्देश स्पष्ट छ- आन्तरिक सुदृढताविना बाह्य स्वतन्त्रता सम्भव छैन। 'नेपाली फर्स्ट' आत्मकेन्द्रित राष्ट्रवाद होइन, यो आन्तरिक सुदृढताको बाह्य अभिव्यक्ति हो। यसले परिणाममार्फत नागरिकको हित सुनिश्चित गर्ने राज्यलाई संकेत गर्छ। रणनीतिक रूपान्तरणलाई सातवटा प्राथमिकताबाट हेर्न सकिन्छ :

पहिलो : नियममा आधारित शासन पुनर्स्थापना : यसको अर्थ राज्यका सबै निर्णय, नीति र कार्यान्वयन व्यक्तिगत इच्छा वा राजनीतिक दबाबमा होइन, स्थापित कानुन र नियमअनुसार हुनुपर्छ। नियम सबैका लागि समान हुनुपर्छ, चाहे त्यो सामान्य नागरिक होस् वा उच्च पदाधिकारी। यसले शासनमा पूर्वानुमेयता र विश्वास बढाउँछ।

दोस्रो : प्रणालीगत भ्रष्टाचार नियन्त्रण : यो केवल व्यक्तिगत भ्रष्टाचार रोक्ने होइन, बरु भ्रष्टाचार जन्माउने प्रणाली नै सुधार गर्ने विषय हो। जस्तै : अपारदर्शी प्रक्रिया, कमजोर अनुगमन र अनावश्यक जटिलता हटाएर भ्रष्टाचारको अवसर घटाउनु।

तेस्रो : दीर्घकालीन संस्थागत क्षमता विकास : राज्यका संस्था (मन्त्रालय, निकाय, अदालत आदि)लाई दीर्घकालीन रूपमा सक्षम बनाउनु हो। यसका लागि दक्ष जनशक्ति, स्थायी नीति संरचना र व्यावसायिक प्रशासन आवश्यक हुन्छ, ताकि सरकार परिवर्तन भए पनि प्रणाली कमजोर नहोस्।

चौथो : डिजिटल शासनमार्फत पारदर्शिता : सेवा र निर्णय प्रक्रियालाई डिजिटल बनाउँदा भ्रष्टाचारको सम्भावना घट्छ। अनलाइन प्रणाली, इगभर्नेन्स, डिजिटल रेकर्ड र ट्र्याकिङले पारदर्शिता बढाउँछ र नागरिकले सहज रूपमा सेवा पाउँछन्।

पाँचौँ : आर्थिक नीतिमा अनुशासन : राज्यले खर्च, ऋण र लगानीमा सन्तुलन राख्नुपर्छ। अनियन्त्रित खर्च वा अव्यवस्थित बजेटले अर्थतन्त्र कमजोर बनाउँछ। दीर्घकालीन स्थायित्वका लागि आर्थिक नीति जिम्मेवार र योजनाबद्ध हुनुपर्छ।

छैटौँ : नीति निरन्तरता : सरकार परिवर्तन हुँदा पनि आधारभूत राष्ट्रिय नीति निरन्तर रहनुपर्छ। बारम्बार नीति परिवर्तनले विकास रोक्छ, लगानीकर्ताको विश्वास घटाउँछ र दीर्घकालीन परियोजना असफल हुन्छन्।

सातौँ : 'सुरक्षित नेपाल' कार्यक्रममार्फत समग्र सुरक्षा सुदृढीकरण : यो केवल सैन्य सुरक्षा होइन, समग्र सुरक्षा हो। यसमा सीमा सुरक्षा, साइबर सुरक्षा, आन्तरिक शान्ति, विपत् व्यवस्थापन र सामाजिक स्थायित्व सबै समेटिन्छ। यसले देशलाई आन्तरिक र बाह्य दुवै जोखिमबाट सुरक्षित बनाउँछ।

निष्कर्ष : नेपालको पछिल्ला दुई दशकको अनुभवले एउटा स्पष्ट निष्कर्ष दिन्छ- समस्या अब पहुँच वा नीतिको होइन, कार्यान्वयनको हो। आर्थिक वृद्धि, लोकतन्त्र, र कूटनीति सबै छन्, तर परिणाम कमजोर छन्। जोखिम तत्कालीन संकट होइन, क्रमशः हुने रणनीतिक कमजोर अवस्था हो। नेपाल सम्भावनाको मोडमा उभिएको छ। आन्तरिक सुधार अनुशासन र स्पष्टतासहित अघि बढाइयो र बाह्य नीति सन्तुलन, असंलग्नता र राष्ट्रिय हितद्वारा निर्देशित भयो भने नेपालले आफ्ना परम्परागत सीमा पार गर्न सक्छ। शक्तिसन्तुलनबिच मात्र चल्ने राज्यबाट आफ्नै आर्थिक र रणनीतिक भविष्य निर्माण गर्ने राज्यतर्फ रूपान्तरण सम्भव छ। अब बाटो स्पष्ट छ। शासन सुधारलाई प्राथमिकता दिनुपर्छ, संस्थालाई व्यक्तिभन्दा माथि राख्नुपर्छ र सार्वजनिक सेवा प्रभावकारी बनाउँदै विश्वास पुनर्निर्माण गर्नुपर्छ।

(नेपाली सेनाका अवकाशप्राप्त उपरथी बस्न्यात रणनीतिक मामिलाका विश्लेषक हुन्)

---

३ प्रश्न

अन्तर्राष्ट्रिय नार्कोनन अमेरिकाका दक्षिण एसियाप्रमुख **वसन्तराज कुँवर**लाई



पछिल्लो समय नेपाली युवामा लागुऔषध प्रयोगको अवस्था कस्तो छ ?

नेपाली युवामा लागुऔषध प्रयोगको अवस्था एकदमै भयावह छ। रक्सी, गाँजा या अन्य लागुऔषध उत्पादन कारखाना छन्, बेच्ने डिलर, सबडिलर सबै छन्। तर, त्यसको रोकथाम गर्ने अफिस कहीँ छैन। अनि दुर्व्यसन बढ्नु के अनौठो भयो र ? लागुऔषधको प्रयोग रोक्न पाँचवटा काम तत्काल गर्नुपर्छ। १. पहिले कहिल्यै लागुऔषध सेवन नगरेकालाई सेवन गर्न नदिने। २. सेवन गरेकालाई पहिचान गर्ने। ३. पहिचान गरिएकालाई रिह्याबलगायतमा राखेर उपचारको व्यवस्था गर्ने। ४. रिह्याबबाट फर्केकालाई समाजमा पुनर्स्थापना गर्ने। ५. कारबाही गर्ने।

लागुऔषध कारोबार र प्रयोग रोकथाममा प्रहरीको लागुऔषध नियन्त्रण ब्युरो कति सक्षम छ ?

प्रहरीमा त अपराध भइसकेपछि या लागुऔषधको कारोबार र सेवन भइसकेपछि मात्र आउने हो। त्यसैले, प्रहरीमा आइपुग्नुअघि नै रोकथामबारे सबै जागरुक हुनुपर्छ। लागुऔषधको कारोबार रोक्ने भनेको सेवन घटाउने हो। जब समाजमा लागुऔषधका दुर्व्यसनी घट्दै जान्छन्, तब यसको कारोबार पनि स्वतः घट्छ। विदेशतिर दुर्व्यसनीको उपचार राज्यले गरिदिन्छ। तर, हामीकहाँ राज्यले केही हेर्दैन। लागुऔषधको रोकथाममा बजेट पनि अत्यन्त न्यून छ र जनशक्ति पनि पर्याप्त छैन।

यसमा स्थानीय तहको भूमिका कस्तो छ ?

लागुऔषधको प्रयोग रोकथाम गर्ने मुख्य दायित्व नै स्थानीय सरकारको हो। देशभर ७५३ स्थानीय सरकारले आ-आफ्ना क्षेत्रमा कम्तीमा एउटा रिह्याब खोलेर उपचार र त्यसपछि समाजमा पुनर्स्थापनाको काम सुरु गर्ने हो भने यो समस्या स्वतः कम हुन्छ। संसारका ८० प्रतिशतभन्दा बढी अपराधको पछाडि ड्रग्स जोडिएको हुन्छ। त्यसैले, यसलाई नरोकी समाजलाई सुरक्षित बनाउन सकिन्न भन्ने चेत स्थानीय सरकारहरूमा पलाउनु जरुरी छ।

प्रेरक प्रसंग

सेवाप्रतिको समर्पण

एक साधु आफ्ना शिष्यहरूका साथमा कुम्भ मेलाको भ्रमणमा थिए। भ्रमणका क्रममा उनले एक बाबाले आँखा चिम्लेर माला जपिरहेको देखे। तर, ती बाबाले पटक-पटक आँखा खोलेर यात्रुले कति दान दिएछन् भनेर हेरिरहेका हुन्थे। यो सब देखेपछि साधु मुसुक्क मुस्कुराएर अघि बढे।

केही अगाडि पुगेपछि उनले वरिपरि चेलाहरूलाई राखेर एक पण्डितले भागवत पाठ गरिरहेको देखे। पण्डितको अनुहार यन्त्रवत् थियो। उनको शब्द र भावबिच कुनै संगति थिएन। पण्डितलाई देखेर साधु खितखिताउँदै हाँसे र अघि बढे। अलिकति अघि पुगेपछि उनले एक व्यक्तिलाई रोगीको सेवा गरिरहेको अवस्थामा देखे। ती व्यक्तिले रोगीको घाउ मनतातो पानीले धोएर सफा गरिरहेका थिए। उनले आफ्नो मिठो बोलीले ती रोगीलाई वेलावेलामा सान्त्वना पनि दिइरहेका थिए। यो दृश्य देख्दा साधुका आँखा रसाए। उनी चेलाहरूले नदेखून् भन्ने सोचेर यसो अर्कापट्टि फर्केर आँसु पुछेर अघि बढे।

केही समय कुम्भ मेलाका विविध दृश्यावलोकनपछि साधु र उनका शिष्य आश्रम फर्किए। आश्रम पुगेपछि उनका एक शिष्यले हात जोडेर प्रश्न गरे- गुरुदेव, मेलामा घुम्दै गर्दा माला जपेको र भागवत पाठ गरेको स्थानमा हजुर हाँस्नुभयो। पछि रोगीको सेवा गरिरहेको स्थानमा पुग्दा भने रुनुभयो। यसको कारण के हो ? हामी यसको रहस्य जान्न चाहन्छौँ।

शिष्यको जिज्ञासा सुनेपछि साधुले मन्द मुस्कानका साथ उत्तर दिए- मेला भ्रमणको क्रममा मैले जे देखेँ, तिमीहरूले पनि सायद त्यही देख्यौ होला। पहिलो दुई स्थानमा भगवान्का नाममा आडम्बरसिवाय केही थिएन। त्यसैले, उनीहरूको आडम्बर देखेर मलाई हाँसो उठ्यो। तर, जब मैले ती रोगीको सेवामा खटिएका व्यक्तिलाई देखेँ, तब उनको सेवाप्रतिको समर्पण देख्दा मेरा आँखा आँसुले डम्म भरिए। यथार्थमा धर्मको मर्म मानव सेवा नै हो। तेस्रो व्यक्ति यस तथ्यबाट पूर्णतः परिचित थिए। त्यसैले, उनी भगवान्का सच्चा भक्त हुन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लागुऔषधविरुद्ध सबै जुटौँ

'काठमाडौँका युवामा लागुऔषधको डरलाग्दो व्यापार' शीर्षकको समाचार पढ्दा चिन्ता लाग्यो। आजका युवा नजानीनजानी लागुऔषधको सिकार बनिरहेका छन्। उनीहरूलाई जोगाउन हाम्रा घरपरिवार, समाज, प्रहरी, तीन तहका सरकार सबै लागिपर्नुपर्छ। अन्यथा, तिनलाई लागुऔषधका व्यापारीले आफ्नो जालमा पारेर हाम्रा घरपरिवार, समाज र राष्ट्रलाई नै नर्कतुल्य बनाउन सक्छन्। त्यसैले, हामी सबै समयमै सचेत बनी आफ्नो घरपरिवारका युवालाई लागुऔषधको कुलतबाट टाढै राख्नु जरुरी छ। साथै, हाम्रो समाजका हरेक जिम्मेवार नागरिक, संघसंस्था आदि सबैले यस विषयमा सकारात्मक पहल गर्नु जरुरी छ। यसमा सबैभन्दा बढी भूमिका स्थानीय सरकारको हुनेमा शंका छैन।

● **गौरी यादव**, टेकु, काठमाडौँ

कांग्रेसमा किचलो किन ?

कांग्रेसमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने विषयले पार्टीमा किचलो बढिरहेको देखिन्छ। आफ्नो भूगोलमा गएर आफ्नो सदस्यता अद्यावधिक गर्न कांग्रेसका देउवा र कोइराला गुटका नेताहरूले किन अत्तो थापिरहेका हुन् ? के आफ्नो गाउँ फर्केर सदस्यता अद्यावधिक गर्दा तिनको इज्जत जान्छ हो ? अनि, आफ्नो सदस्यता 'डिजिटाइज्ड' गर्दा पार्टी र सम्बन्धित नेतालाई के हानि हुने रहेछ हँ ? नत्र यसरी किचलो किन बढाइँदै छ त ?

● **अपूर्व तामाङ**, डाँछी, काठमाडौँ

किन छैन त तथ्यांक ?

२१ स्थानीय तह रहेको र मुलुकभरमध्येका ३५ प्रतिशतभन्दा बढी दुर्व्यसनी बस्ने काठमाडौँ उपत्यकाभित्रका तीन जिल्लामा लागुऔषध प्रयोगकर्ता कति छन् ? उनीहरूको अवस्था कस्तो छ ? उनीहरूलाई के-कस्तो साथ र सहयोगको खाँचो छ ? कुन उमेरका दुर्व्यसनी बढी छन्। उनीहरूलाई दुर्व्यसनमा लाग्न केले आकर्षित गर्छ जस्ता विभिन्न पक्षको तथ्यांक भने यहाँका दुई ठुला महानगरहरूसित पनि रहेनछ। उनीहरूलाई चाहिन्न हो यस्तो तथ्यांक ?

● **सुजिता महर्जन**, नयाँबजार, काठमाडौँ

वरीयता मिचियो भनेको के हो ?

संवैधानिक परिषद्ले वरिष्ठताका आधारमा प्रधानन्यायाधीश नियुक्त गर्नुपर्नेमा रोलक्रम मिचेर चौथो नम्बरमा रहेका मनोजकुमार शर्मालाई नियुक्त गरेको भनेर सरकारको आलोचना गर्नु सरासर गलत हो। वरिष्ठताकै आधारमा गर्नुपर्ने हो भने त संवैधानिक परिषद्ले सिफारिस गर्ने प्रावधान नै किन राखिएको होला ? सिधै जो वरिष्ठ छ त्यसैलाई प्रधानन्यायाधीश नियुक्त गर्ने व्यवस्था राखिएको भए भइहाल्थ्यो नि ! ६ जना न्यायाधीश नै योग्य भएर त तिनको नाम सिफारिस भएको होला नि होइन र ? ६ जनामध्ये एकजना छान्ने संवैधानिक परिषद्को दायित्व हो भने उसले चौथो, पाचौँ वा दोस्रो या अर्को कसैलाई छान्न सक्छ। यसमा विरोध गर्नुको अर्थ के ?

संवैधानिक परिषद्लाई ६ मध्ये जो उत्कृष्ट लाग्यो उसैलाई छान्यो। यस्तो छनोटले न्यायालयलाई कमजोर होइन, बलियो नै बनाउनेछ। वरिष्ठलाई नै नियुक्त गर्नुपर्ने, केही पनि हेर्नु नपर्ने हो भने संवैधानिक परिषद्ले सिफारिस गर्नचाहिँ किन पर्‍यो ? जो वरिष्ठ छ, सिधै त्यसैलाई नियुक्त गरे भइहाल्यो नि ! वरिष्ठ मात्र भएर भएन, त्यसको काम पनि हेर्नुपर्‍यो। संवैधानिक परिषद्ले न्यायापालिकालाई अब्बल बनाउन लागेको पनि त हुन सक्छ। हेरौँ न एकपटक, सधैँ विरोध मात्र गरेर हुन्छ ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ

इरान युद्ध बन्न सक्छ पेट्रोडलरमाथि अर्को धक्का

हर्मुजमा चल्ने जहाजमाथि इरानले उठाउने शुल्क चिनियाँ युआनमा हुने तेहरानको भनाइ कार्यान्वयन भए विश्वशक्ति सन्तुलनमा ठुलो परिवर्तन आउनेछ



देश/विदेश

● क्रिस ओगदेन

(ओगदेन युनिभर्सिटी अफ ओकल्यान्डका ग्लोबल स्टडिजका सहप्रध्यापक हुन्)

'स्ट्रेट अफ हर्मुज'मा हप्तौँ लामो नाकाबन्दीपछि इरान र अमेरिकाका लागि यो साँघुरो जलमार्ग यस द्वन्द्वको परिणामका लागि निर्णायक भएको स्पष्ट बनेको छ। यसबिच गत साता अमेरिकाले खाडी क्षेत्रमा फसेका जहाजलाई सैन्य बल प्रयोग गरेर हर्मुजबाट निकाल्ने प्रयाससमेत गर्‍यो। यस सैन्य कदम त्यस्तो वेला भयो, जब फारसी खाडीमा ऊर्जा सुरक्षा गम्भीर परिवर्तनको सँघारमा आएको छ।

इरान र अमेरिकाले यस क्षेत्रबाट हुने तेल, ग्यास, हिलियम र मलको विश्वव्यापी प्रवाह नियन्त्रण गर्ने प्रयास गरिरहँदा अमेरिकाको सहयोगी देश युएई तेल उत्पादक देशको समूह 'ओपेक'बाट बाहिरिएको छ। उता इरानले युद्धबाट आफूले भोगेको क्षतिको भरपाईका रूपमा स्ट्रेट अफ हर्मुजमा आउजाउ गर्ने जहाजमाथि शुल्क लगाउने घोषणा गरेको छ। शुल्क कार्यान्वयन भयो इरानले प्रतिवर्ष ४० अर्बदेखि ५० अर्ब अमेरिकी डलरसम्म राजस्व संकलन गर्ने अनुमान छ। यस रकमले अमेरिकाले इरानमाथि लगाएको आर्थिक प्रतिबन्धको प्रभावलाई कम गर्नसमेत सघाउनेछ।

महत्त्वपूर्ण रूपमा, हर्मुजमा चल्ने जहाजमाथि इरानले उठाउने शुल्क चीनसँग सम्बन्ध बलियो बनाउने उपाय हुनेछ। किनभने शुल्क अमेरिकी डलरमा नभई चिनियाँ युआनमा हिसाब हुने तेहरानले बताएको छ। यसले क्षेत्रीय र विश्वव्यापी शक्तिसन्तुलनलाई उल्लेखनीय रूपमा परिवर्तन गर्नेछ।

५० वर्षको प्रभुत्व : इरानले स्ट्रेट अफ हर्मुजमा चल्ने जहाजमाथि लगाउने शुल्क कायम राख्न सक्यो भने यसले पेट्रोडलरको ऐतिहासिक प्रभुत्वलाई घटाएर मध्यपूर्वको राजनीतिलाई चीन र एसियातर्फ ढल्काउन सक्छ। मूलतः पेट्रोडलर प्रणालीले तेलको मूल्य र व्यापार अमेरिकी डलरमा निर्धारण गर्‍यो। यो शब्द सन् १९७० को दशकमा प्रचलनमा आयो, जब अमेरिकाले साउदी अरबलाई सैन्य सहायताको बदला तेलको मूल्य अमेरिकी डलरमा निर्धारण गर्न भन्यो। पछि यो व्यवस्था ओपेकमा फैलियो र विश्वव्यापी तेल व्यापारको बेन्चमार्क बन्यो। यसले अमेरिकी डलरलाई विश्वव्यापी रिजर्भ मुद्राका रूपमा बलियो बनायो र अन्ततः अमेरिकाको शक्तिलाई थप सबल बनाउन सघायो।

पेट्रोडलर व्यवस्थाले तेल उत्पादक राष्ट्रहरू विशाल पेट्रोडलर जम्मा गर्न सफल भए। तेल बेचेर आएको विशाल आय आफ्नो अर्थतन्त्रमा लगानी गर्न बढी भएकाले बचेको रकमलाई अमेरिकी धितोपत्र र स्टकमै लगानी गर्न थाले। बाँकी रकम अन्य देशको सार्वभौम सम्पत्ति कोषमा पनि लगानी गरियो। पेट्रोडलर ओपेक सदस्य मात्र नभई समूहबाहिरका तेल निर्यातकर्ता कतार र नर्वेका लागि राजस्वको प्राथमिक स्रोत बनेको छ। यस प्रणालीले तेल उत्पादक देशलाई वासिङ्टनसँग जोड्छ भने अमेरिकालाई विश्वव्यापी मामिलामा महत्त्वपूर्ण वित्तीय लाभ प्रदान गर्छ।

नयाँ विश्वव्यवस्थाको संकेत : युएई, बहराइन, कतार, कुवेत र साउदी अरबजस्ता प्रमुख तेल उत्पादक खाडी देशले इरानलाई तिर्ने शुल्क 'पेट्रोयुआन'मा तिर्दा पर्ने प्रभावबारे अर्थशास्त्री एन्टोनियो भारद्वाज भन्छन्, 'यसले पेट्रोडलर प्रणालीको प्रणालीगत क्षय र विश्वव्यापी ऊर्जा लेनदेनको एक विश्वसनीय, संस्थागत रूपमा जोडिएको वैकल्पिक ढाँचाका रूपमा पेट्रोयुआनको उदयलाई इंगित गर्छ।

अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक पाकिजाह परविन यसबारे टिप्पणी गर्दै भन्छन् : 'तेल बजार दुई भागमा विभाजित हुनेछ। एउटा, इरानी घोषणा अनुपालन गर्ने पक्षले युआनमा भुक्तानी गर्नेछन् भने अर्को युआनमा भुक्तानी गर्न नमान्ने पक्षले डलर-निर्धारित ब्यारेलमा उल्लेखनीय रूपमा उच्च लागत व्यहोर्नेछन्।' विशेषतः पाकिस्तान, दक्षिण कोरिया, जापान र फिलिपिन्सजस्ता प्रमुख अमेरिकी सहयोगीले बढी शुल्क तिनुपर्ने हुन सक्छ। यी देशले यसै पनि खाडी र मध्यपूर्वमा देखिएको उथलपुथलका कारण गम्भीर आर्थिक दबाबको सामना गरेका छन्। पेट्रो-युआनमा शुल्क तिर्दा उनीहरू चीनतर्फ नजिकिनुपर्ने हुन्छ। साथै, बेइजिङको भरपर्दो र स्थिर आर्थिक शक्तिको भाष्यले बल पाउँछ।

हर्मुजमा इरानले उठाउने शुल्कले विश्व अर्थतन्त्रकै 'डी-डलरीकरण' (डलर प्रयोगको अन्त्य) निम्त्याउने तर्क गर्नु चाँडै हुन्छ। तथापि, यो अमेरिकी डलरको महत्त्व कम हुने दिशामा एक कदम हुन सक्छ। समग्रमा अमेरिकी डलरबाट टाढिन कुनै पनि देशले उठाउने हरेक कदम आर्थिक र राजनीतिक रूपमा अमेरिकामाथिको निर्भरता घटाउने कदम हो। यसले युआनलाई अन्तर्राष्ट्रियकरण गर्ने चीनको प्रयासलाई पनि मद्दत गर्नेछ।

सन् १९९६ पछि पहिलोपटक, विश्वभरका केन्द्रीय बैंकले आफ्नो भण्डारणमा अमेरिकी ऋण धितोपत्रभन्दा सुन बढी राखेका छन्। समग्रमा, युआनमा मूल्यांकन गरिएको इरानी कर उदीयमान बहुध्रुवीय संसारको अर्को संकेत हुनेछ, जहाँ अमेरिकी प्रभुत्व अब नरहन सक्छ। यसको अर्थ ठुला र साना सबै देशहरूका लागि थप रणनीतिक लचिलोपन हुनेछ, तर थप अनिश्चितता पनि हुनेछ।

द कन्भरसेसनबाट

विजय थलापति बने तमिलनाडुको मुख्यमन्त्री

तामिलनाडु/ फिल्म स्टारबाट राजनीतिज्ञ बनेका सी जोसेफ विजय थलापतिले भारतीय राज्य तमिलनाडुको नयाँ मुख्यमन्त्रीको रूपमा शपथ लिएका छन् । आइतबार एक समारोहबिच राज्यको राजधानी चेन्नईको जवाहरलाल नेहरू रंगशालामा उनले शपथ लिएका हुन् । शपथसँगै राज्यमा राजनीतिक अनिश्चितता समाप्त भएको छ । ५१ वर्षीय विजयको नवगठित पार्टी तमिलगा वेत्री कभ्रुगम (टिभिके)ले गत साताको मतगणनामा १०८ सिट जितेको थियो । परिणामस्वरूप २३४ सदस्यीय विधान सभामा उनी बहुमतबाट १० सिट टाढा थिए ।

सरकार गठनका लागि सामान्य बहुमत जुटाउन ११८ सिट आवश्यक पर्छ । विजयलाई पाँच सिट रहेको कंग्रेससहित अन्य चार साना दलहरूको समर्थन रहेको छ । सिपिआई, सिपिआई-एम, भिसिके र आइयुएमएलले पनि समर्थन जनाएका हुन् । यी पार्टीको दुई-दुई गरी कुल आठ सिट रहेको छ । टिभिकेलाई अब विधान सभामा १२० सांसदको समर्थन छ ।कडा सुरक्षाबिच शपथ समारोह आयोजना



गरिएको थियो । समारोहमा कंग्रेस वरिष्ठ नेता राहुल गान्धीसहित विभिन्न दलका विशिष्ट नेताहरूको उपस्थिति थियो । समारोहमा फिल्मी क्षेत्रका दिग्गज व्यक्तित्व र उद्योगपतिहरूको पनि उपस्थिति थियो । यसैबिच, मुख्यमन्त्री बनेलगत्तै विजयले तीनवटा आदेशमा हस्ताक्षर गरेका छन् । ती आदेशमा प्रत्येक घरलाई २०० युनिटसम्म निःशुल्क बिजुली उपलब्ध गराउने, दुर्व्यसनीविरुद्ध कारबाही र महिलाको सुरक्षाका लागि विशेष टास्क फोर्स गठन रहेका छन् । यसैबिच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विजयलाई सफल कार्यकालको शुभकामना दिएका छन् ।

'थलापति' विजय (कमान्डर विजय) को नामले परिचित अभिनेताले ६९ चलचित्रमा अभिनय गरिसकेका छन् र उनी भारतका सबैभन्दा धेरै पारिश्रमिक लिने स्टारमध्ये एक हुन् । राजनीतिमा उनको सानदार उदयलाई एमजी रामचन्द्रनसँग तुलना गरिएको छ, जसले १९७७ मा आफ्नै पार्टी बनाए र मुख्यमन्त्री बने । तमिलनाडुका युवा र महिलामाझ विजयको अत्यधिक लोकप्रियता छ र उनको जितले प्रशंसक र समर्थकलाई खुसी बनाएको छ । उनको पार्टीका नेताहरू र उनीहरूका सहयोगीले विजयलाई सरकार गठनका लागि राज्यपालले आमन्त्रित गर्न अस्वीकार गरेकोमा आलोचना गरेका थिए ।

सिरियामा सात लाख विस्थापित

दमास्कस/ सिरियामा नोभेम्बरदेखि हालसम्म सात लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्र संघको मानवीय सहायतासम्बन्धी समन्वय कार्यालयले मानवीय संकट गहिरिइरहेका वेला विस्थापितको संख्या बढेको जानकारी दिएको हो । त्यस्तै, हालसम्म १० लाखभन्दा बढी नागरिक आफ्ना घरमा पुनः फर्किएका सो निकायले जनाएको छ ।

संयुक्त राष्ट्र संघको मानवीय सहायतासम्बन्धी समन्वय कार्यालयका अनुसार विस्फोटक पदार्थ तथा अन्य खतरनाक उपकरणको जोखिमबिच मानिसहरू देशभरि आवतजावत गरिरहेका छन्, जसका कारण हालसम्म पनि सिरियामा नागरिक गम्भीर रूपले घाइते र मृत भइरहेका छन् । सन् २०२५ को डिसेम्बर १२ देखि अहिलेसम्म दर्जनौँको ज्यान गएको छ र सयौँ घाइते भएका छन् । तीमध्ये एकतिहाइ बालबालिका छन् ।

राष्ट्रसंघले आफ्नो साझेदार संस्थाहरूको सहयोगमा विस्थापितका लागि अस्थायी आवास, जीविकोपार्जनका



अवसर सिर्जना, खानेपानी आपूर्ति सुधार, खाद्यान्न तथा पोषण सहयोगजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ । यद्यपि, आर्थिक अभावका कारण यी कार्य सञ्चालन गर्न कठिनाइ भइरहेको जनाइएको छ । हाल सिरियामा मानवीय संकटबाट प्रभावित करिब ८१ लाख मानिसलाई सहायता पुऱ्याउने लक्ष्यसहित राष्ट्र संघले दुई अर्ब डलरबराबरको सहयोगको अपिल गरेको छ, तर हालसम्म मुस्किलले १० प्रतिशत जुट्न सकेको छ ।

इतिहासमा आज

मे ११



सन् १९८५ : रंगशालामा आगलागी हुँदा ५६ फुटबल समर्थकको जलेर मृत्यु । लिंकन सिटीविरुद्ध खेल चलिरहेको समयमा इंग्लैन्डस्थित भ्याली परेड फुटबल मैदानका काठका संरचनामा आगो लागेको थियो । आगो लाग्दा बाहिर निस्किने ढोका बन्द थिए । आगलागी फोहोरदानीमा फालिएको चुरोटको ठुटाबाट सुरु भएको थियो ।

सन् ८६८ : चीनमा अहिलेसम्मकै पुरानो मुद्रित पुस्तक फेला पऱ्यो । 'डायमन्ड सूत्र (हिरक सूत्र)' नामक पुस्तक महायान बुद्धिजमको महत्त्वपूर्ण पुस्तकमध्ये एक हो । हिरक सूत्रको यो प्रति अहिले बेलायतस्थित 'द ब्रिटिस लाइब्रेरी'मा छ ।

सन् १९९५ : आणविक हतियारको प्रसार रोक्न १७० भन्दा धेरै मुलुक निसर्त र अनिश्चितकालसम्मका लागि आणविक अप्रसार सन्धि विस्तार गर्न सहमत भए ।

सन् १९९८ : भारतद्वारा आणविक हतियारको शृंखलाबद्ध परीक्षण । भारतले शृंखलाबद्ध रूपमा आणविक हतियारको परीक्षण गरेपछि यो क्षेत्रमा आणविक द्वन्द्वको त्रास बढ्नुका साथै अन्तर्राष्ट्रिय रूपमै विरोध भयो । परीक्षणको दुई दिनपछि भारतले आधिकारिक रूपमा आफूलाई आणविक शक्तिसम्पन्न मुलुक घोषणा गऱ्यो ।

किशोरी बलात्कारको आरोपमा भिक्षु पक्राउ

कोलम्बो/ श्रीलंकाका एक सर्वोच्च पदका बौद्ध भिक्षुलाई १५ वर्षीया किशोरीको बलात्कार र यौन दुर्व्यवहारको आरोपमा पक्राउ गरी पुर्पक्षका लागि जेल चलान गरिएको छ । देशको बाल संरक्षण प्राधिकरणले पहिले नै मुद्दामा संदिग्धको रूपमा नाम राखिए पनि उनलाई पक्राउ नगरेकोमा प्रहरीको आलोचना गरिएको थियो । आरोपित पल्लेगामा हेमरथनाले आरोपमा सार्वजनिक रूपमा टिप्पणी गरेका छैनन् । उनी मे १२ मा अदालतमा उपस्थित हुनेछन् ।



पीडितकी आमालाई पनि दुर्व्यवहारमा सहयोग गरेको र उक्साएको आरोपपछि पक्राउ गरी हिरासतमा राखिएको थियो । हेमरथनालाई शनिबार पक्राउ गर्दा कोलम्बोको एक निजी अस्पतालमा उपचार भइरहेको थियो । मजिस्ट्रेटले उनलाई कोलम्बो जेल अस्पतालमा स्थानान्तरण गर्नुपर्ने निर्णय गरे । उनले पलेगामा हेमरथनाले देश छोडेर भाग्ने प्रयास नगरेको सुनिश्चित गर्न अध्यागमन अधिकारीहरूलाई आदेशसमेत जारी गरेका छन् ।

श्रीलंका राजनीतिक रूपमा शक्तिशाली छ र समाजले पनि सम्मान गर्ने बौद्ध भिक्षु पक्राउ पार्नु असामान्य मानिन्छ । अझ हेमरथनाजस्ता उच्चपदस्थ व्यक्तित्व पक्राउले त त्यहाँको भिक्षु समुदाय र समाजमा ठुलो हलचल ल्याएको छ ।

क्रुज जहाजमा शंकास्पद भाइरस फैलिँदा तीनजनाको मृत्यु

न्युयोर्क/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले एट्लान्टिक महासागरमा रहेको क्रुज जहाजमा शंकास्पद हान्टाभाइरसको प्रकोपपछि तीनजनाको मृत्यु भएको बिबिसीले जनाएको छ । अर्जेन्टिनाबाट केप भर्डे जाँदै गरेको एमभी होन्डियस जहाजमा सवार एकजनामा भाइरस पुष्टि भएको र पाँचजना शंकास्पद केस रहेको रिपोर्ट गरिएको छ । ६९ वर्षीय एक बेलायती नागरिक दक्षिण अफ्रिकाको जोहानेसबर्गस्थित एक अस्पतालको सघन उपचार कक्षमा छन् । उनलाई भाइरस भएको बिबिसीले उल्लेख गरेको छ । बेलायतको विदेश मन्त्रालयले बेलायती नागरिकलाई सहयोग गर्न तयार रहेको बताएको छ । हान्टाभाइरस सामान्यतया मुसाबाट मानिसमा उनीहरूको दिसा, ऱ्याल वा पिसाबमार्फत सर्छ । यसले गम्भीर श्वासप्रश्वास रोग निम्त्याउन सक्छ । यो भाइरस बिरलै मानिसमा सर्ने विश्वास गरिन्छ ।

एमभी होन्डियस टुर कम्पनी ओसनवाइड एक्सपिडिसनद्वारा सञ्चालित छ । यसको वेबसाइटमा रहेको यात्रा कार्यक्रमअनुसार, एमभी होन्डियस २० मार्चमा दक्षिणी अर्जेन्टिनाको उसुआइयाबाट प्रस्थान गरेको थियो र मे ४ मा केप भर्डेमा आफ्नो यात्रा पूरा गरेको थियो, यो राजधानी प्रेया बाहिर रोकिएको छ । यसलाई १०७.६ मिटर (३५३ फिट) अग्लो ध्रुवीय क्रुज जहाजको रूपमा वर्णन गरिएको छ, जसमा ८० क्याबिनमा १७० यात्रु ५७ चालक दलका सदस्य, १३ गाइड र एक चिकित्सकका लागि ठाउँ छ ।

दक्षिण अफ्रिकाको स्वास्थ्य मन्त्रालयका प्रवक्ता फोस्टर मोहालेले बिबिसीलाई बताएअनुसार जहाजमा विभिन्न देशका लगभग १५० पर्यटक थिए । मृत्यु भएका तीनजनामध्ये ७० वर्षीय पुरुष र ६९ वर्षीया महिला डच जोडी थिए । स्वास्थ्य अधिकारीले तेस्रा व्यक्ति अचानक बिरामी परेको र उनलाई ज्वरो, टाउको दुख्ने, पेट दुख्ने र पखाला लाग्ने समस्या देखिएको थियो । दक्षिण एट्लान्टिकमा रहेको बेलायती क्षेत्र सेन्ट हेलेना टापुमा आइपुग्दा उनको मृत्यु भयो । । गत वर्ष ओस्कर विजेता अभिनेता जिन ह्याकम्यानकी श्रीमतीको मार्च २०२५ मा हान्टाभाइरससँग सम्बन्धित श्वासप्रश्वास रोगबाट मृत्यु भएपछि उक्त भाइरस हेडलाइनमा थियो ।

नबिल बैंक लिमिटेड, झलरी शाखा, कञ्चनपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०१/२८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०६/०५ को आर्थिक दैनिक पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सो ही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **झलरी शाखा, कञ्चनपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

	तपसिल
१	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**
	प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग विभाग, घरेलु तथा साना उधोग कार्यालय भीमदत्तनगर कञ्चनपुरमा, मिति २०७५/०७/२७ मा प्रा.फ.र.नं १८९/४६९१/०७५/०७६ अन्तर्गत दर्ता भएको **बिर बेताल पोल्टी फर्म** । ठेगानाः कञ्चनपुर जिल्ला बेदकोट नगरपालिका वडा नं १, रडाह, कञ्चनपुर । **ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः** धौल सिंह ऐरको नाति मोहन सिंह ऐरको छोरा कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं. ६५३/१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०४३/११/०८ भएको **सुरत बहादुर ऐर** ।
	व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	१. पदम ब. ऐरकी छोरी, मोहन सिंह ऐरकी बुहारी, सुरत ब. ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं. १६४६ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०४६/२/८ भएकी **मिना देवी ऐर** । २ मोहन सिंह ऐरको नाति सुरत बहादुर ऐरको छोरा, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने नागरिकता नं. २२९८०५४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०६१/२/११ भएको **गणेश बहादुर ऐर** । ३. गगन सिंह ऐरकी छोरी, सुरत बहादुर ऐरकी बुहारी, गणेश बहादुर ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ६ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं. ७५३०१४ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०६६/११/४ भएकी **गंगा कुमारी ऐर** ।
२	**ऋणीको नाम र ठेगानाको विवरण**
	पदम ब. ऐरकी छोरी, मोहन सिंह ऐरकी बुहारी, सुरत ब. ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं. १६४६ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०४६/२/८ भएकी **मिना देवी ऐर** ।
	व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	१ धौल सिंह ऐरको नाति मोहन सिंह ऐरको छोरा कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं.६५२/१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०४३/११/०८ भएको **सुरत बहादुर ऐर** । २ मोहन सिंह ऐरको नाति सुरत बहादुर ऐरको छोरा, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने नागरिकता नं. २२९८०५४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०६१/२/११ भएको **गणेश बहादुर ऐर** । ३. गगन सिंह ऐरकी छोरी, सुरत बहादुर ऐरकी बुहारी, गणेश बहादुर ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ६ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, नागरिकता नं. ७५३०१४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०६३/११/४ भएकी **गंगा कुमारी ऐर** ।
	संयुक्त धितोको विवरण
	धितोमा रहेको घर/जग्गाको विवरणः कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा वडा नं १ बस्ने, **मिना देवी ऐर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कञ्चनपुर जिल्ला दैजी गा.वि.स वडा नं ८ सिट नं ०२०१५०६ मा अवस्थित कि.नं. ६९८ क्षेत्रफल १०८० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा झलारी शाखा, कञ्चनपुर** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०२/११ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा झलारी शाखा, कञ्चनपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०२/१२ गते ३:०० बजे बैंकको **झलारी शाखा, कञ्चनपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय/शाखा कार्यालये केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा झलारी शाखा, कञ्चनपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

Sahas Urja Ltd.
SAHAS URJA
Kathmandu-01, Hattisar

Unaudited Statement of Financial Position
As on 30th Chaitra, 2082 (i.e. 13th April, 2026) 3rd Quarter FY 2082/83

Amount In NRs.

Particulars	FY 2082/83 3rd Quarter Ending	FY 2082/83 2nd Quarter Ending	FY 2081/82 3rd Quarter Ending
Assets			
Non-Current Assets			
Property, Plant and Equipments	296,751,593	296,671,053	285,796,775
Less: Accumulated Depreciation	(125,651,460)	(121,847,327)	(110,239,629)
Total Property, Plant and Equipments	**171,100,133**	**174,823,726**	**175,557,146**
Computer Software	317,020	317,020	317,020
Less: Accumulated Amortization	(307,588)	(304,513)	(294,520)
Project Cost	16,907,810,480	16,874,657,568	16,814,101,108
Less: Accumulated Amortization	(1,893,081,646)	(1,742,614,517)	(1,281,967,631)
Total Intangible Assets	**15,014,738,266**	**15,132,055,558**	**15,532,155,977**
Project Development Cost (BGHEP)	107,582,651	84,784,296	42,060,957
Prepayments	7,100,694	6,844,276	6,438,650
Right of Use Assets	12,692,187	13,538,332	16,076,770
Investment in Subsidiary	2,161,820,400	2,161,720,400	931,590,913
Total Non Current Assets	**17,475,034,330**	**17,573,766,588**	**16,703,880,413**
Current Assets			
Other Current Assets	685,257,339	761,152,332	717,069,822
Cash And Cash Equivalents	350,276,592	508,675,466	309,580,820
Financial Assets held at fair value through Profit or Loss	26,260,000	100,000	7,320,400
Total Current Assets	**1,061,793,931**	**1,269,927,798**	**1,033,971,042**
Total Assets	**18,536,828,261**	**18,843,694,386**	**17,737,851,455**
Equity & Liabilities			
Shareholder's Fund			
Share Capital	4,573,800,000	4,573,800,000	3,780,000,000
Reserve and Accumulated Profit/(Loss)	3,504,683,081	3,229,245,569	3,101,183,848
Total Shareholder's Fund	**8,078,483,081**	**7,803,045,569**	**6,881,183,848**
Revaluation Surplus	**5,396,290**	**5,396,290**	**5,396,290**
Non Current Liabilities			
Medium & Long Term Loan	8,453,926,906	8,693,071,087	8,681,414,895
Total Non Current Liabilities	**8,453,926,906**	**8,693,071,087**	**8,681,414,895**
Current Liabilities			
Accounts Payables	29,876,074	72,875,993	39,096,757
Provisions	41,762,887	33,576,152	26,115,665
Withholding & Retentions	54,343,797	53,914,948	51,631,674
Bridge Gap Loan	1,873,039,226	2,181,814,347	2,053,012,326
Total Current Liabilities	**1,999,021,984**	**2,342,181,440**	**2,169,856,422**
Total Equity & Liabilities	**18,536,828,261**	**18,843,694,386**	**17,737,851,455**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan 2082 to 30th Chaitra, 2082 (i.e. 17th July, 2025 to 13th April, 2026)

Particulars	FY 2082/83 3rd Quarter Ending	FY 2082/83 2nd Quarter Ending	FY 2081/82 3rd Quarter Ending
Revenue from Sale of Electricity	**2,333,888,933**	**1,704,918,319**	**2,143,520,425**
Less: Direct Expenses	(149,421,689)	(107,726,961)	(136,073,361)
Less: Amortisation of Project Cost	(456,164,968)	(305,697,839)	(455,056,043)
Gross Profit	**1,728,302,276**	**1,291,493,519**	**1,552,391,021**
Add: Other Income	-	-	3,330,574
Total Income	**1,728,302,276**	**1,291,493,519**	**1,555,721,595**
Less: Administrative Expenses	(49,482,252)	(38,142,403)	(57,501,588)
Less: Depreciation	(11,588,940)	(7,781,731)	(11,022,462)
Operating Profit/(Loss)	**1,667,231,084**	**1,245,569,385**	**1,487,197,545**
Finance income	2,312,776	1,612,684	-
Finance costs	(450,246,600)	(314,369,326)	(629,819,539)
Net Finance Cost	(447,933,824)	(312,756,642)	(629,819,539)
Profit Before Tax and Staff Bonus	**1,219,297,260**	**932,812,743**	**857,378,006**
Staff Bonus	(24,385,945)	(18,656,255)	(17,147,560)
Provision for Corporate Social Responsibility	(12,192,973)	(9,328,127)	(6,042,959)
Profit Before Tax	**1,182,718,342**	**904,828,360**	**834,187,487**
Deferred Tax - Surplus (Expenses)	-	-	-
Income Tax Expenses	-	-	-
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**1,182,718,342**	**904,828,360**	**834,187,487**

Notes:
1. The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The Investment in Times Energy Pvt. Ltd. previously accounted for as Investment in Associates is now accounted for as Investment in Subsidiary.
3. The Financial Statements were authorised to be published by the Audit Committee Meeting held on 2083.01.27.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित
आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**
(क) **त्रैमासिक अवधिको वासलात नाफा नोक्सान विवरण** :
यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधिसम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।
(ख) **प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू** :

प्रति शेयर आम्दानी (वार्षिकिकरण गरिएको)	३४.४८	पी.इ. रेसियो (वार्षिकिकरण गरिएको)	१८.०८
प्रति शेयर नेटवर्थ	१७६.७४	तरलता अनुपात	०.५३
प्रति शेयर कुल सम्पतिको मुल्य	४०५.२८		

२) **व्यवस्थापकिय विश्लेषण** :
(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण**
समिक्षा अवधीमा परियोजनाबाट निरन्तर विद्युत उत्पादन भईरहेको छ । विद्युत उत्पादन नदी प्रवाहमा आधारित भएकोले नदी प्रवाहमा आएको कमी संगै क्रमिक रुपमा विद्युत उत्पादनमा पनि कमी आएको छ । परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको PPA बमोजिम खरिद बिक्री भई भुक्तानी प्राप्त भईरहेको छ ।
(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**
कम्पनीको उद्देश्य बमोजिम कम्पनीको सहायक कम्पनी टाइम्स ईनर्जी प्रा. लि. द्वारा प्रवद्धित नयाँ परियोजना बुढीगण्डकी जलविद्युत आयोजना ३४१ मे.वा. (PROR Type) को विकासको लागि विविध प्रारम्भिक कार्यहरू अगाडी बढाइएको तथा डिजाइनको काम अन्तिम चरणमा रहेको छ । साथै परियोजना स्थलमा कर्मचारीहरू परिचालन गरीएको तथा आवासगृह निर्माणको कार्य भइरहेको छ ।

३) **कानुनी कारवाही सम्बन्धी विवरणः**
(क) समिक्षा अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर नभएको ।
(ख) कम्पनीको संस्थापक वा संचालकले वा कम्पनीको संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी कसुर गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कम्पनीको जानकारीमा नभएको ।
(ग) कम्पनी विरुद्ध कुनै आर्थिक अभियोग सम्वन्धमा कुनै मुद्दा नभएको तथा कम्पनीको संचालक विरुद्ध कुनै आर्थिक अभियोग दायर भएको कम्पनीलाई जानकारी नभएको ।

(४) **संगठित संस्थाको शेयर कारोबार सम्वन्धी विश्लेषणः**
क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः
कम्पनीको मिति २०८२।०८।२४ मा सम्पन्न आर्थिक वर्ष २०८१/०८२ को वार्षिक साधारण सभाले शेयरधनीहरूलाई २१% का दरले वोनस शेयर वितरण गर्ने निर्णय बमोजिम मिति २०८२।१०।२६ गते नेप्सेमा सुचिकरण भएको छ । उक्त वार्षिक साधारण सभाले पारित गरेको बोनस शेयर पश्चात कायम हुने चुक्ता पुँजीको १:१ हकप्रद शेयर जारी गर्ने प्रस्ताव विद्युत नियमन आयोगबाट मिति २०८२।१२।१७ मा पूर्व स्वीकृती प्राप्त भएको तथा नेपाल धितोपत्र बोर्डमा स्वीकृतीको प्रकृयामा रहेको छ । शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस कम्पनीको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ रहेको छ । साथै प्रचलित कानुन बमोजिम सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सुचना तथा जानकारी समयमा उपलब्ध गराएको छ ।
ख) त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विश्लेषणः
यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार ।

शेयरको अधिकतम मुल्य रु	६५०.००	कुल कारोबार संख्या	४२३९८
शेयरको न्युनतम मुल्य रु	६२३.५	कारोबार भएको कुल दिन	५३
शेयरको अन्तिम मुल्य रु	६२३.५		

५) **समस्या तथा चुनौति** :
कम्पनीको संचालनमा रहेको सोलुखोला (दुधकोशी) ८६ मे.वा. जलविद्युत परियोजना नदी प्रवाहमा आधारित भएको हुदाँ मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउने उतार चढावबाट श्रृजना हुन सक्ने समस्याहरू विद्यमान रहेको छ । निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू, मौसमको प्रतिकुलतामा उत्पन्न हुन सक्ने समस्या तथा विद्युत उत्पादनको क्रममा आउने संभावित अन्य समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिक रुपमा कम्पनी तयार रहेको छ ।

६) **संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म संचालक व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु । मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २८ वैशाख ०८३

संक्षेप

वैदेशिक रोजगारीको सूचना 'श्रम संसार'मा पनि राख्नुपर्ने



काठमाडौं/ वैदेशिक रोजगारीमा कामदार पठाउन इजाजतप्राप्त संस्थाले विदेशस्थित रोजगारदाता कम्पनीबाट आएको कामको माग परिमाणबारे सूचना श्रम संसार वेबसाइट र एप्समा पनि राख्नुपर्ने भएको छ। वैदेशिक रोजगार विभागले एक सूचना प्रकाशित गर्दै यस्तो व्यवस्था गरेको हो।

वैदेशिक रोजगारीमा मानिस पठाउनुपूर्व स्वीकृत प्राप्त भएपछि वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १४ बमोजिमको विवरण खुल्ने गरी कामदार छनौट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार अहिले दैनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन हुने गरेको छ।

सुनको भाउमा गिरावट

काठमाडौं/ आइतबार सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव आएको छ। सुन तोलामा एक हजारले घटेको छ भने चाँदीको मूल्य प्रतितोला २५ रुपैयाँले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाल सुनको मूल्य प्रतितोला दुई लाख ९८ हजार नौ सय र चाँदीको मूल्य पाँच हजार तीन सय कायम भएको छ। गत शुक्रबार एक तोला छापावाल सुन दुई लाख ९९ हजार नौ सय र चाँदी पाँच हजार दुई सय ७५ मा खरिद-बिक्री भएको थियो। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार आइतबार अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन चार हजार सात सय १५ र त्यति नै परिमाणको चाँदी ८० अमेरिकी डलरमा कारोबार भएको छ।

जेसिबीका निर्माण उपकरण ग्राहकलाई हस्तान्तरण



काठमाडौं/ जेसिबी नेपालले पोखरामा एक कार्यक्रमबिच १२ वटा निर्माण उपकरण (जेसिबी) ग्राहकलाई हस्तान्तरण गरेको छ। नेपालका लागि जेसिबीको आधिकारिक वितरक एमएडब्ल्यू अर्थमुभर्स प्रालिले नेपालको पश्चिमी क्षेत्रमा आफ्नो बजार उपस्थिति थप सुदृढ बनाउने उद्देश्यसहित उपकरण हस्तान्तरण गरिएको जनाएको छ। हस्तान्तरण गरिएका मेसिनहरूमा जेसिबीका फ्ल्यागसिप थ्रिडी एक्सब्याकहो लोडर तथा जेसिबी दुई सय २१ एक्स्काभेट छन्। यी उपकरण टिकाउपन, उच्च रिसेल भ्यालु तथा प्रभावकारी सञ्चालन क्षमताका कारण नेपाली बजारमा लोकप्रिय मानिने बताइएको छ।

जेसिबी नेपालले देशभर ३२ भन्दा बढी बिक्री तथा सेवा केन्द्र र दुई सयभन्दा बढी दक्ष सपोर्ट इन्जिनियरमार्फत बिक्रीपछि सेवा प्रदान गर्दै आएको जनाएको छ। निर्माण उपकरण क्षेत्रमा प्रतिस्पर्धा बढिरहेको र ग्राहकको अपेक्षा निरन्तर परिवर्तन भइरहेको अवस्था यो उपलब्धिले बजारमा प्रमाणित कार्यसम्पादन र दीर्घकालीन मूल्यप्रति झुकाव स्पष्ट देखाएको कम्पनीले बताएको छ।

सरकार बजेट निर्माणमा केन्द्रित

आगामी बजेटबारे छलफल र सुझाव संकलन गर्दै प्रधानमन्त्री कार्यालय, अर्थमन्त्री डा. वाग्ले मन्त्रालयगत छलफल र स्रोत व्यवस्थापनमा सक्रिय

बजेट निर्माणमा प्रधानमन्त्रीले समन्वयकारी भूमिका खेल्नुपर्छ

● **गोपीनाथ मैनाली**, पूर्वसचिव



बजेट तर्जुमामा स्रोत र खर्चको सीमा निर्धारण गर्ने अधिकार योजना आयोगलाई छ। यो प्रधानमन्त्री कार्यालयमातहतकै निकाय हो। बजेटको प्राविधिक विषय बढी अर्थ मन्त्रालयसँग सम्बन्धित हुन्छ। प्रधानमन्त्रीले छुट्टै बजेटका लागि भूमिका खेल्ने भन्ने हुँदैन, संसद्मा अर्थमन्त्रीले पेस गर्नुअघि मन्त्रिपरिषद्ले त्यसलाई पारित गर्न वेलामा पनि प्रधानमन्त्रीको भूमिका रहन्छ। प्रधानमन्त्रीको भूमिका त सधैं समन्वयकारी नै हुनुपर्छ। यद्यपि, कानुनबमोजिम प्राप्त अधिकारअनुसार सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।'

पवन तिमिल्सिना/नयाँ पत्रिका

आगामी बजेट निर्माणमा सरकारले सक्रियता बढाएको छ। प्रधानमन्त्री बालेन्द्र साहले प्रदेशका मुख्यमन्त्री, योजना आयोगका पदाधिकारी र अन्य विज्ञसँग छलफल गर्नेदेखि सर्वसाधारणबाट सुझाव लिने काम थालेका छन् भने अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मन्त्रालयगत छलफल र स्रोत व्यवस्थापनमा जुटेमा छन्।

आगामी बजेटलाई जनमुखी र विकासमैत्री बनाउन प्रधानमन्त्री शाहको विशेष सक्रियता छ। अर्थ-प्रशासनविज्ञसमेत रहेका पूर्वसचिव गोपीनाथ मैनालीले कानुनले सबै निकायलाई आ-आफ्नै क्षेत्राधिकारमा बसेर बजेट तर्जुमाको अधिकार दिएको बताए। 'बजेट तर्जुमामा स्रोत र खर्चको सीमा निर्धारण गर्ने अधिकार योजना आयोगलाई छ। यो प्रधानमन्त्री कार्यालयमातहतकै निकाय हो। बजेटको प्राविधिक विषय बढी अर्थ मन्त्रालयसँग सम्बन्धित हुन्छ। प्रधानमन्त्रीले छुट्टै बजेटका लागि भूमिका खेल्ने भन्ने हुँदैन,' उनले भने, 'संसद्मा अर्थमन्त्रीले पेस गर्नुअघि मन्त्रिपरिषद्ले त्यसलाई पारित गर्न वेलामा पनि प्रधानमन्त्रीको भूमिका रहन्छ। प्रधानमन्त्रीको भूमिका त सधैं समन्वयकारी नै हुनुपर्छ। यद्यपि, कानुनबमोजिम प्राप्त अधिकारअनुसार सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।'

चुनावअघि सार्वजनिक गरेको वाचापत्रअनुसार काम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको छ। उक्त पोर्टलमा आइतबार राति नौ बजेसम्म सात हजार नौ सय २२ वटा सुझाव संकलन भइसकेका छन्। सबैभन्दा धेरै शिक्षा, स्वास्थ्य र विज्ञान क्षेत्रमा सर्वसाधारणले सुझाव दिएका छन्। त्यसपछि अर्थ, उद्योग वाणिज्य र पूर्वाधार क्षेत्रमा धेरै सुझाव टिपाएका छन्।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले सरकारको नीति-निर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको जानकारी दिइन्। प्रधानमन्त्री शाहले गत ३ वैशाखमा प्रदेशका मुख्यमन्त्रीहरूसँग आगामी बजेटको सम्बन्धमा छलफल गरेका थिए। सो बैठकमा कोशी र सुदूरपश्चिमबाहेक पाँच प्रदेशका मुख्यमन्त्रीको उपस्थिति रहेको थियो।

अर्थमन्त्री डा. वाग्लेले भने बजेट निर्माण मस्यौदा समिति बनाएर बजेट लेखनलाई तीव्रता दिएका छन्। उनले दुई दिनमा मन्त्रालयगत छलफलसमेत टुंग्याएका छन्। अहिले उनी निजी क्षेत्रसहितका सरोकारवालाबाट लिखित सुझाव लिइरहेका छन्। 'अति आवश्यक'बाहेकलाई अर्थ मन्त्रालयमा प्रवेश निषेधसमेत गरिएको छ।

समन्वयकारी भूमिकामा प्रधानमन्त्री

प्रधानमन्त्री शाहले गत ८ वैशाखमा अर्थ मन्त्रालयसहित राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीसँग समन्वयात्मक छलफल गरेका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुरु भएको बैठकमा सरकारका प्राथमिकता निर्धारण, सम्बन्धित निकायहरूको भूमिकागत जिम्मेवारी, चालू तथा आगामी कार्यक्रम र बजेट व्यवस्थापनका विषयमा विचार विनिमय भएको जनाइएको थियो। सम्बन्धित संस्थाहरूले कार्यान्वयनका क्रममा सामना गरिरहेका संरचनात्मक तथा प्रशासनिक चुनौतीको समीक्षा गर्दै सुधारका लागि आवश्यक नीतिगत सुझाव संकलन गर्ने उद्देश्य पनि बैठकमा समावेश गरिएको थियो।

प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पारेका थिए। प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताएका थिए। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताएका थिए।

■ प्रधानमन्त्रीको सक्रियता

- आगामी बजेटलाई जनमुखी र विकासमैत्री बनाउन प्रधानमन्त्री शाहको विशेष सक्रियता
- रास्वपाले गरेको वाचापत्रअनुसार काम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा 'सुझाव संकलन पोर्टल' सञ्चालन
- उक्त पोर्टलमा आइतबार राति नौ बजेसम्म सात हजार नौ सय २२ वटा सुझाव संकलन





■ अर्थमन्त्रीको पहल

- अर्थ मन्त्रालयमा पाँच सदस्यीय बजेट निर्माण मस्यौदा समिति बनाएर बजेट लेखन तीव्र
- दुई दिनमा मन्त्रालयगत छलफलसमेत टुंग्याएर ठुला योजना र कार्यक्रमबारे सरोकारवाला मन्त्रीसँग गहन छलफलमा
- निजी क्षेत्रसहितका सरोकारवालाबाट लिखित सुझाव संकलन जारी
- 'अति आवश्यक'बाहेकलाई अर्थ मन्त्रालयमा प्रवेश निषेध

संसद्मा प्रि-बजेट छलफल गर्न ढिलाइ

नयाँ पत्रिका

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐनअनुसार बजेटका सिद्धान्त र प्राथमिकता बजेट प्रस्तुत गर्नु १५ दिनअगावै छलफल भई पारित गरेर सरकारलाई सुझाव दिइसक्नुपर्छ। ऐनको दफा ११(१) मा भनिएको छ, 'प्रत्येक आर्थिक वर्षका लागि यस ऐनबमोजिम विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा एक महिनाअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गर्नुपर्छ।' संविधानमा उल्लेख भएको १५ जेठमा बजेट ल्याउनैपर्ने बाध्यकारी व्यवस्थाअनुसार ऐनमा भनिएअनुसार बजेटको सिद्धान्त र प्राथमिकता एक महिनाअगावै अर्थात् १५ वैशाखभित्र संसद्मा पेस गरिसक्नुपर्थ्यो। तर, अहिले संसद् अधिवेशन नै नभएकाले सरकारले पेस गरेको छैन।



यसैगरी, दफा ११(२) अनुसार 'बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण संघीय संसद्मा पेस भएपछि सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने, हटाउनपर्ने वा सोसम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा वैशाख मसान्तभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ,' भनिएको छ। सरकारले अधिवेशन नै २८ वैशाखमा बोलाएको र सोही दिन नीति तथा कार्यक्रम वाचन गर्ने तयारी भइरहेकाले बजेटको सिद्धान्त र प्राथमिकता पेस गर्ने कार्यसूची भन् पर धकेलिएको छ। संसद् सचिवालयले जारी गरेको प्रतिनिधिसभाको वैशाख महिनाको क्यालेन्डरमा २८ वैशाखमा नीति तथा कार्यक्रम टेबुल गर्ने, ३० वैशाखमा छलफल गरेर पारित गर्ने कार्यसूची छ। ३१ वैशाखमा विनियोजन विधेयकका (बजेट) सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) पेस गर्ने कार्यसूची छ। सिद्धान्त र प्राथमिकतामा ४, ५ र ६ जेठमा छलफल गरेर ६ गते नै पारित गर्ने कार्यसूची छ। ऐनमा भने १५ जेठमा बजेट आउँदा वैशाख मसान्तभित्रै सिद्धान्त र प्राथमिकता पेस भई पारित पनि भइसक्नुपर्ने उल्लेख छ।



ऊर्जा क्षेत्रमा लगानी बढाउन आवश्यक : इप्पान

नयाँ पत्रिका

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले आगामी वर्ष ०८३/८४ को बजेट तथा कार्यक्रमका लागि ५३ बुँदे सुझाव दिँदै ऊर्जा क्षेत्रमा लगानी बढाउनु आवश्यक रहेको बताएको छ। आइतबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँगको भेटमा इप्पान अध्यक्ष गणेश कार्कीले सुझाव पेस गरेका हुन्। उनले सरकारले ऊर्जा क्षेत्रको विकासका लागि लगानी गर्ने गरी नीति तथा कार्यक्रम ल्याएमा निजी क्षेत्रले सरकारले अघि सार्न लागेको १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य हासिलका लागि योगदान गर्न तयार रहेको बताए।

कार्कीले यसका लागि विद्युत् खरिद सम्झौता (पिपिए) खुलाउनुपर्ने, निजी क्षेत्रलाई विद्युत् व्यापार प्रसारणलाइनमा सहभागी गराउनुपर्ने र धितोपत्र बोर्डबाट समयमै आइपिओ जारी गर्नुपर्ने बताए। यस्तै, आयोजनालाई शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्नेजस्ता विषयमा सरकारले नीतिगत र कानुनी रूपमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी अघि बढाउनुपर्ने उनको भनाइ थियो।

भेटमा वरिष्ठ उपाध्यक्ष मोहन डाँगी, उपाध्यक्षत्रय आनन्द चौधरी, उत्तम ब्लोन लामा र भरत खत्री, महाससचिव बलराम खतिवडा, उपमहासचिव प्रकाश दुलाल, सदस्यहरू उत्तरकुमार श्रेष्ठ, मोहन डाँगीलगायतले सरकारले राखेको लक्ष्य हासिलका लागि निजी क्षेत्र तयार रहेको बताउँदै यसका लागि लगानी गर्ने वातावरण निर्माण गर्नुपर्ने बताए।

अर्थमन्त्री डा. वाग्लेले अर्थतन्त्रमा विद्युत् क्षेत्रको योगदान बढ्दै गएको र सरकारले अर्थतन्त्रलाई हाक्ने क्षेत्रका रूपमा ऊर्जालाई विकास गर्न खोजेको बताउँदै यसमा साथ दिन आग्रह गरे।

'सरकार ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकताका साथ अघि बढाउने पक्षमा छ, यसको अर्थतन्त्रमा योगदान बढ्दो छ, अर्थतन्त्र हाँक्ने क्षेत्र बनाउने गरी नीति पनि बनाउँछौं,' उनले भने, 'सरकार लगानीकर्ताको साथ चाहन्छ, लगानीकर्ताले पनि उच्च व्यावसायिक र इमानदारिताका साथ लगानी भएको क्षेत्र ऊर्जा हो भन्ने देखिने गरी अघि बढ्नुपर्छ।'

छोटी भन्सार पुनर्स्थापनाको माग राखेर स्थानीय आन्दोलित



बरियारपट्टी छोटी भन्सार खुलाउन दबाबका लागि धर्ना दिँदै स्थानीय।

लहानमा मणिलाल विश्वकर्मा

राजस्व संकलनलाई व्यवस्थित बनाई प्रशासनिक खर्च घटाउने उद्देश्यले मुलुकभरका विभिन्न १८ वटा छोटी भन्सार खारेज गर्ने सरकारको निर्णयले सिराहाको बरियारपट्टी गाउँपालिका- ३ स्थित छोटी भन्सार कार्यालयसमेत बन्द भएपछि स्थानीयले पुनर्स्थापनाको माग राखेर आन्दोलन थालेका छन्।

करिब पाँच दशकदेखि सञ्चालन हुँदै आएको उक्त छोटी भन्सार प्रशासनिक खर्च घटाउने नाममा बन्द गरिँदा सो क्षेत्रको बजार नै बन्द भएर स्थानीयले रोजगारी गुमाएको र आर्थिक गतिविधिसमेत ठप्प भएको छ। छोटी भन्सार खुलाउन धर्ना दिँदै आएका स्थानीयले प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई पाँचबुँदे ज्ञापनपत्रसहित कार्यालय पुनर्स्थापनाको माग गरेका हुन्। 'छोटी भन्सार बन्द गर्ने निर्णयले स्थानीय व्यापार-व्यवसाय, राजस्व संकलन तथा सीमा क्षेत्रको आर्थिक गतिविधिमा नकारात्मक असर परेको छ,' ज्ञापनपत्रमा भनिएको छ।

छोटी भन्सार सञ्चालनले दैनिक उपभोग्य वस्तुहरूको आयात-निर्यात सहज हुनुका साथै स्थानीय नागरिकलाई रोजगारी, व्यवसाय प्रवर्द्धन तथा सरकारी राजस्व वृद्धि हुन सहयोग पुगेको ज्ञापनपत्रमा उल्लेख छ। तर, कार्यालय बन्द हुँदा अवैध कारोबार बढ्ने, राजस्व चुहावट हुने तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था सिर्जना भएकाले पुनर्स्थापनाका लागि आग्रह गर्नुपरेको ज्ञापनपत्रमा जनाइएको छ।

ज्ञापनपत्रमा स्थानीय व्यापार तथा आर्थिक गतिविधि वृद्धि गर्न, राजस्व संकलन प्रभावकारी बनाउन, अवैध आयात-निर्यात नियन्त्रण गर्न, स्थानीय नागरिकलाई रोजगारी र सेवा-सुविधा उपलब्ध गराउन, सीमा क्षेत्रको सुरक्षा तथा व्यवस्थापनलाई सुदृढ बनाउनका लागि छोटी भन्सार पुनर्स्थापनाको माग गरिएको छ।

■ भन्सार खुलाउन संघीय सांसदको समेत माग



सिराहा २ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिव यादवले पनि बरियारपट्टी छोटी भन्सार खुलाउन अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई ध्यानाकर्षण गराइसकेका छन्। अर्थमन्त्री वाग्लेले आगामी बजेटमार्फत बन्द गरिएका छोटी भन्सारका बारेमा सम्बोधन गर्ने आश्वासन दिएको उनले बताए। 'बरियारपट्टीको छोटी भन्सारकै कारण त्यहाँ ठुलो बजार विस्तार भइसकेको छ। भन्सार कार्यालय बन्द हुँदा तत्कालै बजार ठप्प भएर ठुलो संख्यामा रोजगारी गुमेको छ भने त्यस क्षेत्रको आर्थिक चलायमान शून्य भएको छ,' उनले भने, 'जिल्लाको बीचभागमा समेत रहेकाले उक्त छोटी भन्सार सञ्चालन नगर्दा राजस्व चुहावट भई सरकारलाई नै नोक्सानी हुन्छ। त्यसैले, तत्कालै उक्त नाका सञ्चालनको निर्णय हुनुपर्छ भनेर मैले अर्थमन्त्रीलाई ध्यानाकर्षण गराइसकेको छु।'

उनले आइतबार दिउँसो रास्वपा सभापति रवि लामिछानेलाई समेत भेटेर स्थानीयले भोग्नुपरेको समस्याबारे अवगत गराएको जानकारी दिए।

■ आगामी बजेटमा उद्योग परिसंघको सुझाव

आयकरको न्यूनतम सीमा १० लाख पुऱ्याऊ

बजेटले अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आउनुपर्छ



● **वीरेन्द्रराज पाण्डे**, अध्यक्ष, उद्योग परिसंघ

आय-आर्जन र सम्पत्ति सिर्जनालाई सहयोग गर्ने गरी बजेट ल्याउनुपर्छ। आगामी बजेटका लागि प्रस्तुत सुझावको सम्बोधन एवं कार्यान्वयनबाट अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आई मुलुकको समृद्धिको यात्रामा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास छ।

नयाँ पत्रिका

नेपाल उद्योग परिसंघले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटका लागि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई बुझाएको सुझावमा व्यक्तिगत आयकरको न्यूनतम सीमा १० लाख रुपैयाँ पुऱ्याउनुपर्ने उल्लेख गरेको छ।

परिसंघले निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा लिई उद्योग तथा लगानी वृद्धि गराउने नीति लिन आग्रह गरेको छ। परिसंघको तर्फबाट सुझाव प्रस्तुत गर्दै अध्यक्ष वीरेन्द्रराज पाण्डेले आय-आर्जन र सम्पत्ति सिर्जनालाई सहयोग गर्ने गरी बजेट ल्याउनुपर्ने बताए। आगामी बजेटका लागि प्रस्तुत सुझावको सम्बोधन एवं कार्यान्वयनबाट अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आई मुलुकको समृद्धिको यात्रामा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको उनले बताए।

परिसंघले उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडीबुटी तथा वनपैदावार, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैंकिङ तथा वित्त, बिमा, सहकारी तथा पुँजी बजार, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैरकर, राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्षेत्रगत रूपमा बजेट सुझाव दिएको छ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तुकेन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखी बजेट ल्याउन परिसंघले आग्रह गरेको छ। कच्चा पदार्थ र तयारी वस्तुमा कम्तीमा दुई तहको भन्सार दर फरक गर्न, औद्योगिक कच्चा पदार्थमा लाग्ने भन्सारलगायतका फिर्ता गर्नुपर्ने अन्य रकम फिर्ता वा समायोजन प्रणाली लागू गर्न, कम्तीमा ४० प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योगलाई बाँकी कच्चा पदार्थको आयातमा कर छुटमार्फत स्वदेशी उत्पादन प्रोत्साहन गर्न परिसंघले सुझाएको छ।

ठुला पूर्वाधारका परियोजनामा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न र उद्योगलाई बिक्री गर्न पाउने नीति लागू गर्न, उद्योग-व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गर्न परिसंघले सुझाएको छ।

परिसंघको सुझाव ग्रहण लिँदै अर्थमन्त्री वाग्लेले विकासका लागि निजी क्षेत्रको पुँजी आवश्यक रहेको बताए। उनले कानुन र कर प्रणालीमा सुधार आवश्यक रहेको बताउँदै सम्पत्ति आर्जन गर्ने विषयलाई हेरिनुपर्ने बताएका थिए। निजी क्षेत्रको लगानीविना विकास सम्भव छैन भन्ने विषयमा सरकार प्रस्ट रहेको बताउँदै उनले पूर्वाधारमा निजी क्षेत्रको लगानी ल्याउने गरी बजेटमा व्यवस्था गर्ने आश्वासन दिए।



स्वदेशमा रोजगारी सिर्जनादेखि विदेशमा लगानी खुलासम्मका माग

- रोजगारी, उत्पादन र आयात प्रतिस्थापन केन्द्रमा राख्नुपर्ने
- कच्चा र तयारी वस्तुमा कम्तीमा दुई तहको भन्सार दर
- कम्तीमा ४० प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योगलाई बाँकी कच्चा पदार्थको आयातमा कर छुट
- जोखिममा आधारित अडिट प्रणाली
- कर विवाद समाधान र डिजिटल कर प्रशासन
- आयातित वस्तुमा न्यूनतम गुणस्तर मापदण्ड लागू
- सार्वजनिक खरिदमा स्वदेशी वस्तुलाई प्राथमिकता
- उत्पादन, रोजगारी र निर्यातमा आधारित अनुदान प्रणाली
- दोहोरो आयकरको व्यवस्था खारेज
- आर्थिक कसुरमा देवानी दायित्व सिर्जना हुने व्यवस्था लागू
- उत्पादनमूलक उद्योगलाई स्थानीय तहमा पनि कर छुट
- विदेशमा लगानी गर्न खुला
- कर कानुनहरू सरल, स्पष्ट र लगानीमैत्री बनाउनुपर्ने

देउवादम्पती...

पृष्ठ १ बाट क्रमशः

दाबी गरे पनि विभागले विस्तृत अनुसन्धान गरी सत्यतथ्य जाँच गरेको थियो । विभागले देउवाको घरमा भेटिएको पैसा र त्यससम्बन्धी सार्वजनिक भिडियो 'फेक' नभएको निष्कर्ष निकालिसकेको छ ।

अनुसन्धानपछि विभागले काठमाडौं जिल्ला अदालतसँग उनीहरूविरुद्ध पक्राउ अनुमति माग गरेको थियो । अदालतले त्यही वेला उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । हडकडमा रहेको सूचना आएपछि विभागले रेड नोटिस जारी गर्नका लागि प्रक्रिया मिलाउन नेपाल प्रहरीलाई पत्राचार गरेको थियो । सोही पत्राचारका आधारमा प्रहरीले देउवा दम्पतीविरुद्ध रेड नोटिस जारी गर्न अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन(इन्टरपोल)लाई पत्र लेखेको थियो । तर, कागजात नपुगेको भन्दै इन्टरपोलले नोटिस जारी गर्न अस्वीकार गरेको थियो । माग भएबमोजिमको कागजात मिलाएर प्रहरीले दोस्रोपटक रेड नोटिस जारी गर्न इन्टरपोललाई पत्राचार गरेको छ । नेपाल प्रहरीका उच्च अधिकारीले देउवा दम्पतीविरुद्ध रेड नोटिस जारी गर्न इन्टरपोललाई पुनः पत्राचार भएको स्वीकार गरे ।

उनले भने, 'उहाँहरूविरुद्ध रेड नोटिस जारी गर्न इन्टरपोललाई पुनः पत्राचार गरिएको छ । यसअघि भने उहाँहरूले नोटिस जारी गर्न मान्नुभएन । कागजात नपुगेको उहाँहरूको भनाइ थियो । अहिले आवश्यक सम्पूर्ण कागजात पूरा गरेर पत्राचार गरेका छौं । अब भने रेड नोटिस जारी हुन्छ होला ।'

विभाग स्रोतका अनुसार देउवाको नाममा भौतिक सम्पत्ति देखिँदैन । तर, उनकी पत्नी राणा र छोरा जयवीरसिंह देउवाको नाममा भने मुलुकभर ११५ रोपनी आठ आना जग्गा रहेको देखिन्छ । जसमध्ये आरजुको नाममा ३९ रोपनी १५ आना र जयवीरको नाममा ७५ रोपनी नौ आना जग्गा छ ।

विभागका अनुसार राणाको नाममा डडेलधुराको खलंगा, कैलालीको धनगढी, मकवानपुरको हेटौंडा र बर्दियाको ढोडरीमा जग्गा छ । त्यस्तै, जयवीरको नाममा काठमाडौंको बुढानीलकण्ठ, कास्कीको ढिकुरपोखरी, कञ्चनपुरको कृष्णपुर र बर्दियाको ढोडरीमा जग्गा छ । जयवीरको नाममा रहेको अधिकांश सम्पत्ति ०७४ देखि ०७८ मा नामसारी भएको देखिन्छ । तर, उनको आम्दानीको स्रोत भने देखिँदैन ।

विभाग स्रोतका अनुसार राणा र जयवीरको नाममा रहेको केही सम्पत्ति पुर्ख्यौली स्रोतबाट नामसारी हुँदै आएको देखिन्छ । बाँकी जग्गाको भने बलियो स्रोत देखिँदैन । सोही आधारमा उनीहरूविरुद्ध अनुसन्धान भएको र पक्राउ पुर्जी जारी भएको स्रोतको दाबी छ ।

विभागका अनुसार देउवादम्पती र छोरा जयवीरको बैंक खाता तथा उनीहरूको कारोबारका सम्बन्धमा पनि अनुसन्धान भइरहेको छ । तर, देउवाको बैंक खातामा ठुलो कारोबार खासै भएको देखिँदैन । तर, पत्नी राणा र छोरा जयवीरको खातामा भने अस्वाभाविक कारोबार भएको देखिएको छ । उनीहरूका नाममा रहेका सबै खाता र कारोबारको सूक्ष्म अनुसन्धान गरेको विभाग स्रोतले जनायो ।

'शेरबहादुर देउवाको बैंक खातामा खासै कारोबार भएको देखिँदैन । तर, आरजु र जयवीरको खातामा भने ठुलो कारोबार भएको देखिन्छ । त्यसमध्ये कतिपय कारोबार अस्वाभाविक देखिन्छ । सोही आधारमा देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भएको हो,' स्रोतले भन्यो, 'आवश्यक परेको अवस्थामा जयवीरविरुद्ध पनि पक्राउ पुर्जी जारी हुन सक्छ ।'

रेड नोटिस नेपाल प्रहरीले मात्रै जारी गर्न सक्छ । जसका लागि उसले आवश्यक कानुनी प्रक्रिया पूरा गरी इन्टरपोललाई अनुरोध गर्न सक्छ । वारेन्ट जारी भएका फरार अभियुक्तको खोजी गर्न रेड नोटिस जारी हुन सक्छ । त्यस्तै, पक्राउ पुर्जी जारी नभएका, तर विवरण आवश्यक परेको खण्डमा प्रहरीले इन्टरपोलमार्फत सम्बन्धित व्यक्तिविरुद्ध डिफ्युजन नोटिस जारी गर्न सक्छ । वारेन्ट जारी भएको हुँदा देउवादम्पतीको हकमा प्रहरीले नोटिस जारी गर्न सक्छ ।

देउवा गत १३ फागुनमै उपचारका लागि सिंगापुर उडेका थिए । आरजु त्यसको एक साताअघि नै भारत गएकामा उतैबाट सिंगापुर गएकी थियन। सिंगापुरबाट ७ चैतमा देउवा दम्पती हङकङ पुगेका थिए । विभागले पक्राउ पुर्जी जारी गरेपछि देउवाले सोही दिन सामाजिक सञ्जाल फेसबुकमार्फत विज्ञप्ति सार्वजनिक गर्दै आफ्नो र परिवारका सदस्यको सम्पत्तिलाई लिएर भ्रामक प्रचार भइरहेको दाबी गरेका थिए ।

'म र मेरो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र भ्रुटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु । नेपालको कानुनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराउन चाहन्छु ।'

देउवाले आफू खुला किताब रहेको र भ्रष्टाचारमुक्त समाज निर्माण गर्न आफू गृहमन्त्री भएकै वेला अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन बनेको बताएका थिए । त्योसँगै भ्रष्टाचार निवारण ऐन, २०५९ समेत आफ्नै प्रधानमन्त्रीकालमा कार्यन्वयन भएको उनको भनाइ थियो ।

विज्ञप्तिमा उनले लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायापालिका, पारदर्शितासँगै राज्यका अंगहरू स्वतन्त्र र सक्षम हुनुपर्छ भन्ने मान्यताका लागि आफूले सिंगो जीवन संघर्षमै व्यतीत गरेकोसमेत बताएका थिए । त्यसयता भने उनी कतै पनि सार्वजनिक भएका छैनन् ।

देउवादम्पती आफूनिकट नेतासँग समेत सम्पर्कमा छैनन् । कांग्रेसका तत्कालीन प्रचार विभाग प्रमुख मीन विश्वकर्माले देउवादम्पती सम्पर्कमा नभएको बताए । 'उहाँहरू उपचारका लागि विदेश जानुभएको हो । उहाँहरू अहिले मेरो सम्पर्कमा हुनुहुन्न,' उनले भने ।

निवास भत्काउन रोक

काठमाडौंको बुढानीलकण्ठस्थित चपलीमा जयवीरको नाममा ९६६ वर्गमिटर जग्गा छ । कित्ता नम्बर ४४ मा रहेको सोही जग्गामा शेरबहादुरले आफ्ना लागि निवास बनाएका थिए । गत २४ भदौमा भएको जेन-जी आन्दोलनमा देउवादम्पती सोही निवासमा थिए । जबर्जस्ती घरभित्र प्रवेश गरेका प्रदर्शनकारीले घर तोडफोड मात्रै गरेनन्, आगो लगाएर खरानी बनाए । घरमा रहेका देउवादम्पतीलाई कुटपिट गरे । सेनाले हेलिकोप्टरबाट उद्धार गरेर उनीहरूको ज्यान जोगाएको थियो । आगजनीका लागि घरको चोटाकोठा चहार्ने क्रममा युवाहरूले ठुलो परिमाणमा लुकाइराखेको रकम फेला पारे । आक्रोशित युवाले उक्त रकममा पनि आगो लगाएर खरानी परे ।

खण्डहर बनेको उक्त घर देउवादम्पती विदेश रहेकै वेला भत्काउन सुरु गरियो । तर, अहिले रोकिएको छ । आवश्यक प्रमाण नष्ट हुने देखिएपछि विभागकै निर्देशनमा भवनका भग्नावशेष भत्काउन बन्द गरिएको हो ।

देउवा शक्तिमा हुँदा आरजुको सधैं रजगज

भुटानी शरणार्थी प्रकरणदेखि प्रहरीको सरुवा-बढुवा र ठुला ठेक्कासम्ममा विवादित

- मुलुकमा प्रजातन्त्र पुनर्स्थापनापछि शेरबहादुर देउवा सातपटक सांसद, एकपटक गृहमन्त्री र पाँचपटक प्रधानमन्त्री भए । आर्थिक चलखेलका कारण उनको सबै कार्यकाल विवादरहित बन्न सकेन । कारण थियो, उनकी पत्नी आरजु राणा । विशेष गरी राजनीतिक नियुक्ति र ठेक्का सम्झौतामा आरजुले देउवालाई प्रभावमा पार्ने गर्थिन् । हुँदा-हुँदा प्रहरीको सरुवा र बढुवामा समेत आरजुको हस्तक्षेप चल्थ्यो ।
- १८ वैशाखमा ०७९ मा चौथो वरीयतामा रहेका तत्कालीन एआइजी धीरजप्रताप सिंहलाई आइजिपीमा नियुक्ति गरियो । डिआइजी रहेका सिंहलाई आरजुकै जोडबलमा एआइजी बनाइएको थियो । पछि उनैलाई आइजिपी नियुक्त गरियो । जबकि उनीभन्दा एआइजी विश्वराज पोखरेल डेढ वर्ष सिनियर थिए । त्यसअघि चौथो वरीयतामै रहेका हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आयुक्तका रूपमा रहेका जयबहादुर चन्दलाई पनि जबर्जस्ती आइजिपी नियुक्त गरिएको थियो । तर, फुली लगाउन नपाउँदै अदालतले हस्तक्षेप गर्‍यो र उनको ठाउँमा दोस्रो वरीयताका अर्का डिआइजी प्रकाश अर्याललाई आइजिपी बनाइयो । यसमा पनि आरजुकै भूमिका थियो ।
- तत्कालीन गृहमन्त्री बालकृष्ण खाणको पालामा नेपाली युवालाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने सपना बाँडियो । त्यसबापत करोडौं रुपैयाँ उठाइयो । घटना सार्वजनिक भएपछि प्रहरीले अनुसन्धान गर्‍यो । दुईपटक गरिएको अनुसन्धानमा ३५ जनाविरुद्ध ३० करोड १९ लाख ६६ हजार ६०० रुपैयाँ बिगोसहित अदालतमा मुद्दा दर्ता भयो । घटनामा खाणसहित पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, सांसद आङटावा शेर्पालगायत उच्चपदस्थ पक्राउ परे । सोही घटनामा आरजु पनि संलग्न रहेको अडियो सार्वजनिक भयो । आरजुविरुद्ध प्रहरीमा जाहेरी पनि पर्‍यो । तर, अनुसन्धान प्रक्रिया अघि बढेन ।
- सुरक्षण मुद्रण केन्द्रदेखि पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलिङ प्रणालीमा अनियमितता भएको भन्दै अख्तियारमा उजुरी पर्‍यो । घटनामा नेपाल टेलिकमका पूर्वप्रबन्ध निर्देशक सुनील पौडेल र सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेललगायत संलग्न रहेको खुल्यो । त्यसवेला सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव थिए, डा. बैकुण्ठ अर्याल । पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलिङ प्रणाली ठेक्का सम्झौताका क्रममा सुनील र विकललाई ठेकेदार कम्पनीसँग उनैले सहजीकरण गरिदिएका थिए । जसका पछि थिइन् आरजु आरजु । आरजुकै दबाबपछि डा. अर्याललाई मुख्यसचिव नियुक्त गरिएको थियो ।
- कैलालीको टीकापुर बजार क्षेत्र वरिपरिको सरकारी जग्गा टीकापुर विकास समितिको नाममा ल्याइयो । पछि सोही जग्गा राजनीतिक दलका नेता तथा कार्यकर्तालाई बाँडियो । यसका लागि नक्कली कागजात निर्माण गरिएका थिए । यसरी जग्गा लिनेमा आरजु पनि थिइन् । प्राप्त कागजातअनुसार उनले जग्गा प्राप्तिका लागि १३ वैशाख ०५४ मा निवेदन दिइएकी थिइन् । सोही निवेदनका आधारमा उनलाई १५ वैशाख ०५४ मा विकास समितिबाट ३ कट्ठा ७ धुर घडेरी दिइएको थियो ।

■ सरकारी ठेक्का ह्याकिङ

पूर्वमन्त्री पाण्डेसहित २२ जनाविरुद्ध मुद्दा दायर

काठमाडौं / सार्वजनिक खरिद अनुगमन कार्यालयको सर्भरमा ह्याकिङ गरी सरकारी ठेक्का हत्याउनेमा संलग्न २२ जनाविरुद्ध मुद्दा दायर भएको छ । जिल्ला सरकारी वकिल कार्यालयले शुक्रबार जिल्ला अदालत काठमाडौंमा तीनवटा कसुरमा मुद्दा दायर गरेको छ ।



पूर्वमन्त्रीसमेत रहेका राप्रपाका नेता तथा कालिका कन्स्ट्रक्सनका मालिक विक्रम पाण्डेसहित २२ जनाविरुद्ध मुद्दा दायर गरिएको हो । उनीविरुद्ध विद्युतीय अपराध, संगठित अपराध र अभौतिक मुद्राको कारोबारसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ ।

पूर्वमन्त्री पाण्डेसहित आशिष निर्माण सेवाका ऋषिकेश गौली, कल्पवृक्ष बिल्डर्सका प्रकाश ढुंगाना, आइकोन प्रालिका स्वदेश पोखरेल, चपुर निर्माण सेवाका अमृत बोहरा, भिसान कन्स्ट्रक्सनका टंककुमार श्रेष्ठ, सिभांस निर्माण सेवाका अनिल श्रेष्ठ, गीताञ्जली कन्स्ट्रक्सनका जीवनकुमार दास, कटुवाल कन्स्ट्रक्सनका सागर कटवाल, थुम्का निर्माण सेवाका सञ्जय भट्ट, इन्जिनियर भाष्करराज अर्याल, भरत धामी र सहरी विकास मन्त्रालयका कम्प्युटर अपरेटर दिवाकर देउजालाई पक्राउ गरेर मुद्दा दायर भएको हो ।

त्यस्तै, केबिके कन्स्ट्रक्सनका राहुलजंग कार्की, रमिता इन्फ्रास्ट्रक्चरका इन्द्रबहादुर बोहरा, एमके कन्स्ट्रक्सनका शान्तकुमार श्रेष्ठ, नन्दी कन्स्ट्रक्सनका कृष्णकुमार खत्री, आशिष निर्माण सेवाका कर्मचारी ज्योति सुवेदी, चपुर निर्माण सेवाका सरोज दाहाल तथा राइजिङ पिक कन्स्ट्रक्सनका सञ्चालक सुजन अधिकारीलाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ ।

पूर्वमन्त्री पाण्डेले पूर्व-पश्चिम राजमार्गको बकैया नदीमा पुल निर्माणसम्बन्धी ठेक्कामा ह्याक गरेर आर्थिक प्रस्ताव संशोधन गरेका थिए । सुरुमा ६७ करोड ५१ लाख रुपैयाँ रहेकोमा पछि ६० करोड ५४ लाख हालेर ठेक्का हत्याएका थिए । उनले बयानमा आफूलाई केही जानकारी नभएको दाबी गरेका छन् । पाण्डेविरुद्ध संगठित अपराध र क्रिप्टो कारोबारको अभियोग नलगाई सरकारी वकिलले विद्युतीय कारोबार ऐनको मात्र लगाएको छ ।

हिमालयन बहुउद्देश्यीय सहकारी संस्था लि.
सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुने सूचना

यस संस्थाको सोह्रौंवार्षिक साधारण सभा संचालक समितिको ०८३/०१/१० को निर्णयानुसार तपशिलमा उल्लेखित् मिति, समय र स्थानमा सम्पन्न गर्ने कार्यक्रम भएकोले सम्पूण शेयर सदश्यहरूको उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

कार्यक्रम :
स्थान : संस्थाको सभाहल, मैतीदेवी काठमाडौं
मिति : २०८३ जेष्ठ ३० गते शनिबार ।
कार्यक्रम संचालन : ११ बजेदेखि सुरु हुनेछ ।

अध्यक्ष

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गरिरहेको ऋणकर्जाको सुरक्षण स्वरुप जमानतको लिखत लेखिदिने तपसिलका जमानीकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने, गराउने तथा कालोसूचीमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना !!!

(प्रकाशित मितिः २०८३/०१/२८)

यस बैंकबाट ऋणकर्जा उपभोग गरिरहनु भएका तपसिल बमोजिमका ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत प्रवाहित ऋणकर्जा उपभोग गर्दाका बखत उक्त कर्जाको सुरक्षण बापत तपाई तपसिलमा उल्लिखित जमानीकर्ताहरुले व्यक्तिगत जमानीको लिखत लेखिदिनु भएको सम्बन्धमा तपाईहरु पूर्व जानकार नै हुनुहुन्छ । उल्लेखित ऋणीहरुले यस बैंकबाट ऋणकर्जा उपभोग गर्दाका बखत बैंकलाई लेखिदिएको लिखत, तमसुक र ऋण स्वीकृति पत्रमा उल्लेखित शर्त बमोजिम बैंकलाई समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज समेतको सम्पूर्ण लेना रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लंघन गरेपश्चात बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक-पटक तर ताकेता गरी ऋणकर्जा चुक्ता भुक्तान गर्न अनुरोध गर्दा सो प्रति बेवास्ता, आलटाल, अटेर, किचलो तथा धिङ्न्याई गरी चासो नदेखाई ऋणको दायित्व फर्स्योट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋणकर्जा चुक्ता भुक्तान गर्न अनुरोध गर्दै ऋणीहरुको नाममा यसअघि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी कर्जा भुक्तानी गर्न/गराउनका लागि पर्याप्त समय तथा मौका प्रदान गर्दा तथा ऋणीले बैंकबाट उपभोग गरेको ऋणकर्जाको धितो सुरक्षण बापत बैंकको नाममा लेखि लेखाईएको धितो सुरक्षणको लिलाम बिक्री गरी सो बाट प्राप्त रकमले समेत बैंकको सम्पुर्ण ऋणकर्जा असुल उपर नभई बक्यौता रहेको तथा सो बक्यौता ऋणकर्जा ऋणीले हालसम्म चुक्ता भुक्तान नगरेको व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

ऋणीले बैंकको ऋणकर्जा चुक्ता भुक्तान नगरेको अवस्थामा/नगरेमा सो कर्जा वापतको सम्पूर्ण रकम कलमहरु अर्थात सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर तिर्ने बुझाउने जिम्मेवारी, जवाफदेहिता तथा दायित्व जमानत दिने व्यक्तिको हुने तथा ऋणकर्जा चुक्ता भुक्तानी हुन नसकेको अवस्थामा कर्जाको बक्यौता रकम जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिने हुँदा तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकलाई तिर्न बुझाउन बाँकी कर्जाको साँवा तथा सो मा लाग्ने ब्याज लगायत अन्य दै दस्तुर चुक्ता भुक्तानी नगरेको तथा ऋणकर्जाको धितो सुरक्षण बापत बैंकको नाममा लेखि लेखाईएको धितो सुरक्षणको लिलाम बिक्री गरी सो बाट प्राप्त रकमले समेत बैंकको सम्पुर्ण ऋणकर्जा असुल उपर नभएकोले तपसिलमा उल्लेखित जमानीकर्ताहरुको नाममा नेपाल राष्ट्र बैंकबाट **"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई** जारी गरिएको एकीकृत निर्देशन मा भएको व्यवस्था **"जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरुप राखेको धितो लिलाम गरी असुली गर्नुपर्नेछ । यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई ९० दिनको समय प्रदान गर्नुपर्नेछ । सो सूचना अवधिपश्चात मात्र जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपर्नेछ । लिखित सूचनाको पत्र सम्बन्धित व्यक्तिको ठेगानामा नपुगेमा सो सूचना पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ ।"** बमोजिम तपाई जमानी बसि उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरिरहेको कर्जाको बक्यौता रकम (साँवा, ब्याज, हर्जाना ब्याज, अन्य दैदस्तुर आदी) यथासिघ्र वा यो सूचना जारी भएको मितिले अधिकतम् ९० दिन भित्र चुक्ता भुक्तान गर्न/गराउनुहुन अनुरोध गर्दछौ । अन्यथा, तपाई जमानीकर्ताहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सो को संशोधित व्यवस्था बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसुचिमा समावेश गरिने व्यहोरा जानकारी गराउँदछौ । साथै तपाई जमानीकर्ताहरुले यस सूचना बमोजिम बैंकलाई तिर्नं भुक्तानी गर्नं पर्ने ऋण कर्जाको साँवा, ब्याज, चुक्ता भुक्तान नगरे नगराएमा ऋणी एवं जमानतकर्ताको घरघरानाका चल अचल, जायजेथा श्रीसम्पत्तिहरु समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित सम्बद्ध ऐन, कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै ऋण कर्जा असुलीको लागि सम्मानित ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । पछि ऋणीले उपभोग गरेको उपरोक्त बमोजिमको ऋणकर्जाको सम्बन्धमा बैंकले हामी जमानीकर्ताहरुलाई कुनै थाहा, जानकारी, सूचना दिएको छैन वा थाहा, जानकारी, सुचना पाईन भनी जिकिर, दावी गर्न पाउनुहुने छैन । सो गरे भनेमा तपाईंहरुको सम्पूर्ण माग, दावी, जिकिरहरु यसै सूचनाद्वारा अमान्य भई जानेछ ।

तपसिल

१.) ऋणी : ग्लासियर इन्टरनेशनल स्कूल एण्ड कलेज प्रा.लि., दर्ता नं. : १९७४३/०५९/०६०
दर्ता मिति : २०५९/०४/२०, दर्ता कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, ठेगाना : काठमाडौं -३१, काठमाडौं
ऋण प्रवाह गर्ने शाखा : इमाडोल

व्यक्तिगत जमानीकर्ताहरु
१. जानकी शरण यादव, (ना.प्र.नं. ८१, मिति २०५३/०४/०२ मा जि.प्र.का. सिराहबाट जारी भएको)
पिता : सूर्यनाथ यादव, बाजे : कमल यादव
२. दिवश शाक्य, (ना.प्र.नं. १६२६/१८२६३, मिति २०४९/१२/२० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)
पिता : भिम बहादुर शाक्य, बाजे : शंकर लाल शाक्य
३. दिलिप कुमार विष्ट, (ना.प्र.नं. ४९९८/११२१८/३३३९, मिति २०५२/०२/२४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), पिता : ध्रुव विष्ट, बाजे : मेयर सिंह विष्ट
४. रेगन प्रसाई, (ना.प्र.नं. २४६५२, मिति २०६३/०२/१७ मा जि.प्र.का. झापाबाट जारी भएको), पिता : राजेन्द्र प्रसाई, बाजे : जय नारायण प्रसाई
५. राजेन्द्र प्रसाद कोईराला, (ना.प्र.नं. २१०८, मिति २०४२/०३/०५ मा जि.प्र.का. मोरङबाट जारी भएको)
पिता : चिरंजीवि कोईराला, बाजे : कर्णेश्वर कोईराला
६. सिता लामा, (ना.प्र.नं. २८-०१-०६९-०४८८६ मिति २०६९/०९/०१ , मा जि.प्र.का. ललितपुरबाट जारी भएको)
पिता : बल बहादुर लामा, बाजे : पूर्ण बहादुर लामा
७. हिकमत थपलिया, (ना.प्र.नं. ९७७३७५६५, मिति २०५५/०९/१७ मा जि.प्र.का. झापाबाट जारी भएको)
पिता : देवेन्द्र थपलिया,बाजे : छवि लाल थपलिया
८. मिलन थापा, (ना.प्र.नं. २८-०१-०६६-०१२०५ मिति २०६६/०२/२८ मा जि.प्र.का. ललितपुरबाट जारी भएको)
पिता : राम चन्द्र थापा, बाजे : कृष्ण बहादुर थापा

२) ऋणीः दिलिप कुमार विष्ट, (ना.प्र.नं.४९९८/११२१८/३३३९, मिति २०५२/०२/२४ जि.प्र.का. काठमाडौंबाट जारी भएको) , पिता : ध्रुव विष्ट, बाजे : मयर विष्ट, **ऋण प्रवाह गर्ने शाखा : इमाडोल**

व्यक्तिगत जमानीकर्ताहरु
१) मन्जु शाह , (ना.प्र.नं. २६५९/१४५४, मिति २०६१/०७/२६ मा जि.प्र.का. दाङबाट जारी भएको)
पति : दिलिप कुमार विष्ट, पिता : ध्रुव बहादुर शाह, बाजे : चन्द्र बहादुर शाह

३) ऋणी : सिखा एण्ड सिजन सप्लायर्स, दर्ता नं. : १३९२४५/०७४/७५, दर्ता मिति : २०७४/०९/१८
दर्ता कार्यालय : वाणिज्य विभाग, ठेगाना : काठमाडौं - २६, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : इमाडोल**

व्यक्तिगत जमानीकर्ताहरु
१. राज कुमार श्रेष्ठ, (ना.प्र.नं. ९३०८५, मिति २०६१/०१/१७ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)
बुवा : धन बहादुर श्रेष्ठ, बाजे : जुजुमान श्रेष्ठ
२. सर्मिला श्रेष्ठ, (ना.प्र.नं. २५३०५७/७११, मिति २०६३/११/०६ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)
बुवा : कृष्ण राम श्रेष्ठ, बाजे : टंक बहादुर श्रेष्ठ

४) ऋणी : लुम्बिनी हार्डवेयर एण्ड सप्लायर्स, दर्ता नं. : ८४९८५/०६८/०६९, दर्ता मिति : २०६८/०४/१२
दर्ता कार्यालय : वाणिज्य तथा आपूर्ति मन्त्रालय, ठेगाना : काठमाडौं - २६,काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : इमाडोल**

व्यक्तिगत जमानीकर्ताहरु
१. प्रेम बहादुर लिम्बु , (ना.प्र.नं. ४१११३-२९०२, मिति २०५६/०६/०७ मा जि.प्र.का. ताप्लेजुङबाट जारी भएको)
बुवा : धन विर लिम्बु, बाजे : हर्कलाल लिम्बु
२. हेलन लिम्बु, (ना.प्र.नं. ५६४२१/३२४९, मिति २०६०/०५/२६ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)
बुवा : कृष्ण राम श्रेष्ठ, बाजे : टंक बहादुर श्रेष्ठ

श्रीमान्-श्रीमती...

पृष्ठ १ बाट क्रमशः

साधनको प्रयोगमा समेत कमी आएको छ,' यौन तथा प्रजनन स्वास्थ्यविज्ञ डा. खेम कार्कीले भने, 'हाल नेपालबाट करिब ४० लाख युवा विदेशमा छन्, त्यसमध्ये अधिकांश जोडी छुट्टिएर बसेका छन्, यसकारण पनि गर्भनिरोधक साधनको कम प्रयोग भएको देखिन्छ ।' कार्कीका अनुसार गर्भनिरोधक साधनको प्रयोगको दर जति हुनुपर्ने हो त्यो हुन सकेको छैन । यौन चाहना तथा सम्पर्क गर्न सक्षम व्यक्तिहरू छुटेर बस्दा साधनको प्रयोगमा पनि कमी आइरहेको उनको भनाइ छ । कार्कीका अनुसार साधन प्रयोग गरिरहेकामध्ये २५ प्रतिशतले चाहेजस्तो साधन पाउन नसकेको नेसनल डेमोग्राफिक सर्भेले देखाएको छ । सर्भेले नेपालमा दम्पती तथा यौनसम्पर्क गर्न योग्य व्यक्तिले चाहेजस्तो गर्भनिरोधक साधन प्रयोग गर्न नपाएकोसमेत उल्लेख गरेको छ । 'अहिले एक बच्चा मात्रै जन्माउनेको संख्या बढी छ, त्यसकारण जनसंख्या ऋणात्मक देखिन्छ,' कार्कीले भने, 'यसले गर्दा जनसंख्या पनि असन्तुलित हुँदै गएको छ ।'

स्वास्थ्य सेवा विभाग परिवार योजना शाखा प्रमुख शर्मिला दाहालले परिवार नियोजनको साधनहरूको वितरण सहज हुन नसकेको बताइन् । 'परिवार योजनाका गर्भनिरोधक साधनको प्रयोग घटेको छ, यसको कारण, बसाइँसराइ, साधनको वितरण सही नहुनु र थाहा नभएर हुन सक्छ,' उनले भनिन्, 'कुन साधनको कस्तो प्रभावकारिता छ भन्ने सही तथ्यांक हामीसँग पनि छैन, तर साधन नियमित वितरण गरिरहेका छौं । कतिपय साधनको म्याद गुज्रिएर खेर जाने अवस्थामा पनि छ, अर्कातर्फ परिवार योजना र कल्याणमा बजेट निकै कम छ ।'

दाहालले हाल नेपालमा जनसंख्या कम भएको भन्दै परिवार नियोजन साधन निरुत्साहित गर्नुपर्छ भनेर फैलाइएको विषय सत्य नभएको बताइन् । उनले बरु साधनको प्रयोगबारे जनचेतना प्रवाह गर्नुपर्ने, सुरक्षित मातृत्वमा ध्यान दिनुपर्ने र परिवार नियोजनका अस्थायी साधनको प्रयोग गर्नुपर्ने औंल्याइन् ।

नेसनल डेमोग्राफिक सर्भेले गर्भनिरोधकको साधनको प्रयोग कम हुँदै जानु मुख्यतः बसाइँसराइ भएको उल्लेख गरेको थियो । सर्भेले गर्भनिरोधकका साधनको प्रयोग निकै कम हुँदै गएको देखाएको थियो । प्रतिवेदनमा यौनसम्पर्क गर्न योग्य व्यक्तिमध्ये ४३ प्रतिशतले मात्रै गर्भनिरोधक साधनको प्रयोग गरेको देखाएको छ । स्वास्थ्य सेवा ऐनले पाँचथरी गर्भनिरोधक साधनलाई आधारभूत सेवाको रूपमा राखेको छ । सबै (आठ हजार) स्वास्थ्य संस्थाबाट कन्डम, पिल्स, डिपो, आइसिडी र इम्प्लान्ट सेवा निःशुल्क दिनुपर्छ । तर, अधिकांश स्वास्थ्य संस्थामा यी साधन सहजै पाइँदैनन् ।

गर्भनिरोधकका साधनमा वार्षिक ५४ करोड खर्च

हाल गर्भनिरोधकका साधनमा वार्षिक ५४ करोड खर्च हुने गरेको छ । त्यसमध्ये अधिकांश बजेट विभिन्न दातृ निकायले वस्तुगत अनुदानमा दिन्थे । चालू आर्थिक वर्षमा ३२ करोड अनुदान प्राप्त भएको थियो । तर, अब दातृ निकायहरूले उक्त बजेट खुम्च्याएर १५ करोड मात्रै दिने बताएपछि परिवार योजना शाखाले नेपाल सरकारले अब गर्भनिरोधक साधनमा लगानी बढाउनुपर्ने भन्दै १७ करोड रुपैयाँ प्रस्ताव गरेको छ । 'हामीकहाँ वार्षिक ५४ करोडबराबरको गर्भनिरोधकका साधन चाहिन्छ, तर बढीजसो अनुदानमै भर पर्नुपरेको छ । अहिले त अनुदान पनि कटौती भएको छ, त्यसकारण सरकारले बजेट बढाउनुपर्छ । बजेट पर्याप्त भयो भने देशैभरका स्वास्थ्य संस्थामा आधारभूत गर्भनिरोधक सामान वितरण गर्न सकिन्छ,' शाखा प्रमुख दाहालले भनिन्, 'यदि बजेट भएन भने साधन किन्न सकिँदैन, तर सरकारले विगतमा भन्दा क्रमशः बजेट बढाउँदै लगेको छ ।'

आर्थिक वर्ष ०८१/८२ मा सरकारले दुई करोड ६६ लाख २८ हजार ८६१ वटा कन्डम वितरण गरेको थियो । जुन निःशुल्क हो । सोही वर्ष बन्ध्याकरण सेवा लिनेको संख्या ११ लाख पाँच हजार ५०९ रहेको छ । त्यस्तै, पिल्सका नियमित प्रयोगकर्ता एक लाख ६४ हजार ६४० छन् भने डिपोका प्रयोगकर्ता तीन लाख १७ हजार ३३१ छन् । आयुसिडीका प्रयोगकर्ता एक लाख १५ हजार ५७८, इम्प्लान्टका प्रयोगकर्ता पाँच लाख ३६ हजार १९३ र सायना प्रेसका प्रयोगकर्ता ४० हजार ८३१ रहेका छन् ।

आव ०८१/८२ मा परिवार योजनाका सबै साधनमा ६ करोड खर्च भएको थियो । चालू आर्थिक वर्षका लागि १० करोड बजेट छुट्याइएको थियो । उक्त रकममध्ये सात करोड हाराहारी खर्च भइसकेको छ । आगामी आर्थिक वर्षका लागि १७ करोडको प्रस्ताव गरिएको दाहालले बताइन् । चालू आर्थिक ०८२/८३ को फागुनसम्म बन्ध्याकरण सेवा ११ लाख २४ हजार ५०९, पिल्स एक लाख ४१ हजार, आइयुसिडी एक लाख १६ हजार ३११, इम्प्लान्ट पाँच लाख सात हजार ४७९, सायना प्रेस ३१ हजार ४९० र कन्डम दुई करोड २६ लाख ७७१ थान प्रयोग भएको छ ।

एसइईको...

पृष्ठ १ बाट क्रमशः

'प्राविधिक रूपमा सबै तयारी भइसकेको छ । शिक्षा मन्त्रालय, सचिवज्यू र बोर्डको बैठक बसेर नतिजा प्रकाशन गर्ने हो, सम्भवतः मंगलबार नतिजा प्रकाशन हुन्छ,' बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले भने, 'यसपटक परीक्षा केन्द्रमै कापी परीक्षण गरिएका कारण नतिजा प्रकाशन पनि छिटो हुने अवस्था बनेको हो, अन्य वर्षहरूमा कापी परीक्षणमा मात्रै एक महिना लाग्थ्यो ।'

एसइई सकिएपछि ५ वैशाखमा ७७ वटै जिल्लाका उत्तरपुस्तिका र अंक सानोठिमीस्थित परीक्षा केन्द्रमा ल्याइएको थियो । त्यसपछि प्राविधिक सत्रको कार्य सुरु भएको थियो । १९ देखि २९ चैतसम्म भएको एसइईमा नियमिततर्फका चार लाख ४६ हजार ५७६ र ग्रेडवृद्धितर्फका ६३ हजार ४८५ विद्यार्थी सहभागी थिए । दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्रले परीक्षामा भाग लिएका थिए ।

विगतका वर्षहरूमा एसइईको नतिजा सार्वजनिक गर्न तीन महिना समय लाग्ने गरेको थियो । यसपपटक भने एसइई निर्देशिका नै परिमार्जन गरेर सरकारले एक महिनामै प्रकाशन गर्न लागेको हो । विगतका वर्षहरूमा नतिजा धेरै कुर्नुपर्दा विद्यार्थी पनि के पढ्ने भनेर अन्योलपूर्ण अवस्थामा पुग्ने गर्थे । यसपटक समयमै नतिजा प्रकाशन हुने भएपछि विद्यार्थीलाई एसइईपछिको बाटो तय गर्न सहज हुने अनुमान गरिएको छ ।

सरकारको...

पृष्ठ १ बाट क्रमशः

प्रतिनिधिसभाको वैशाख महिनाको क्यालेन्डरमा २८ वैशाखमा नीति तथा कार्यक्रम टेबुल गर्ने, ३० गते छलफल गरेर पारित गर्ने कार्यसूची छ ।

बजेट अधिवेशनको पहिलो बैठकमा सरकारले हालै ल्याएका आठवटै अध्यादेश पेस हुने भएका छन् । त्यस्तै, पहिलो बैठकमा राष्ट्रपति कार्यालयबाट प्राप्त बैठक आह्वानसम्बन्धी पत्र पनि पढेर सुनाइनेछ । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन प्रतिनिधिसभामा पेस गरिनेछ । त्यस्तै, बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गरिनेछ भने बाधा अड्काउ फुकाउ आदेश अनुमोदनका लागि पेस हुनेछ । सरकारले बजेट अधिवेशनमा कम्तीमा ४५ विधेयक पेस गर्ने तयारी गरेको छ । यसका अलावा अध्यादेश प्रतिस्थापन विधेयक पनि ल्याउनेछ ।

सरकारको कार्यशैलीको...

पृष्ठ १ बाट क्रमशः

तयारीबारे विपक्षीहरूसँग छलफल र सुझाव लिने अभ्यास रहे पनि सरकारले ती काम नगरेकोमा पनि विपक्षीहरू रुष्ट छन् ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारको कार्यशैलीको प्रतिवादबारे विपक्षीहरूसँग एकसरो छलफल भइसकेको र अझै छलफल जारी रहेको बताए । 'एकसरो छलफल गरिसकेका छौं, अझै छलफल गर्दै छौं, मिलेरै विरोध गर्छौं,' उनले भने । एमाले सांसद गुरु बरालले सदनको कारबाही आरम्भ हुनासाथ संयुक्त प्रतिवाद गर्ने समझदारी रहेको बताए । 'संसद्को कारबाही आरम्भ भएपछि सरकारको कार्यशैलीको संयुक्त रूपमा सशक्त प्रतिवाद गर्छौं,' उनले भने ।

नेकपाका प्रमुख सचेतक युवराज दुलालले सरकारको गलत कार्यशैलीबारे विपक्षी दलहरू निरन्तर संवाद र छलफलमा रहेको बताए । उनले अध्यादेश, सुकुमवासीको आवासमा लगाइएको डोजर, संसद् नियमावलीका विषयमा सबै विपक्षीबिच एउटै साझा धारणा बनिसकेको जानकारी दिँदै संसद्मा पनि सबै दलले विरोध गर्ने र अस्वीकृतका लागि सूचना दर्ता गर्ने बताए ।

'संसद् छलेर ल्याइएको अध्यादेश, सुकुमवासीलाई बिचल्ली पार्ने सरकारको काम र संसद् नियमावली संशोधनबारे विपक्षी सबै दलको एउटै धारणा बनिसकेको छ,' उनले भने, 'विरोधका लागि छुट्टाछुट्टै बोले पनि संयुक्त प्रतिवादका लागि साझा धारणासहित प्रस्तुत हुने गरी तयारी गरेका छौं ।'

दुलालले नीति तथा कार्यक्रम र बजेट तयारीबारे पनि अहिलेको सरकारले विपक्षीसँग कुनै सरोकार नराखेको भन्दै ती दुवै विषयको पनि प्रतिवाद हुने बताए । नेकपाले संसद् बैठकअघि सोमबार संसदीय दलको कार्यालयमा बिहान ११ बजे दलको बैठक बोलाएको छ । त्यस्तै, महँगीलगायत विषयमा पनि विपक्षीहरू साझा धारणासहित प्रस्तुत हुँदै छन् ।

श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले राज्यले सुकुमवासीमाथि गरेको दमन, अध्यादेशलगायत विषयमा सोमबारको बैठकमा पार्टीले सशक्त प्रतिकार गर्ने तयारी गरेको बताए । 'विशेष समय नदिने भनिएको रहेछ, तर सभामुखलाई भेटेर समय माग्छौं, दिइएन भने पनि ढ्यापढ्यापे समयमै राज्यले सुकुमवासीमाथि गरेको दमन, अध्यादेशलगायत विषयमा प्रतिकार गर्छौं,' राईले भने, 'यस विषयमा अरू विपक्षीसँग पनि कुरा भइरहेको छ, उहाँहरू पनि एकै ठाउँ नै आउनुहुन्छ होला, हामी विरोधको नेतृत्व गरेर अघि बढ्छौं ।' उनले विपक्षीहरू साझा धारणासहित जाने समझदारी भए पनि औपचारिक बैठक बसेर ठोस निष्कर्षसतिको औपचारिक निर्णय भने भइनसकेको जानकारी दिए । 'चरण-चरणमा अनौपचारिक संवाद र छलफल त भइरहेको छ, तर यही नै गर्ने भने औपचारिक छलफल गरेर आधिकारिक निर्णय नै चाहिँ भइसकेको छैन,' उनले भने ।

सोमबार २८ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

राष्ट्रिय महिला भलिबलको नयाँ कप्तान खोजी हुँदै

सन् २०१९ देखि कप्तानी गरेकी अरुणा शाही अस्ट्रेलिया पुगेपछि राष्ट्रिय महिला भलिबल टोलीले नयाँ कप्तानका साथ काभा च्याम्पियनसिप खेल्ने



काभा च्याम्पियनसिपको तयारी र नेपालको तयारीबारे जानकारी दिँदै नेपाल भलिबल संघ ।

रमेश सुवेदी/नयाँ पत्रिका

नियमित कप्तान अरुणा शाही अस्ट्रेलिया गएपछि नेपाली राष्ट्रिय महिला भलिबल टोली नयाँ कप्तानको खोजीमा छ । अनुभवी कप्तान अरुणाको अनुपस्थितिमा मुख्य प्रशिक्षक जगदीश भट्ट आगामी ८ जेठबाट राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सुरु हुने काभा महिला भलिबल च्याम्पियनसिपमै नयाँ कप्तान नियुक्त गर्ने तयारीमा छन् । भट्टले अनुभव र सिनियरका आधारमा कप्तान चयन हुने बताएका छन् । 'एक महिनादेखि तयारी चलिरहेको छ । अहिले नै कप्तान घोषणा गर्ने अवस्था छैन,' भट्टले नयाँ पत्रिकासँग भने, 'केही दिनमै काभा खेल्ने टोली घोषणा हुन्छ । त्यसपछि नयाँ कप्तानको घोषणा गरिनेछ ।'

सन् २०१९ बाट अरुणाले नेपाली टिमको कप्तानी गर्दै आएकी थिइन् । यसअघि नेपाली टोलीको कप्तानी विनिता बुढाथोकीले गरेकी थिइन् । अरुणाको नेतृत्वमा नेपालले २०१९ र २०२१ मा काभा च्याम्पियनसिप जितिसकेको छ । २०१९ मा १३औँ दक्षिण एसियाली खेलकुद (साग)को स्वर्ण पदक भिडन्तमा नेपाल भारतसँग ३-२ को प्रतिस्पर्धात्मक सेटमा पराजित भएको थियो ।

महिलातर्फ नेपालले तीनवटा महत्त्वपूर्ण उपाधि जित्दा भट्ट नै मुख्य प्रशिक्षक थिए । उनी अनुभवी खेलाडीलाई कप्तानको जिम्मेवारी दिने मनसायमा छन् । अहिले प्रशिक्षणमा रहेका १६ मध्ये स्पाइकरद्वय निरुता ठगुन्ना, उषा भण्डारी र लिबेरो सलिना श्रेष्ठ अनुभवी छन् । उनीहरूले विभिन्न फ्रेन्चाइज टिमबाट समेत कप्तानीको अनुभव बटुलेका छन् । दुईपटक फ्रेन्चाइज लिग जितिसकेकी युवा ब्लकर सुमित्रा रेग्मीको पनि सम्भावना छ ।

यी चारमध्ये एकले महिला राष्ट्रिय टोलीको नेतृत्वको जिम्मेवारी लिनेछन् । चारै खेलाडीको राम्रो र नराम्रो पक्ष केलाउँदै अन्तिममा कप्तान घोषणा गर्ने तयारीमा प्रशिक्षक भट्ट छन् । त्यसका लागि उनले संघसँग पनि समन्वय गरिरहेका छन् । 'सबै खेलाडी कप्तान बन्नलायक छन् । अब अन्तिम निर्णय प्रशिक्षकको हातमा छ,' संघका एक पदाधिकारी भन्छन् । त्यसअघि प्रशिक्षक भट्टलाई १६ बाट १२ खेलाडी छनोट गर्न नै चुनौती रहेको छ ।

नयाँ खेलाडीलाई मौका

पछिल्लोपटक महिला टोलीका अनुभवी खेलाडी अरुणासँगै सरस्वती चौधरी, प्रतिभा माली, साफिया पुन, कविता भट्ट, पुनम चन्दजस्ता चर्चित खेलाडी अस्ट्रेलिया पुगेका छन् । सन् २०१९ मा पनि प्रशिक्षक भट्टले विनितासहित ६ खेलाडीलाई बाहिर राख्दै युवा खेलाडीलाई अवसर दिएका थिए । त्यसवेला उनको यो निर्णयको धेरै आलोचना भएको थियो । यसपटक प्रशिक्षक भट्ट पुरानै रणनीतिअनुसार अगाडि बढेका छन् । 'मेरो रणनीति भनेकै नयाँ खेलाडीलाई मौका र उनीहरूबाटै नतिजा निकाल्ने हो,' उनले भने । यसपटक पनि अनुभवी खेलाडीमा निरुता, उषा र सलिना तथा सुमित्रासँगै कामना विष्ट, आरती सुवेदी, प्रगति नाथ र रिमा कुँवर छन् ।

उनीहरूसँग ठुला प्रतियोगिता खेलेको अनुभव छ । त्यस्तै, उमेर समूहमा खेलिसकेका मीना सुनार, सलिना बुढामगर, एलिसा मानन्धर, जोसना महतो, वसन्ती साउद, सुनिता क्षेत्रीसँगै शान्तिकला तामाङ र लक्ष्मी चन्दले अन्तिम चरणको प्रशिक्षण गरिरहेका छन् । अन्तिम छनोटमा चार खेलाडी बाहिर हुनेछन् ।

काभाको तयारी पूरा

नेपाल भलिबल संघ (एनभिए)ले ८ जेठदेखि हुने सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला भलिबल च्याम्पियनसिपको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । संघका अध्यक्ष जितेन्द्र चन्दले आइतबार प्रतियोगिताको सबै तयारी पूरा भएको जानकारी गराए । १५ जेठसम्म चल्ने प्रतियोगितामा काभाका आठ देशका राष्ट्रिय टिमको सहभागिता रहनेछ । नेपालसहित इरान, किर्गिस्तान, भारत, श्रीलंका, बंगलादेश, माल्दिभ्स, काजकिस्तानले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । नेपाल रहेको समूह 'ए'मा भारत, कीर्गिस्तान र माल्दिभ्स छन् । समूहका शीर्ष दुई टोली क्वार्टरफाइनलमा पुग्नेछन् । त्यसपछि सेमिफाइनल र फाइनलका खेल हुनेछन् ।

यसैबिच सहआयोजक एनभिएले प्रतियोगिताको ट्रफी अनावरणसमेत गरेको छ । संघका अध्यक्ष चन्दले ट्रफी घरमै राख्न खेलाडीलाई हौसला प्रदान गर्दै शुभकामना दिएका छन् । नेपालले पहिलो खेल नै भारतसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ ।

अन्तर्राष्ट्रिय भलिबल महासंघ (फिभ)को अन्तर्राष्ट्रिय वरीयतामा समेत यो प्रतियोगिताको नतिजाले प्रभाव पार्नेछ । जसकारण घरेलु मैदानमा हुने प्रतियोगितामा राम्रो नतिजा ल्याउन सके नेपालको महिला विश्व वरीयतामा सुधार हुने अध्यक्ष चन्दले बताए । प्रतियोगितामा राम्रो नतिजा निकाल्ने सके वरियतामा सुधार हुनेछ । प्रतियोगिताको बजेट दुई करोड ५० लाख रुपैयाँको रहेको छ । चन्दका अनुसार प्रतियोगिताका लागि नेपाल सरकारले एक करोड र काठमाडौं महानगरपालिकाले ३० लाख रुपैयाँ सहयोग गरिसकेका छन्

काभामा नेपालको खेल

मिति	विपक्षी
८ जेठ	भारत
९ जेठ	किर्गिस्तान
१० जेठ	माल्दिभ्स

खेल्न तयार छौं

● **जगदीश भट्ट**, प्रशिक्षक, नेपाल



विभिन्न घरेलु प्रतियोगिताको प्रदर्शनका आधारमा ३२ दिन खेलाडीलाई प्रशिक्षण गराएका छौं । क्याम्प र अघिल्ला प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा चार खेलाडीलाई टिमबाट हटाएका छौं । विगतका खेलाडी (सिनियर) चार-पाँचजना छन् । उनीहरू शारीरिक र मानसिक रूपमा तयार छन् । प्राविधिक रूपमा पनि खेलाडी बलिया छन् । विगतमा भन्दा उत्कृष्ट प्रदर्शन गर्छौं र त्यही आधारमा उपाधि घरमै राख्छौं ।

क्यानले हरेक वर्ष क्रिकेट अवार्ड आयोजना गर्ने



यस वर्षको डिसेम्बरमा वर्षका उत्कृष्ट खेलाडी, पुरुष, युवा तथा मोमेन्टम अफ द इयर अवार्ड आयोजना गर्ने क्यानको निर्णय

विराटनगरमा गणेश लम्साल

नेपाल क्रिकेट संघ (क्यान)को विराटनगरमा भएको वार्षिक साधारणसभाले हरेक वर्ष क्रिकेट अवार्ड आयोजना गर्ने निर्णय गरेको छ । वर्षभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेटमा गरेको प्रदर्शनका आधारमा क्यानले खेलाडीलाई अवार्ड प्रदान गर्ने प्रवक्ता छुम्बी लामाले बताए । उनका अनुसार अवार्ड पाँच विधाका छन् । जसमा सर्वोत्कृष्ट पुरुष र महिला खेलाडी हुनेछन् । यसैगरी पुरुष र महिलातर्फ युवा खेलाडीलाई अवार्ड दिइनेछ । यसैगरी मोमेन्टम अफ द इयर अवार्ड पनि समावेश भएको उनले बताए ।

नेपाली क्रिकेटको विकासमा लामो समयदेखि योगदान पुऱ्याएका एक व्यक्तित्वलाई क्यानले लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिनेछ । 'डिसेम्बरमा खेलाडीहरूलाई अवार्ड प्रदान गर्दै छौं । अब यो प्रत्येक वर्ष हुनेछ,' उनले भने, 'यस किसिमको अवार्डले खेलाडीको आत्मबल वृद्धि हुनेछ ।' कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आइतबार साधारणसभाको उद्घाटन गरेका थिए ।

साधारणसभाले पहिलो र दोस्रो नेपाल प्रिमियर लिगका आय-व्यय विवरण पारित गरेको छ । सर्वसम्मतिले आय-व्यय विवरण पारित भएको लामाले जानकारी दिए । क्यानको वार्षिक साधारणसभाले ०८१/८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय पनि गरेको छ । यसैगरी केन्द्रीय कार्यसमितिबाट पेस भएको २०२६ को वार्षिक कार्यक्रम, कार्ययोजना र बजेट अनुमोदन भएको छ । साधारणसभामा क्यानका सचिव पारस खड्काले क्यान र एनपिएलको हिसाब-किताबलाई लिएर नियोजित मिडियाबाजी गरिएको बताएका छन् ।

अख्तियारमा बेनामी उजुरी गर्ने र भ्रम फैलाउने प्रवृत्ति हाबी भएको टिप्पणी उनले गरेका थिए । 'हिसाब-किताब चाहने सदस्यहरूलाई कार्यालयमै आएर कागजात हेर्न आह्वान गरिएको छ । तर, संस्थाका गोप्य डकुमेन्टहरू इमेलमार्फत जथाभावी पठाउने प्रावधान छैन,' उनले भने । क्यानले सबै आवश्यक कागजात सम्बन्धित निकायमा बुझाइसकेको खड्काले जानकारी दिए । 'यसमा आत्तिनुपर्ने कुनै कारण छैन । क्यानभित्र कुनै राजनीतिक हस्तक्षेप छैन । संस्था एक ढिक्का भएर अगाडि बढिरहेको छ,' उनले भने, 'एनपिएलले नेपाली क्रिकेटमा ल्याएको व्यावसायिकतालाई सबैले कदर गर्नुपर्छ ।'

एकदिवसीय मान्यता जोगाउन केन्द्रित

क्यान पछिल्लो समयमा नेपालको एकदिवसीय मान्यता रक्षा गर्नेतर्फ केन्द्रित भइरहेको खड्काले बताए । 'अहिले दुईवटा योजनामा अग्रसर र केन्द्रित भएका छौं । पहिलो नेपालको एकदिवसीय मान्यता जोगाउँदै आइसिसीको पूर्ण सदस्य (टेस्ट राष्ट्र) बन्नेतर्फ केन्द्रित रहेको छ,' उनले भने । खड्काले तल्लो मूलपानी मैदानलाई क्यानको स्वामित्वमा ल्याउन पहल भइरहेको बताए । 'मूलपानीको तल्लो मैदानलाई क्यानकै स्वामित्वमा ल्याउने प्रयास गरिरहेका छौं । यसका लागि सम्बन्धित निकायसँग छलफल भइरहेको छ,' खड्काले भने, 'हामीलाई आशा छ- मूलपानीको मैदान क्यानकै स्वामित्वमा आउनेछ ।' विराटनगरको बैजनाथपुर मैदान विकासका लागि प्रदेश सरकारसँग समन्वय भइरहेको उनले बताए ।

क्यानको सदस्यता नवीकरणमा समस्या

क्यानले पछिल्लोपटक ०८१ असोजमा साधारणसभा आयोजना गरेको थियो । त्यसपछि साधारणसभामा ढिलाइ भएको र आर्थिक कारोबार पारदर्शी नभएको भन्दै क्यानका पदाधिकारीमाथि प्रश्न उठ्दै आइरहेको छ । क्यानले ०८२ असारसम्मका लागि मात्र सदस्यता नवीकरण गरेको छ । त्यसयता नवीकरण गरेको छैन । नवीकरणका लागि वार्षिक प्रतिवेदन, भावी योजना, लेखा परीक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेको कागजपत्रलगायत राखेपमा पेस गर्नुपर्ने हुन्छ । तर, साधारणसभा नभएका कारण क्यानले कागजपत्र पेस गर्न सकेको छैन ।

क्यानका असन्तुष्ट पक्षहरूले अख्तियारले समेत मागेका लेखा तथा भेस्तासम्बन्धी विवरण र कागजात जिम्मेवार पदाधिकारीले उपलब्ध नगराएको दाबी गरेका छन् । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले देशको परिस्थितिका कारण साधारणसभामा ढिलाइ भएको बताए । पछिल्लो अवस्थाबारे एसिसी र राखेपलाई साधारणसभाको ढिलाइबारे जानकारी गराएको उनले जनाए । सचिव खड्काले पनि प्राविधिक र व्यावहारिक कारणले संघको वार्षिक साधारणसभामा केही ढिलाइ भएको बताए ।

खेल संक्षेप

काठमाडौं महानगरपालिका टिम च्याम्पियन

काठमाडौं/ छैटौं बागमती प्रदेशस्तरीय जुनियर मेयर कप तेक्वान्दो प्रतियोगिताको उपाधि काठमाडौं महानगरपालिकाको 'ए' टोलीले जितेको छ । तीन दिनसम्म चलेको मेयर कप तेक्वान्दोमा काठमाडौंले सर्वाधिक १४ स्वर्ण र चार रजत हात पारेको आयोजकले जनाएको छ । बागमती प्रदेशअन्तर्गतका २० नगरपालिकाबाट ३२२ खेलाडीले गेरोगी, पुम्से र पारामा प्रतिस्पर्धा गरेका थिए । विजेता टोलीले एक केजी तौलको चाँदीको रनिङ सिल्ड पाएको छ । दुई स्वर्ण, चार रजत र चार कांस्य पदकसहित महालक्ष्मी नगरपालिका दोस्रो भएको छ । एक स्वर्ण, तीन रजत र ६ कांस्य जितेको चन्द्रागिरि नगरपालिका तेस्रो भएको छ । पुरुष पुम्सेमा कागेश्वरी मनोहरा नगरपालिकाका गिरिश श्रेष्ठ र महिला पुम्सेमा आयोजक काठमाडौं महानगरपालिकाका वितिशा तामाङ उत्कृष्ट खेलाडी भएका छन् । पुरुष गेरोगीमा काठमाडौंका ग्याल्जेङ तामाङ र महिलामा तारकेश्वरका कृतिका थापामगर उत्कृष्ट खेलाडी घोषित भए । काठमाडौं महानगरपालिका प्रशिक्षक अन्जित राई उत्कृष्ट प्रशिक्षक र अन्तर्राष्ट्रिय निर्णायक गौरव रजक उत्कृष्ट निर्णायक घोषित भएका छन् ।

ओलम्पियन टीकाबहादुर सम्मानित हुने

कास्की/ १०औँ पोखरा स्पोर्टस् अवार्ड, २०८२ अन्तर्गत लाइफटाइम अचिभमेन्ट अवार्ड ओलम्पियन टीकाबहादुर बोगटीलाई प्रदान गरिने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने अवार्डमा नौ विधामध्ये एक लाइफटाइम अचिभमेन्ट हो । गोरखा घर भएका ६४ वर्षीय बोगटीलाई लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानगरिन लागेको आयोजक मञ्चका अध्यक्ष एमबी आस्थाले जानकारी दिए । बोगटीले सन् १९८८ को सिओल र १९९६ को एटलान्टा ओलम्पिकसँगै १९९४ मा १२औँ एसियाली खेलकुदमा भाग लिएका थिए । उनले चौथोदेखि सातौँ सागसम्म निरन्तर सहभागिता जनाए ।

एभिएसले जित्यो क्योकुसिन कराँतेको उपाधि

काठमाडौं/ तेस्रो जुनियर राष्ट्रिय क्योकुसिन कराँते प्रतियोगिताको उपाधि एभिएमले जितेको छ । एभिएमले सर्वाधिक ११ स्वर्ण जित्यो । नौ स्वर्णसाथ ब्रिजवाटर इन्टरनेसनल स्कुल दोस्रो भयो । तेस्रो स्थानको घरसित मुटुले ६ स्वर्ण हात पाऱ्यो । पहिलोले १५ हजार, दोस्रोले १० हजार र तेस्रो स्थानको टोलीले पाँच हजार रुपैयाँ पाएका छन् । प्रतियोगिताको पुरुषमा नुवाकोटका प्रशंम कुम्बर तथा महिलामा काठमाडौंकी रिमाकुमारी चौधरी उत्कृष्ट खेलाडी घोषित भएका छन् । राखेपअन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

अभिषेकले युवा परिवारलाई हरायो

रुपन्देही/ दोस्रो राष्ट्रिय महिला फुटबल प्रतियोगितामा अभिषेक चर्च नवलपुर विजयी भएको छ । चर्चले आयोजक बिस-पचहत्तर युवा परिवारलाई ४-० ले पराजित गरेको हो । जितसँगै चर्च अन्तिम चारमा पुगेको छ । सिद्धेश्वर खेलमैदानमा आइतबार भएको खेलमा चर्चका लागि रेखा विष्ट र अनिता रानामगरले समान दुई गोल गरेका थिए । खेलको ३२औँ मिनेटमा चर्चले पहिलो गोल गरेको थियो । चर्चकी अनिता रानामगरले पहिलो गोल गरेकी हुन् । दोस्रो हाफको १०औँ मिनेटमा चर्चकी रेखा विष्टले दोस्रो गोल गरेकी थिइन् । दोस्रो हाफको १७औँ मिनेटमा चर्चका लागि अनिताले व्यक्तिगत दोस्रो गर्दै टोलीलाई ३-० को स्थितिमा राखिन् । प्रतियोगिताको विजेताले दुई लाख ५० हजार र उपविजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

च्याम्पियन इन्टरमिलानको सानदार जित

एजेन्सी/ इटालियन सिरी एमा लिग च्याम्पियन इन्टरमिलानले लाजियोलाई ३-० गोलले पराजित गरेको छ । खेलमा कप्तान लाउटारो मार्टिनेज मुख्य नायक बने । उनले एक गोल गरे भने अर्को गोलका लागि पास पनि उपलब्ध गराए । खेलको सुरुवातमै इन्टरले अग्रता लियो । छैटौं मिनेटमा मार्टिनेजले नजिकबाट भली प्रहार गर्दै गोल गरे । दोस्रो हाफमा लाजियो १० खेलाडीमा सीमित भएको थियो ।



कायस्थ विश्व गल्फ कपमा छनोट

नयाँ पत्रिका

गोकर्ण फरेस्ट रिसोर्ट गल्फ क्लबमा आइतबार टर्किस एयरलाइन्स विश्वकप गल्फ कपअन्तर्गत एमेच्योर सिरिजको काठमाडौं छनोट प्रतियोगितामा चन्दन कायस्थले उपाधि हात पारेका छन् । कायस्थले अत्यन्त प्रतिस्पर्धात्मक खेलमा उपाधि जितेका हुन् । उनीसहित काल्साङ एल शेर्पा र पवित्रकुमार कार्की समान ३७ अंकसहित बराबरी गरेका थिए । काउन्ट ब्याकमा कायस्थ र शेर्पाले २० अंक जोड्दै कार्कीलाई पछि पारे । तयसपछि अन्तिम ६ होलमा कायस्थले १४ अंक जोड्दा शेर्पाले १२ अंक मात्रै बनाउन सके ।

यसै नतिजाका आधारमा कायस्थ विजेता बनेका हुन् । जितसँगै कायस्थले आगामी नोभेम्बरमा टर्कीको अन्ताल्यास्थित ग्लोरिया गल्फ रिसोर्टमा हुने टर्किस एयरलाइन्स विश्व गल्फ कपको ग्रान्ड फाइनलमा नेपालका प्रतिनिधिका रूपमा प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गरेका छन् । वाङ्छेन धोन्डुपले ३६ ग्रस अंकसहित बेस्ट ग्रस अवार्ड



जिते । त्यसैगरी, पुरुषतर्फ फुन्दसोक दोर्जे तथा महिलातर्फ तारा कार्की चित्रकारले 'क्लोजेस्ट टु द पिन' अवार्ड हात पारे ।

टर्किस एयरलाइन्सको प्रायोजनमा भएको प्रतियोगितामा ८५ जना गल्फरको सहभागिता थियो । प्रतियोगिता १८ होलमा ह्यान्डिक्याप फर्म्याटमा खेलाइएको थियो । जसमा पुरुष तथा महिलाका लागि अधिकतम २४ ह्यान्डिक्याप सीमा निर्धारण गरिएको थियो ।

इन्डियन प्रिमियर लिग

चेन्नई अंक तालिकाको पाँचौं स्थानमा



पछिल्ला पाँचमध्ये चार खेलमा जित निकाल्दै चेन्नई सुपर किंग्सले तालिकामा १२ अंक जोडेको छ

एजेन्सी

चेन्नई सुपर किंग्स १९औँ संस्करणको इन्डियन प्रिमियर लिग (आइपिएल)को पाँचौं स्थानमा उक्लिएको छ । चेन्नईले पछिल्ला पाँचमध्ये चार खेलमा जित निकाली अंक तालिकामा सुधार गरेको हो । आइपिएलअन्तर्गत ५३औँ खेलमा चेन्नईले आइतबार लखनउ सुपर जायन्टमाथि पाँच विकेटको सानदार जित निकाल्यो । पहिलो ब्याटिङ गरेको लखनउले २० ओभरमा आठ विकेट गुमाएर २०३ रनको बलियो योगफल खडा गऱ्यो ।

प्रत्युत्तरमा चेन्नईले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा २०८ रन बनायो । चेन्नईका लागि शिभम दुबेले विजयी छक्का प्रहार गरेका थिए । दुबे र प्रशान्त बिरबिच छैटौं विकेटका लागि १९ बलमा ३९ रनको साझेदारी हुँदा जित सम्भव भएको हो । उनीहरूको नटआउट साझेदारीअघि चेन्नई १६.१ ओभरमा १६९/५ को अवस्थामा थियो । चेन्नईले ११ खेलमा ६ जित र पाँच हार निकाली १२ अंक जोडेको छ । अंकतालिकाको पुछारमा लखनउ रह्यो । लखनउले समान खेलमा तीन जित र आठ हार निकालेको छ । शीर्ष स्थानको सनराइजर्स हैदराबादले ११ खेलमा १४ अंक जोडेको छ ।

दोस्रो स्थानको गुजरात टाइटन्सले १४ अंक बटुल्न सात जित र चार हार निकालेको छ । सुरुवाती खेलमा उत्कृष्ट जित निकालेको राजस्थान रोयल्स भने पछिल्लो समय गतिलो प्रदर्शन गर्न चुकेको छ । राजस्थानले ११ खेलमा ६ जित र पाँच हारका साथ १२ अंक जोडेको छ । राजस्थान छैटो स्थानमा छ । साबिक विजेता रोयल च्यालेन्जर्स बेंग्लोर १२ अंकका साथ चौथो र पन्जाब किंग्स १३ अंकका साथ तेस्रो स्थानमा छन् ।

पटेलको आक्रामक अर्धशतकीय योगदान

चेन्नईले २०४ रनको लक्ष्य पछ्याउँदा शीर्ष चार ब्याट्समध्यानबाट आक्रामक योगदानको साथ पाएको थियो । ओपनर सन्जु सामसन र कप्तान ऋतुराजले पहिलो विकेटका लागि ३.४ ओभरमा ४५ रन जोडेका थिए । सन्जुले १४ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २८ रन जोडे । त्यसपछि ऋतुराज र उभिल पटेलले दोस्रो विकेटका लागि ८१ रनको साझेदारी गर्दै टोलीलाई ९.२ ओभरमा १२६/२ को बलियो स्थितिमा राखे । आक्रामक रूपमा अर्धशतकीय इनिङ्स खेलेका पटेलले २३ बलमा आठ छक्का र दुई चौकाको सहयोगमा ६५ रनको योगदान दिए ।

कप्तान ऋतुराजले २८ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ४२ रन बटुले । यसैगरी कार्तिक शर्माले २० बलमा २० तथा प्रशान्तले १२ बलमा १७ रनको योगदान दिए । चेन्नईलाई विजयी छक्का प्रहार गरेका दुबेले सात बलमा दुई छक्का प्रहार गरी १५ रन जोडेका थिए । बलिङमा लखनउका लागि दिभेस रथीले ४५ रन खर्चेर दुई विकेट लिए ।

लखनउको मध्यक्रम कमजोर

पहिलो ब्याटिङ गरेको लखनउको मध्यक्रम कमजोर देखिएको थियो । यद्यपि, लखनउले चेन्नईलाई बलियो लक्ष्य दिए पनि मध्यक्रमबाट गतिलो साथ नपाउँदा विशाल योगफल बनाउनबाट लखउन चुक्यो ।

ओपनर जोस इंलिसले आक्रामक रूपमा ३३ बलमा ६ छक्का र १० चौका प्रहार गरी सर्वाधिक ८५ रनको योगदान दिएका थिए । सहवाज अहमदले २५ बलमा समान तीन चौका र छक्का प्रहार गरी ४३ रन बनाए । लखनउको मध्यक्रमका निकोलास पुरनले १, कप्तान ऋषभ पन्तले १५, एडेन माक्रामले ६ र हिमन्त सिंहले १७ रन बनाएका थिए । बलिङमा जेमिए ओभर्टनले ३६ रन खर्चेर सर्वाधिक तीन विकेट लिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com